
मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ८१ चैत २०७३

राष्ट्र निर्वाचनतर्फ अगाडि बढिसकेको छ, पछाडि फर्कने कुरै छैन

– डा. अयोधीप्रसाद यादव



मूल्य : रु. २०।-

## स्थानीय तहको निर्वाचन र यसको आवश्यकता

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

**पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू**

- o बालअधिकार
- o महिला अधिकार
- o कानुन, अधिकार र राजनीति
- o द्वन्द्व र शान्ति अध्ययन
- o समाजशास्त्र
- o सञ्चार
- o अर्थशास्त्र
- o पत्रपत्रिकाहरू
- o प्रतिवेदनहरू
- o फोटोहरू
- o भिडियो क्लिप्सहरू



**सुविधाहरू**

o फोटोकपी o इन्टरनेट o कम्प्युटर

मानवअधिकारसम्बन्धी
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय
समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

इन्सेक insec

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष २०  पूर्णाङ्क ९१  चैत २०७३




**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**सम्पादक**
मदन पौडेल

**व्यवस्थापन**
शैलेश शर्मा

**मुद्रक**
भेराइटी अफसेट प्रेस
काठमाडौँ

- स्थानीय तहको निर्वाचन र यसको आवश्यकता/ प्रा. डा. रामकुमार दाहाल ७
- नेपालको कानुनमा नागरिकता/ सम्झना श्रेष्ठ ११
- न्यायको कसीमा प्रस्तावित यातनासम्बन्धी विधेयक/ अधिवक्ता वसन्त गौतम १४
- घरेलु हिंसासम्बन्धी संशोधित र थप कानुनी व्यवस्था/ विन्दु महत २०
- स्थानीय तहको निर्वाचन र मानव अधिकार/ सूर्य देउजा २३
- जनमत २५
- बालविवाहका कारण विद्यालय जाने धोको अधुरै !/ नरीदत्त बडु ३१
- कारखाना बन्दै कारागार, कैद भोग्दै सीप सिक्दै/ टोपलाल अर्याल ३२
- पुस्तक समीक्षा/ गीता माली ३३
- लघुकथा/ श्याम कार्की ३४
- अन्तर्वार्ता/ डा. अयोधीप्रसाद यादव ३५

**नियमित स्तम्भ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

चुनाव रोक्ने तारतम्य मिलाइराखिएको छ, सत्तारुढ मोर्चालाई देखाएर यी काम हुन थालेका छन्।

**केपी ओली**
अध्यक्ष नेकपा एमाले
राजधानी दैनिक २६ फागुन २०७३





३१ वैशाखमा स्थानीय निर्वाचन भएरै छाड्छ, मधेसवादी दलले भन्दैमा निर्वाचन स्थगित हुँदैन।

**रामचन्द्र पौडेल**
वरिष्ठ नेता नेपाली काङ्ग्रेस
नयाँ पत्रिका दैनिक २६ फागुन २०७३

नेपालको ऐतिकासिक राजनीतिक प्रक्रियामा आफ्नो स्पष्ट भूमिका हुनुपर्छ भन्ने कुरालाई भारत पुनस्थापित गर्न चाहान्छ।

**नारायणकाजी श्रेष्ठ**
वरिष्ठ नेता एमाओवादी केन्द्र
कातिपुर दैनिक २९ फागुन २०७३





हाम्रो मुख्य प्राथमिकता अहिलेलाई संविधान संशोधन हो। त्यसका लागि जे पनि गर्न तयार छौं।

**विमलेन्द्र निधि**
उपप्रधान तथा गृहमन्त्री
नयाँ पत्रिका दैनिक
२०७३ फागुन ३० गते

## कार्टून



**साभार** : http://www.barhakhari.com
राजेश के.सी.

**प्रिय पाठक !**

तपाईंलाई प्राचीको यो अङ्क
कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने
तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# स्थानीय तहको चुनाव जनताको अधिकार

नेपाल सरकारले २०७४ वैशाख ३१ स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरेसँगै मुलुकमा राजनीतिक गतिविधिमा तीब्रता आएको छ। यसैसन्दर्भमा निर्वाचन आयोगले २०७३ फागुन १८ देखि लागु हुने गरी निर्वाचन आचारसंहिता जारी गरिसकेको छ। जसको उल्लङ्घन गर्नेलाई १ रुपियाँदेखि लाखसम्म जरिवाना हुनेछ। स्थानीय तहका विभिन्न निकायमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने मितिका रूपमा २०७४ वैशाख १६ गतेलाई तोकिएको छ। २०५४ सालमा भएको स्थानीय निकायका निर्वाचित पदाधिकारीहरूको म्याद २०५९ मा सकिएसँगै देशका सबै स्थानीय निकायहरू विगत १५ वर्षदेखि जनप्रतिनिधिविहीन रहेका छन्। तत्कालीन राजा ज्ञानेन्द्रको सक्रिय शासनकालमा माओवादी द्वन्द्व उत्कर्षमा रहँदा २०६२ माघमा तत्कालीन शाही सरकारले पनि स्थानीय तहअन्तर्गत नगरपालिका मात्रको चुनाव गराएको थियो। तर ९० प्रतिशत जनतासहित सबैजसो राजनीतिक दलले सो निर्वाचन बहिष्कार गरेका थिए।

नयाँ संविधानले गरेको व्यवस्थाअनुसार गत वर्षको चैतमा केपी ओली नेतृत्वको सरकारले स्थानीय निकाय पुनर्संरचना आयोग गठन गरेकोमा आयोगले मुलुकभर ७ सय १९ स्थानीय तह हुने गरी दस महिना लगाएर तयार पारेको प्रतिवेदन सरकारलाई बुझायो। मधेसी मोर्चाको असन्तुष्टिलाई सम्बोधन गर्ने भन्दै नेपाल सरकारले मधेसका केही जिल्लामा स्थानीय तहको सङ्ख्या थप गरेको छ र नयाँ संरचनामा ७ सय ४४ स्थानीय हुने सरकारी घोषणाअनुरूप फागुन २७ गते सरकारले नयाँ संरचना लागु भएको घोषणा गरेको छ। संविधानको धारा ५६ (१) ले सङ्घ, प्रदेश र स्थानीय तह गरी राज्यको मूल संरचना तीन तहको रहने व्यवस्था गरेको छ। सोही धाराको उपधारा ४ र ५ ले स्थानीय तहतर्फ गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने तथा सामाजिक/सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था गरेको छ।

१८ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिबिहीन छ। यही कारण मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकासक्रम तहसनहस भएको छ। स्थानीय तहका लागि विनियोजित बजेट दुरुपयोग भएका समाचारहरू प्रकाशन भइरहेका छन्। सरकारी स्रोतसाधन राजनीतिक दलको भागबन्डाका विषयमा परिणत भएका छन्। जनताप्रति उत्तरदायी हुनुनपर्ने भएकाले न यसको पारदर्शिता आवश्यक ठानियो न त जवाफदेहिताकै संस्कृति अघि बढ्न सक्यो। सबै दलले स्थानीय तहको निर्वाचन आजै गर्ने, भोलि नै गरिहाल्ने भन्न छाडेनन् तर विडम्बना, वास्तविक तयारीमा भने कोही पनि गम्भीरपूर्वक लागेनन्।

वर्तमान संविधान कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण पक्ष निर्वाचन हो। देशका प्रमुख राजनीतिक दलहरूबीच भएको लामो छलफल तथा सहमतिबाट वर्तमान सरकारले झण्डै दुई दशक पछि यही २०७४ वैशाख ३१ गतेका दिन स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेको छ।

संविधानको अनुसूची ८ मा स्थानीय तहलाई १२ कक्षासम्मको शिक्षा, रेडियो एफ.एम. स्थापना, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र सञ्चालन, जग्गा धनी पुर्जा वितरण लगायत घर सम्पत्ति कर देखि सवारी साधन कर समेत उठाउने र उपयोग गर्ने अधिकार समेत प्रदान गरिएको छ। यस्तै आधारभूत स्वास्थ्य, कृषि, सिंचाई, खानेपानी, ढल निकास, लघुजलविद्युत, स्थानीय सडक, पुल, पर्यटन, उद्योग आदिसँग सम्बन्धित सबै कार्यहरूका योजना निर्माण, बजेट बाँडफाँड, कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी समेत स्थानीय तहमा समावेश छन्। अब स्थानीय तहका पदाधिकारीहरू पहिलेका भन्दा बढी अधिकार सम्पन्न, जिम्मेवारीपूर्ण तथा शक्तिशाली जनप्रतिनिधिका रुपमा देखिनेछन्। स्थानीय तहलाई आफ्नो ऐन कानुन आफैले बनाई लागू गर्ने स्वायत्ततामा आधारित शासकीय अङ्ग बनाएको छ।

यो निर्वाचनमा स्वतः स्फुर्तरूपमा होमिएनौँ र जनप्रतिनिधि छान्न सकेनौँ भने राजनीतिक रिक्तता कायम हुनेछ। विकास निर्माणका गतिमा कमी आउनेछ। सबैभन्दा ठूलो कुरा संविधान र परिवर्तनका उपलब्धिहरू गुम्नेछन् भने आर्थिक, सामाजिक रूपान्तरणको कार्यमा थप रुकावट आउनेछ। जनताको अधिकार जनतालाई नै दिने स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयनको मार्ग प्रशस्त गर्नेछ। यसर्थ, लामो समयदेखि रिक्त स्थानीय तहको निर्वाचन समयमै सम्पन्न गरी जनतालाई लोकतन्त्रको आभाष दिलाउनु नेपाल सरकार र नेपालका राजनीतिक दलहरूको मुख्य दायित्व हो।

# मध्यपश्चिममा झाडापखाला प्रकोप र राज्यको दायित्व

जाजरकोटको सक्ला गाविस-४ की २७ वर्षीया भगवती परियारको २०६६ वैशाख १७ गते झाडापखालाका कारण मृत्यु भएको खबरले कसैको मन छोएन। तर, उनीबाटै सुरु भएको झाडापखाला मध्य तथा सुदूरपश्चिमका सर्वसाधारण नागरिकहरूका लागि पछिल्ला दिनहरूमा नियति नै बन्न पुग्यो। दर्जनौं नागरिकले ज्यान गुमाइसकेपश्चात् मात्र राज्यको आँखा खुल्यो। विडम्बना ! सयौं नागरिक सामान्य रोगबाट मृत्युको सिकार हुन पुगे। समयमा नै सरकारबाट रोकथामका उपायहरूको प्रभावकारी कदम नचालिँदा नागरिकले अकालमै ज्यान गुमाउनु पर्‍यो। लोकतान्त्रिक गणतन्त्र भनाउँदो सरकारले पनि दुर्गम भेगका जनतासामु सामान्य जीवनजल र स्वास्थ्यसम्बन्धी सामान्य संचेतनासमेत पुर्‍याउन नसकिरहेको यथार्थता छर्लङ्ग भयो। जतिसुकै प्राथमिक स्वास्थ्य सेवा निःशुल्क र सुलभ भने तापनि यसपालिको झाडापखालाले सरकारको कथित निःशुल्क र सुलभ स्वास्थ्यसेवाको वास्तविकतासमेत देखाइदियो।

मध्यपश्चिमका रुकुम, रोल्पा, सुर्खेत, सल्यान, डोल्पा, दाङ, कालीकोट, दैलेख र हुम्ला जिल्लामा पनि भगवती परियारकै नियति सयौं सर्वसाधारण नागरिकले बेहोर्नु पर्‍यो। राज्यका विभिन्न निकायमा मृत्यु हुनेहरूको सङ्ख्या फरक-फरक भए पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आफ्ना जिल्ला प्रतिनिधिहरूमार्फत ती प्रभावित जिल्लाहरूमा झाडापखालाबाट मृत्यु हुनेहरूको तथ्याङ्कको अभिलेखीकरण गरेको छ। इन्सेककै तथ्याङ्क अनुसार पनि ज्यान गुमाउनेहरूको सङ्ख्या जाजरकोटमा २ सय ३६, रुकुममा ५७, रोल्पामा ८, सुर्खेतमा १३, सल्यानमा ५, डोल्पामा ११, दाङमा २, कालीकोटमा ३५, दैलेखमा ३५ र हुम्लामा ११ रहेका छन्। यो महामारीले सबैभन्दा बढी जाजरकोट जिल्लालाई पिरोलेको छ। यस घटनाबाट तीन महिनामा नै जाजरकोटमा २ सय ३६ जना नागरिकले ज्यान गुमाउनु पर्‍यो, जुन तथ्याङ्क दसवर्षे माओवादी जनयुद्धमा मारिएकाहरूको तथ्याङ्कभन्दा बढी हो। अझ भन्ने हो भने झाडापखालाका कारण ज्यान गुमाउनेहरूमध्ये दलित र बालबालिकाको सङ्ख्या अत्यधिक छ।

इन्सेकले सुरुकै दिनमा अर्थात् झाडापखालाले महामारीको रूप नलिँदै त्यसलाई रोकथाम गर्न सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउने काम गरेको थियो। तर, समयमा नै प्रभावकारी काम हुन नसक्दा ठूलो मानवीय क्षति बेहोर्नु पर्‍यो। अहिले पनि इन्सेकले प्रभावित जिल्लाहरूमा आफ्ना जिल्ला प्रतिनिधिहरूमार्फत नियमित अनुगमन तथा अभिलेखीकरण गरिरहेको छ। अन्य सङ्घसंस्थाहरूले पनि झाडापखालाको समस्यालाई महत्त्वका साथ उठाएका छन्। सर्वोच्च अदालतले झाडापखालाको प्रकोप फैलिएको क्षेत्रमा तत्काल उपचार सेवा पुर्‍याउन सरकारका नाममा अन्तरिम आदेश जारी गर्‍यो। अदालतले रोगको प्रकोप फैलिएका क्षेत्रमा रोग नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चाल्न सरकारलाई आदेश पनि दिएको थियो। न्यायाधीश राजेन्द्रप्रसाद कोइरालाको एकल इजलासले सरकारलाई सर्वसाधारण जनताको स्वास्थ्य र बाँच्न पाउने अधिकारमा गम्भीर हुन पनि आदेश दिएको थियो तर शिक्षा र स्वास्थ्यको पूर्ण ग्यारेण्टी लिएको सरकारले भने आफ्नो जिम्मेवारी पूर्ण रूपमा बहन गर्न सकेन। ग्रामीण इलाकामा स्वास्थ्य चौकीहरू स्थापना भए पनि औषधी र आवश्यक जनशक्तिको अभावका कारण नागरिकले अकालमा नै ज्यान गुमाउनु पर्‍यो।


नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १६ ले वातावरण तथा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक अधिकारका रूपमा ग्यारेण्टी गरेको छ। साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ को उपधारा २ को 'ग'मा प्रकोप, महामारी तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण र 'घ'मा बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्ने भनी उल्लेख भएको र नेपाल सो प्रतिज्ञापत्रको पक्षराष्ट्र बनिसकेको छ। नेपाल पक्ष भएको संयुक्त राष्ट्रसङ्घको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ ले नागरिकको जीवनको अधिकारको सुनिश्चितता गर्ने दायित्व राष्ट्रको हुने व्यवस्था गरेको भए पनि झाडापखालाजस्तो सामान्य रोगका कारण यस क्षेत्रमा लगभग ४ सय नागरिकले ज्यान गुमाउनुले पनि सरकार सर्वसाधारणको स्वास्थ्य र जीवनको अधिकारप्रति गम्भीर नभएको पुष्टि हुन्छ। सरकारको यो उदासिनताले अन्तरिम संविधान, २०६३ र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको समेत उल्लङ्घन भएको छ।

दुषित पानी, बासी खानेकुरा, अखाद्य वस्तुको प्रयोग, सरसफाइको कमी, स्वच्छ पिउने पानीको अभाव झाडापखाला लाग्नुका मुख्य कारणहरू हुन् भन्ने कुरामा दुईमत छैन। तर, मध्य तथा सुदूरपश्चिममा महामारीका रूपमा फैलिएको झाडापखाला सयममा नै नियन्त्रणमा ल्याउन नसक्नु र ठूलो सङ्ख्यामा मानवीय क्षति बेहोर्नुको मुख्य कारणचाहिँ उपचार पद्धतिको निर्धारण हुन नसक्नु नै हो। महामारीको लक्षण देखा पर्नासाथ प्रकोप नियन्त्रण गर्ने विषयमा राज्य संवेदनशील भएन, उद्दारमा संलग्न भएका निकायहरूबीच प्रभावकारी समन्वय हुन सकेन, सहयोगी दाताहरूले दिएको औषधी होस् या अन्य सहयोग, प्रयोग गर्नका लागि उपयुक्त थिए/थिएनन् भन्ने कुराको प्रभावकारी अनुगमन स्थानीय तहमा सरकारका तर्फबाट हुन सकेन। उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूको व्यवस्थित बसोबासको प्रबन्ध हुन नसक्दा स्वास्थ्यकर्मीहरू बीचबाटै फर्कन बाध्य भए। राजनीतिक दलका भ्रातृसङ्गठनहरू जुन रूपमा परिचालन हुनपर्ने थियो, भएनन्। सहयोगको एकद्वार प्रणाली भएन।

राज्यले दुर्गम जिल्लामा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरू सेवा प्रदान गर्न अनिच्छुक रहने प्रवृत्तिको अन्त्य गर्न बाध्यकारी एवम् विशेष सुविधाको नीति अवलम्बन गरी त्यस्ता क्षेत्रमा अनिवार्य गर्न सक्नुपर्छ। रोग लाग्नुपूर्व नै अपनाउनुपर्ने सचेतनाका बारेमा व्यापक प्रचार-प्रसार हुनसके र स्वास्थ्य-शिक्षा तथा सचेतना कार्यक्रम गाउँ तहसम्म सञ्चालन गर्नसके पक्कै पनि स्वास्थ्य सेवामा केही परिवर्तन हुनसक्छ। विकासका दृष्टिले पछि परेका जिल्लाहरूको छनोट गरी स्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गर्नसके त्यसले पनि मद्दत गर्छ। साथै, शुद्ध खानेपानीको व्यवस्था, स्वास्थ्य व्यवस्थापनका लागि प्रभावकारी अनुगमन प्रणाली अपरिहार्य हुन्छ। होइन भने बर्सेनि मध्य तथा सुदूरपश्चिमका जनताले जाजरकोट जिल्लाको जस्तै नियति भोगिरहनु पर्नेछ र नागरिकलाई पनि राज्य छ भन्ने अनुभूति हुने छैन।

*(साभार : प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ७०, माघ २०६६)*

# जनताको दैनिकीमा स्थानीय सरकार



सुबोधराज प्याकुरेल

**आमनागरिकको चाहना र राजनीतिज्ञहरूको लक्ष्य फरक छ। जनता आफ्नो मर्यादा र आफ्नो सरकार छाम्न सकिने गरी नजिकै र सक्षम भएको देख्न चाहन्छ। नेताहरू आ-आफ्नो दर्ज्यानी अकण्टक रहोस् भन्ने चाहन्छन्। त्यसमा आपत्ति होइन तर जनताको विश्वास र भरोसा नै राजनीतिक सफलताको आधार हो भन्ने कुरा बुझ्न र बुझाउन सकिएको छैन।**

नेपालको संविधान २०७२ ले वास्तविक अर्थमा आफ्ना दैनिकीका मामिलामा अधिकार सम्पन्न र जिम्मेवारीयुक्त स्थानीय सरकारको व्यवस्था गरेको छ। साथै विश्व इतिहास साक्षी छ, अधिकार र दायित्वहरू अक्षरमा त लेखिन्छन् तर त्यसको कार्यान्वयन अख्तियारी भएका मानिसहरूको विवेकमा भर पर्छ। वडा समितिका पाँच मध्ये दुई महिला र एक दलित अल्पसङ्ख्यक हुनैपर्ने प्रावधानले गर्दा गाउँपालिका र नगरपालिकाको वडा तहमा ४० प्रतिशत महिला र २० प्रतिशत दलित अल्पसङ्ख्यकको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ। त्यस्तै भूगोलको जनसङ्ख्या अनुपातमा उम्मेदवारी दिनुपर्ने भएबाट सबै समुदायको प्रतिनिधित्व संविधानले सुनिश्चित गरिदिएको छ। अपाङ्गता भएका, जनजाति र लोपोन्मुख समुदायको मामिलामा राजनीतिक दलहरूले असल मनले विवेकको प्रयोग गरिदिएनन् भने त्यसमा समस्या पर्न सक्छ। आगामी दिनमा १ सय ३९ कानुन जारी गर्नुपर्ने र विद्यमान कानुनका सयौँ दफाहरू संशोधन गर्नुपर्नेछ। ऐतिहासिक कालदेखि सीमान्तिकृत गरिएका समुदायको बारेमा त्यस क्षेत्रको अगुवाइ गरिरहेका राजनीतिक दल वा व्यक्तिहरूले खासमा संसद् भित्रै संविधानको प्रगतिशील कार्यान्वयनका लागि गहकिलो अवाज उठाउने र जनमनलाई सचेत बनाउने प्रयत्न गर्नुपर्ने हो। संविधानका मान्यताअनुसारको व्यवस्था गर्नमा कतै संवैधानिक त्रुटी कमजोरी रहेछ भने संवैधानिक अदालतमार्फत सच्याउन सकिन्छ। खास कुरा के हो भने संविधानले त सिद्धान्त मात्र कोर्ने हो। त्यसअनुसारको कार्यान्वयन गर्न कानुन चाहिन्छ र कानुन अनुसारको नीति चाहिन्छ। नीतिले मात्रै पनि पुग्दैन। त्यसअनुसारको स्रोत, संरचना र जनताको चनाखोपन पनि चाहिन्छ।

स्पष्ट देखिएको के छ भने राजनीतिक असन्तुष्टि त छ तर त्यो असन्तुष्टि केवल सरकारी जागिर वा चुनावमा जातीय आधारमा जितिन्छ कि हारिन्छ भन्ने चिन्ताले व्यग्र छ। सत्ता र शक्ति नागरिकको विश्वास र भरोसा जितेपछि उनीहरूले दान गर्ने नैतिक बल हो। त्यसैले भोट हाल्ने कामलाई पुण्यकर्म मानेर मतदान भनिएको हो। तर हाम्रो देशमा अझै भोट छल्ने, किन्ने र ढाँट्ने रोग सकिएको छैन। केही नेतालाई अरूलाई कज्याउनु नै शासन गर्नु हो भन्ने भान परेको छ। उदाहरणस्वरूप उनीहरू स्थानीय सरकारलाई पूर्णतः प्रदेश सरकारको तजबिजमा राख्नु पर्छ भनिरहेका छन्। विचराहरूले के बुझेनन् भने हरेक निकायको संवैधानिक कानुनी अधिकारको दायरा तोकिएको हुन्छ र सङ्घीयतामा मातहत होइन कि संवैधानिक जिम्मेवारीमा सबै बराबरीका हैसियतवाला हुन्छन्। यदि कतैबाट नियन्त्रण गर्नुपर्‍यो भने पनि त्यसको कानुनी आधार र औचित्य पुष्टि गर्नुपर्ने हुन्छ। किनकि प्रदेशसभा मात्र होइन सङ्घीय संसद्मा पनि उनीहरूको कदमका बारेमा प्रश्न उठ्छ। त्यसमाथि अहिलेका चनाखा जनताले नागरिकका अनेक मञ्चहरूमा, सार्वजनिक सञ्चारमा सरोकार र दवाब दिइरहेका हुन्छन्। सबै तहहरू एउटा धागोमा उनिएका माला जस्ता मात्र हुन्। संविधानसँग बाझ्ने कानुन बनाएमा सङ्घीय कानुन रद्द हुन्छ। सङ्घीय कानुनसँग बाझिने गरी बनाइएको प्रादेशिक कानुन रद्द हुन्छ। र स्पष्ट रूपमा संविधानमै लेखिएको कुरा हो कि प्रादेशिक कानुनसँग बाझिने गरी बनाइएका स्थानीय कानुन पनि रद्द हुन्छ। अब प्रमुख जिल्ला अधिकारीको कार्यालय हुने छैन। त्यो भन्दा कैयौँ गुणा बढी अधिकार प्राप्त स्थानीय सरकार हुनेछ। अहिले नागरिकताको प्रमाणपत्र इलाका कार्यालयमार्फत् पाइन्छ। पासपोर्ट जिल्ला प्रशासन कार्यालयबाट पाइन्छ। स्थानीय सरकार बनेपछि भने ७५ जिल्लाबाट पाइने हरेक सुविधा र प्रमाणीकरण करिब ७ सय ४४ स्थानीय सरकारबाट पाइन्छ।

**संविधानको निर्देशक सिद्दान्तले धेरै प्रगतिशील मार्गदर्शन गरेको छ। सरसर्ती हेर्दा ती प्रावधानहरू बाध्यकारी छैनन् भन्न सकिएला। तर जब निर्देशक सिद्धान्तको आधारमा राज्यको अनुगमन गर्ने जिम्मेवारीका साथ संसदीय समिति बनाउने भनिएको छ भने सिङ्गो राज्यको सम्पूर्ण गतिविधि निर्देशक सिद्धान्त अनुकूल चल्न बाध्य हुनेछ। राजनीतिक अनुगमनको यस्तो प्रवन्धले गर्दा देशको स्थानीयदेखि सङ्घीय तहसम्मलाई जवाफदेही बनाउन मद्दत गर्न सक्छ।**

अब जनताले कृषि, स्वास्थ्य, शिक्षा, सिञ्चाइ, खानेपानी, वन, सडक, भुमि, प्रशासनलगायतका जिल्ला स्थित कार्यालय धाउनुपर्ने छैन । सबै सेवा स्थानीय सरकारबाटै प्राप्त गर्न सक्ने छन्। अहिलेको डिजिटल जमानामा सङ्घीय र प्रादेशिक सरकारहरूले सजिलै अझै थप अधिकार स्थानीय सरकारलाई दिएर आफूले बढीभन्दा बढी समन्वय र सहजीकरणको भूमिकामा बसिदिए लोकतन्त्र वास्तवमा जनाताको घरघरै पुग्ने कुरामा शङ्का छैन । अहिलेका वडा कार्यालयलाई सिफारिश गर्ने भन्दा बाहेकका अधिकार छैन । अब ती सबैले स्थानीय सरकारले अहिले पाएको भन्दा बढी अधिकार र दायित्व पाउनेछन् । स्थानीय भाषिक, शिक्षा, स्वास्थ्य, वातावरण, खानेपानी, भूमि व्यवस्थापन लगायत स्थानीय नागरिकको दैनिकीमा जहाँ जहाँ सरकारी निकायको जरुरत पर्छ ती सबै मामिलामा स्थानीय सरकारलाई सबै अधिकार दिन सकिने गरी संवैधानिक प्रबन्ध गरिएको छ । किन यत्तिका धेरै अधिकार तलतलसम्म दिनु पर्‍यो ? भनेर संविधानको खेस्रा तयार गरिँदाका बेलामा प्रश्न नउठेको होइन । तर अनेकन देशमा गएर अध्ययन गरेर फर्किनु भएका संविधानसभाका माननीय सदस्यहरूले नै भन्नु भएको थियो कि सुरुमा तलतल अधिकार दिने अनि पछि केही केन्द्रले र केही प्रदेशले खिच्ने गरेको अनुभव सर्वत्र हामीले पायौँ । नेपालमा त्यस्तो नहोस् । यसको कारण पनि रहेछ। ठूला पार्टीहरूमा स्थानीय जनतासमक्ष सबै हामीले गरेको भन्ने भान पार्न पाए स्थानीय, प्रान्तीय र सङ्घीय सबै चुनावमा आफ्ना मान्छे जिताउन सकिन्छ भन्ने भोटको मोह जबर्जस्त हुँदो रहेछ अन्यथा साँच्चै भन्ने हो भने संविधानमा यस्तरी विस्तृत ढङ्गले लेख्नु पर्ने नै थिएन होला। अहिले नेपालमा तन्नेरी चिन्तन बेगका साथ अगाडि बढेको

**सत्ता र शक्ति नागरिकको विश्वास र भरोसा जितेपछि उनीहरूले  दान गर्ने नैतिक बल  हो। त्यसैले भोट हाल्ने कामलाई पुण्यकर्म मानेर मतदान भनिएको हो। तर हाम्रो देशमा अझै भोट छल्ने, किन्ने र ढाँट्ने  रोग सकिएको छैन। केही नेतालाई अरूलाई कज्याउनु नै शासन गर्नु हो भन्ने भान परेको छ।**

छ। झन्डै ४५ प्रतिशत तन्नेरी पुस्तामा के के न गरौँ, नयाँ ढङ्गले गरौँ भन्ने चेतना र छटपटी दुवै बढेको छ। लोकतन्त्रमा नेतृत्व विकासका लागि पनि स्थानीय सरकार असल पाठशाला हो । त्यहाँका सफल नेताहरूले नै भोलिको प्रदेश र सङ्घीय संसदमा नौलोपन, सृजनशीलता ल्याउने हुन् । उनीहरूलाई अधिकार विहीन बनाइयो भने पहिलो खुड्किलोमै निरास हुनेछन् । आमनागरिकको चाहना र राजनीतिज्ञहरूको लक्ष्य फरक छ। जनता आ  नो मर्यादा र आफ्नो सरकार छाम्न सकिने गरी नजिकै र सक्षम भएको देख्न चाहन्छ । नेताहरू आ–आफ्नो दर्ज्यानी अकण्टक रहोस् भन्ने चाहन्छन् । त्यसमा आपत्ति होइन तर जनताको विश्वास र भरोसा नै राजनीतिक सफलताको आधार हो भन्ने कुरा बुझ्न र बुझाउन सकिएको छैन । आजको समाज तीव्र गतिकासाथ परिवर्तनशील छ । संविधानको निर्देशक सिद्दान्तले धेरै प्रगतिशील मार्गदर्शन गरेको छ । सरसर्ती हेर्दा ती प्रावधानहरू बाध्यकारी छैनन् भन्न सकिएला। तर जब निर्देशक सिद्धान्तको आधारमा राज्यको अनुगमन गर्ने जिम्मेवारीका साथ संसदीय समिति बनाउने भनिएको छ भने सिङ्गो राज्यको सम्पूर्ण गतिविधि निर्देशक सिद्धान्त अनुकूल चल्न बाध्य हुनेछ । राजनीतिक अनुगमनको यस्तो प्रबन्धले गर्दा देशको स्थानीयदेखि सङ्घीय तहसम्मलाई जवाफदेही बनाउन मद्दत गर्न सक्छ।

अन्त्यमा, हाम्रा राजनीतिज्ञहरू विवेकशील भइदिनु भयो भने अबको स्थानीय सरकारले जनताको सेवा, उनीहरूको चेतना र राष्ट्रप्रतिको स्वामित्वभाव सृजनात्मक ढङ्गले बढाउन सक्छ। राजनीति कर्मचारीतन्त्र जस्तो होइन जहाँ हाकिमले लाए–अह्राएको काम गरेपछि पुगोस्। राजनीति त जनता सँगसँगै उनीहरूकै स्वामित्वमा चल्ने सेवाकर्म हो।

# स्थानीय तहको निर्वाचन र यसको आवश्यकता

**नेपाल तत्कालै निर्वाचन सम्पन्न नभएमा मुलुकको विद्यमान सङ्क्रमणकाल र राजनीतिक अस्थिरता र अन्यौलताले निरन्तरता मात्र पाउने होइन कि यसले जनतामा लोकतन्त्रप्रति अविश्वास, वितृष्णा र घृणाको विकास भई मानव अधिकारको उल्लङ्घन हुने सम्भावना धेरै रहेको छ। जनतालाई पन्छाएर सार्वभौम जनताका नाममा एक छत्र निरङ्कुश शासन लाद्न खोज्ने नेतृत्वको विरुद्धमा आन्दोलन हुनसक्ने प्रवल सम्भावना देखिन्छ।**



प्रा.डा. रामकुमार दाहाल[१]

**परिचय**

सरकारले २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने घोषणा गरेपछि नेपाली राजनीति नयाँ चरणमा प्रवेश गरेको छ। प्रतिपक्षमा रहेको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले यस घोषणाको स्वागत गरेको छ भने तराई (मधेस) वादी दलहरू, डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको नयाँ शक्ति पार्टी र उपेन्द्र यादवको नेतृत्वमा रहेको सङ्घीय समाजवादी फोरमले यस घोषणाको विरोध गरेका छन्। निर्वाचनको घोषणाले नेपाली राजनीतिमा पुनः एकपटक नयाँ ध्रुविकरणको सुरुवात गरेको छ। तराईका दलहरूले संविधान संशोधनजस्ता तराईका समस्याको स्थायी समाधान नभएसम्म निर्वाचन हुन नदिने अडान लिँदै तराईका जिल्लाहरूमा बन्द हड्ताल जस्ता विरोधका शैलीको नयाँ ढङ्गमा थानलीसमेत गरेका छन्। निर्वाचन सञ्चालन गर्ने जिम्मा लिएको संवैधानिक निकाय निर्वाचन आयोगले आफूले सरकारले घोषणा गरेकै मितिमा निर्वाचन सम्पन्न गर्नसक्ने आश्वासन र प्रतिबद्धता जाहेर गरेपछि निर्वाचन सम्पन्न हुनसक्ने नयाँ आशा पलाएको छ।

**वर्तमान सन्दर्भमा स्थानीय निर्वाचनको आवश्यकता र सान्दर्भिकता**

सरकारले स्थानीय तहको निर्वाचन सम्पन गर्ने निर्णय गरेपछि वर्तमान सन्दर्भमा स्थानीय तहको निर्वाचनको आवश्यकता र सान्दर्भिकताबारे नयाँ बहस प्रारम्भ भएको छ। लोकतान्त्रिक व्यवस्थामा प्रत्येक ४/५ वर्षमा हुने गरेको स्थानीय तहको आवधिक निर्वाचनलाई संवैधानिक सरकार र लोकतन्त्रको आधार स्तम्भ/जग मान्ने गरिएको छ। नेपालको वर्तमान संविधान (२०७२) मा यसका दुई पूर्ववर्ती संविधानमा झैं सार्वभौमसत्ता र राज्यको सर्वोच्च शक्ति जनतामा निहीत रहेको मानिएको हुनाले यस्तो आवधिक निर्वाचन अनिवार्य र अपरिहार्य बन्न पुगेको छ। यस्तो आवधिक निर्वाचन जनताको ताजा विचार/ जनादेश बुझ्ने राजनीतिक सहभागितालाई प्रश्रय दिने, समावेशीपनलाई उजागर गर्ने आदि अनेक विषयसँग गाँसिएकाले यो लोकतन्त्रको मुटु बन्न पुगेको छ। यस्तो आवधिक निर्वाचन नहुँदा सार्वभौम जनता/मतदाताले आफ्नो मताधिकार (Franchise) को प्रयोग गर्न नपाउने हुनाले लोकतन्त्र कमजोर मात्र हुने होइन यसले जनताको मानव अधिकारको समेत उपहास हुने गर्दछ। निर्वाचन मतदाताले आफूले रुचाएको उम्मेदवार छान्ने एकमात्र लोकतान्त्रिक पद्धति र माध्यम भएकाले यस्तो आवधिक निर्वाचनलाई समयमै सम्पन्न गरिदिन सरकारको नागरिकप्रतिको प्रमुख दायित्व र जिम्मेवारी हुने गर्दछ। समयमै हुने यस्ता आवधिक निर्वाचनले लोकतन्त्रलाई गतिशील र जीवन्त बनाउने कार्य गर्दछन्। निर्वाचन लोकतन्त्रको आधार स्तम्भ भएकाले यस्तो निर्वाचन सम्पन्न गर्दा कुनै लोकतान्त्रिक दलले आफ्नो दलीय अवस्था कस्तो छ, त्यससँग नजोडी लोकतान्त्रिक अभ्यासमार्फत राजनीतिक व्यवस्थाको सुदृढिकरण र सवलीकरण गर्नेतर्फ प्रयत्न गर्दै निर्वाचनका लागि अनुकूल परिस्थिति/वातावरणको सृजना गर्नेतर्फ जोड दिनुपर्ने हुन्छ। अन्यथा यस्तो अलोकतान्त्रिक आचरणले लोकतन्त्रको संस्थागत विकास हुन नसकी यो कमजोर हुँदै जान्छ र सर्वसाधारण जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वास कम हुँदै जान्छ। यो लोकतन्त्रको लागि अति घातक हुने गर्दछ। नेपालमा विगत १९ वर्षदेखि सम्पन्न नभएको स्थानीय निर्वाचनको

१. प्रा. डा. रामकुमार दाहाल, पूर्व विभागीय प्रमुख, राजनीतिशास्त्र, केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

कारण सरकारको वैधानिकता माथि गम्भीर प्रहार भएको छ। यसले नेतृत्वको नैतिक आचरणमै प्रश्नवाचक चिन्ह खडा गरिदिएको छ। सरकारले निरङ्कुश रूपले जनादेशविरुद्ध कार्य गरी लोकतन्त्रलाई खिल्ली उडाएको र लोकतन्त्रलाई कमजोर बनाएको, निर्वाचनलाई पन्छाएर, यसबाट डराएर एकलौटी रूपमा शासन गरेको र लोकतन्त्रलाई कमजोर बनाएको आरोपसमेत लागेको छ। माओत्सेतुङ्गले युवा वर्गलाई राष्ट्रका उदाउँदा सूर्य (The youths are the rising suns of the nation) मानेका थिए। निर्वाचन नहुँदा यस्ता युवा वर्ग, राजनीतिक दलका कार्यकर्ता र जनता निस्कृय बनेका छन्, स्थानीय नेतृत्वले उठ्ने मौका पाएको छैन, जनताको लोकतन्त्रप्रतिको आस्थामा कमी आएको छ। राजनीतिक दलका नेतृत्व वर्ग निर्वाचन र नयाँ पुस्ताबाट सधैँ डराउने र उनीहरूलाई आफ्ना प्रतिद्वन्द्वी र चुनौतीका रूपमा हेर्ने राजनीतिक संस्कारको विकास भएका कारण विगतका वर्षहरूमा निर्वाचन सम्पन्न गर्ने कुरा एक एजेण्डामात्र रहन पुग्यो। व्यक्तिगत स्वार्थबाट माथि उठ्न नसकेका कारण दल र नेतृत्वद्वारा निर्वाचनलाई अनावश्यक ठानियो।

वर्तमान सन्दर्भमा स्थानीय निर्वाचनको आवश्यकता, सान्दर्भिकता र अपरिहार्यता विभिन्न कारणले देखिएको छ। अन्तर्राष्ट्रिय जगतले विगत १९ वर्षदेखि नेपालमा स्थानीय निर्वाचन सम्पन्न हुन नसकेका कारण नेपालको लोकतन्त्रको वैधतामाथि नै औँला ठड्याउन थालेको छ र नेपाललाई वैदेशिक सहयोग दिनसमेत हिच्किचाएको छ। निर्वाचन सम्पन्न नगरेका कारण जताततै अव्यवस्था, अराजकता छाएको छ र निर्वाचित निकायका अभावमा कर्मचारीतन्त्रले स्थान र भूमिका पाएको छ। वर्तमान संविधान कार्यान्वयन भएको अनुभूति जनतालाई दिन स्थानीय निर्वाचन अपरिहार्य र विकल्परहित बनेको छ। सार्वभौम जनताबाट आवधिक चुनावमार्फत वैधता प्राप्त गर्नु त्यति नै आवश्यक छ। लामो समयसम्म निर्वाचन नहुँदा जनताको संसदीय लोकतान्त्रिक व्यवस्थाप्रतिको घट्दै गएको आस्था र विश्वासलाई पुनर्बहाली गर्न र नेपालमा लोकतन्त्र छ भन्ने अनुभूति जनतालाई दिन निर्वाचन अपरिहार्य देखिन्छ।

**वर्तमान अवस्थामा स्थानीय निर्वाचन सम्पन्न गर्नु फलामको चिउरा चपाउने जस्तो गाह्रो कार्य हो भन्ने थाहा पाउँदा–पाउँदै पनि जनताको विश्वास गुम्ने डरले सरकारले यो निर्णय गरेको र एमालेले तत्कालै यसलाई समर्थन गरेको थियो। नेपालमा १९ वर्षदेखि निर्वाचन सम्पन्न नभएका कारण नेपाली जनता आक्रोसित छन् भन्ने नेपाली जनताको मनोविज्ञान यी दलले राम्ररी बुझेका छन्।**

लोकतन्त्रमा विश्वास गर्ने लोकतान्त्रिक दलहरूले निर्वाचनलाई पन्छाएर जनतालाई अधिकार सम्पन्न नगराई के सिद्धान्तका आधारमा देशमा शासन गर्ने भन्नेसमेत प्रश्न उठेको छ। यसले नेतृत्वको नैतिकता र राजनीतिक धर्ममासमेत प्रश्न खडा गरिदिएको छ।

### स्थानीय निर्वाचन सम्पन्न नभए के हुन्छ ?

नेपाल तत्कालै निर्वाचन सम्पन्न नभएमा मुलुकको विद्यमान सङ्क्रमणकाल र राजनीतिक अस्थिरता र अन्यौलताले निरन्तरता मात्र पाउने होइन कि यसले जनतामा लोकतन्त्रप्रति अविश्वास, वितृष्णा र घृणाको विकास भई मानव अधिकारको उल्लङ्घन हुने सम्भावना धेरै रहेको छ। जनतालाई पन्छाएर सार्वभौम जनताका नाममा एकछत्र निरङ्कुश शासन लाद्न खोज्ने नेतृत्वको विरुद्धमा आन्दोलन हुनसक्ने प्रवल सम्भावना देखिन्छ। मुलुकमा विभिन्न मुद्दाले स्थान पाउने सम्भावना त्यतिकै देखिन्छ। उदाहरणका लागि राप्रपाले उठाएको हिन्दू धर्मको पक्षमा जनमत बढ्ने सम्भावना देखिन्छ। प्रमुख दल र सत्तासीन दलहरूभित्र पनि हिन्दू धर्म कायम गर्ने पक्षमा जनमत भएकाले धर्मकै नाममा दलहरूबिच नयाँ ध्रुवीकरण हुने सम्भावना पनि त्यतिकै छ। सङ्घीयता, राज्यको पुनर्संरचना, समावेशिता, सहभागिता, प्रतिनिधित्व जस्ता दर्जनौँ विषयमा भोलि नयाँ ध्रुवीकरण भई मुलुकको राजनीति नयाँ दिशातिर उन्मुख हुनसक्छ। निर्वाचन नभए विश्व समुदायले नेपाललाई विश्वास नगर्ने र वैदेशिक सहयोगमा समेत नकारात्मक प्रभाव पर्छ। राजनीतिक अस्थिरता र लम्बिँदो सङ्क्रमणकालले अलोकतान्त्रिक शक्ति, डन, नाफाखोरी, कालो बजारिया, अपराधको राजनीतिकरण, राजनीतिको अपराधिकरण आदिले प्रश्रय पाउने हुन्छ र नेपाल असफल राज्यसमेत बन्न सक्छ।

### स्थानीय निर्वाचन सम्पन्न गर्ने अनुकूल वातावरण विद्यमान छ ?

स्थानीय निर्वाचनको तिथिमिति तोकिएपछि नेपालमा राजनीतिक वृत्तमा विद्यमान परिस्थितिमा निर्वाचनका लागि अनुकूल वातावरण भए/नभएको निर्वाचन हुन सक्ने/नसक्ने विषयमा गम्भीर बहस सुरू भएको छ र विभाजित विचार देखिएका छन्। सत्तासिन दुई दल, संविधान संशोधनका विषयमा नौ साना दलको समेत नेतृत्व लिन पुगेको एमाले निर्वाचन अविलम्ब भनेकै मितिमा सम्पन्न गरिनुपर्ने अडान लिएको छ। विगत १९ वर्षदेखि निर्वाचन नभएका कारण संसदीय राजनीतिप्रति नै उदासीन हुन पुगेका नेपाली जनता मुलुकमा हाल निर्वाचनका लागि आवश्यक पर्ने अनुकूल परिस्थिति भएको वकालत खुला रूपमा गर्न थालेका छन्। मुलुकमा निर्वाचन सञ्चालन र सम्पन्न गर्ने जिम्मा लिएका आधिकारिक संवैधानिक निकाय निर्वाचन आयोगले सार्वजनिक रूपमै तोकिएको समयमै निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरेपछि जनता समयमै निर्वाचन हुन्छ भन्ने कुरामा थप ढुक्क हुन पुगेका छन्। तर, तराईका दलहरू, डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको नयाँ शक्ति पार्टी नेपाल , उपेन्द्र यादवको नेतृत्वमा रहेको सङ्घीय समाजवादी फोरम निर्वाचनको विपक्षमा देखिएका छन्। तराईका मागहरू संविधान संशोधनमार्फत सम्बोधन नगरी स्थानीय निर्वाचन गरे आफूलाई स्वीकार्य नहुने कुराको अडान लिँदै तराईका

दलहरू आन्दोलनमा उत्रिएकाले निर्वाचन सहजरूपमा हुन सक्छ भन्ने कुरामा शङ्का उत्पन्न हुन पुगेको छ। तर पनि सरकार, राजनीतिक दल, मधेसवादी दलहरू, नागरिक समाज सबै सरोकारवालाको निर्वाचनप्रति सकारात्मक दृष्टिकोण भएमा निर्वाचन हुन सक्ने कुरामा जनता विश्वस्त छन्।

**निर्वाचनको राजनीति**

स्थानीय निर्वाचनको मिति घोषणापश्चात् राजनीतिक दलहरू राजनीतिक जोड घटाउतिर लागेका छन्। स्थानीय निर्वाचनलाई पन्छाउँदा आफू अलोकतान्त्रिक हुने डरले सत्तासीन दलले निर्वाचनको घोषणा गरेको छ। वर्तमान अवस्थामा स्थानीय निर्वाचन सम्पन्न गर्नु फलामको चिउरा चपाउने जस्तो गाह्रो कार्य हो भन्ने थाहा पाउँदा-पाउँदै पनि जनताको विश्वास गुम्ने डरले सरकारले यो निर्णय गरेको र एमालेले तत्कालै यसलाई समर्थन गरेको थियो। १९ वर्षदेखि निर्वाचन सम्पन्न नभएका कारण नेपाली जनता आक्रोसित छन् भन्ने नेपाली जनताको मनोविज्ञान यी दलले राम्ररी बुझेका छन्। काङ्ग्रेस कम्युनिष्टको भोट मात्र यताउती हुने (एमालेको बढी भए माओवादीको घट्ने र माओवादीको बढी भए एमालेको घट्ने) र आफ्नो भोट सधैँ अप्रभावित हुने कुरामा विश्वस्त छ। ओली सरकारले तराईका दलहरूलाई सन्तुष्ट पार्न नसके पनि राष्ट्रियताका लागि लिएको अडानका कारण आफ्नो पार्टी अत्यन्तै सबल नभए पनि कमजोर नभएको ठान्दछ। लोकतान्त्रिक दलकारूपमा पूर्ण मान्यता पाउने आशामा र जनसमर्थन जुटाउने प्रयत्नमा माओवादी केन्द्रले निर्वाचनको घोषणा गर्नु आवश्यक ठानेको हो। तराईमा काङ्ग्रेस, माओवादी र एमालेका कार्यकर्ताहरूले खुलेर मधेसका एजेण्डा बोकेर नहिँडेकाले र यी बाहेक अन्य मधेसवादी दलहरू अत्यन्तै विभाजित रूपमा रहेकाले मधेसवादी दलहरूको स्थिति स्थानीय निर्वाचनमा अत्यन्तै राम्रो हुने कुरामा शङ्का गर्नसक्ने पर्याप्त आधार देखिएको कुरा राजनीतिक विश्लेषक बताउँछन्। एमाओवादी केन्द्रबाट छुट्टिएको डा. बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीको शक्ति परीक्षण हुन बाँकी नै रहेकोले यसको स्थिति पनि स्थानीय निर्वाचनमा अत्यन्तै सबल नहुन सक्छ। उपेन्द्र यादवको नेतृत्वमा रहेको सङ्घीय समाजवादी फोरमको स्थिति पनि परीक्षण हुन बाँकी नै छ। राप्रपा एकीरणपश्चात् हाल कमल थापाले सञ्चालन गरेको नेपाललाई हिन्दू धर्म कायम गर्ने एजेण्डाले विस्तारै नजानिँदो किसिमले समर्थन प्राप्त गर्दै लगेकाले यस पार्टीले पनि स्थानीय निर्वाचनमा सकारात्मक रूपमा भूमिका निर्वाह गर्न सक्ने देखिएको छ। तराईका लगभग ९० प्रतिशत जनता र प्रमुख राजनीतिक दलहरूभित्रै पनि यस एजेण्डालाई नखुलेरै भए पनि अप्रत्यक्ष रूपमा समर्थन गर्ने समूह भएकाले यस दलले यसको फाइदा उठाउन सक्ने देखिन्छ।

**आफ्ना जायज मागहरू विशेषतः तराईमा दुई प्रदेश निर्माण गर्ने माग राखी उक्त माग पूरा नभई स्थानीय निर्वाचनमा नजाने अडान लिई विरोधका कार्यक्रम सञ्चालनमा गरिरहेका मधेसवादी दलहरूले पनि सरकारसँग वार्ता गरी शान्तिपूर्ण संवैधानिक/कानुनी मार्गद्वारा समाधान खोज्ने प्रयत्न गर्नुपर्ने देखिन्छ। मधेसवादी दलहरूले मधेसका मागहरू प्रष्ट रूपमा पहिचान गरी चरणवद्ध रूपमा मुलुकको राष्ट्रियता र स्वतन्त्रतालाई सम्मान गर्दै आफ्ना माग पूरा गराउन पहल गर्नुपर्ने देखिन्छ। सरकारसँग वार्ता गरी लोकतन्त्रको आधारका रूपमा स्वीकारिने निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त गर्नेतर्फ पहल गर्नु अपरिहार्य देखिन्छ।**

**निर्वाचनको तयारी**

निर्वाचन आयोगले स्थानीय निर्वाचन सम्पन्न गर्ने आफ्नो सक्षमता प्रदर्शन गरेको र निर्वाचनको कार्य तालिकासमेत प्रकाशन गरिसकेकाले आयोग आफ्नो तयारीमा जुटिसकेको छ। संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेका आयोग, सुरक्षा निकाय, निर्वाचन सम्पन्न गर्ने कर्मचारी सबै नै अनुभवी र खारिएका छन्। सेना, सशस्त्र प्रहरी र प्रहरी सबैले निर्वाचनका लागि अनुकूल परिस्थिति सृजना गरी शान्ति सुरक्षाको स्थितिलाई मजबुत पार्न प्रयत्नशील देखिन्छन्। राजनीतिक दल र यिनीहरूका भातृ सङ्गठन, निष्पक्ष नागरिक समाज, उत्सुकताका साथ निर्वाचनको प्रतीक्षा गरिरहेका जनता सबै नै यसका लागि उत्साहित छन्। सरकार र प्रमुख दलले असन्तुष्ट शक्ति तराईवादी दलहरूसँग वार्ता गरी निर्वाचन गर्ने राजनीतिक इच्छाशक्ति (Political Will) र राजनीतिक प्रतिबद्धता (Political Commitment) जाहेर गरे निर्वाचनका अनुकूल परिस्थिति देखिने सम्भावना प्रवल रहेको छ।

५१ प्रतिशत जनता बसोवास गर्ने तराई क्षेत्रले स्थानीय निर्वाचन बहिष्कार गरेमा निर्वाचनको वैधतामै प्रश्नवाचक चिन्ह खडा हुने हुनाले सरकारले सबै असन्तुष्ट पक्षहरूसँग समयमै वार्ता गरी उनीहरूलाई मानसिक/मनोवैज्ञाननिकरूपमा निर्वाचनलाई स्वीकार्न र सहयोग गर्ने परिस्थिति सृजना गर्नु अति आवश्यक देखिन्छ।

**निर्वाचन सफल बनाउन कसको भूमिका के ?**

निर्वाचनलाई सफल बनाउने क्रममा सरकार, प्रमुख प्रतिपक्ष, संसदीय दलहरू निर्वाचनमा संलग्न निकाय, नागरिक समाज आदि सरोकावाला सबैले भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

**सरकारको भूमिका**

सरकारले तराईका असन्तुष्ट दलहरूसँग वार्ता गरी उनीहरूका जायज र मुलुकको क्षेत्रीय/भौगोलिक अखण्डता र राष्ट्रियतामा खलल नपर्ने खालका मागहरूलाई स्वीकारी उनीहरूलाई निर्वाचनमा सहभागी गराउन प्रयत्न गर्नुपर्ने हुन्छ। सरकारले सबै समूहलाई निर्वाचनमा

समेटी स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन दायित्व पूरा गर्नुपर्ने हुन्छ।

**प्रमुख प्रतिपक्ष र संसदीय दलको भूमिका**

संविधान संशोधनको मुद्दामा अन्य साना नौ दलको नेतृत्वसमेत लिन पुगेको प्रमुख प्रतिपक्ष दल एमाले पनि संविधानको कार्यान्वयनको क्रममा हुन लागेको स्थानीय निर्वाचनलाई सफल बनाउन ठूला भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। एमालेले निर्वाचनको सरकारी निर्णयलाई स्वागत गरेर लोकतान्त्रिक संस्कार/आचरण प्रदर्शन गरिसकेको छ। तराईका दलहरूले माग गरेको दुई प्रदेशको सन्दर्भमा पूर्वी नेपालका तीन जिल्ला- झापा, मोरङ र सुनसरी र पश्चिमी नेपालका दुई जिल्ला- कैलाली, कञ्चनपुरलाई टुक्र्याएर नयाँ प्रदेश बनाउने कार्य उक्त जिल्लाका प्रभावशाली नेतृत्वका कारण प्राय: सम्भव नदेखिएकाले ५ नं. क्षेत्रलाई तराईका जिल्लामात्र समावेश गरी संविधान संशोधनको प्रस्तावलाई स्वीकार्नतर्फ दलहरूबिच सौदावाजीको राजनीति चलिरहको सन्दर्भ यसतर्फ दलहरू लचिलो हुँदै गइरहेका छन्। यस्तै कुनै व्यवहारिक प्रस्ताव स्वीकार गर्दै तराईका दलहरूलाई निर्वाचनमा जान मनोवैज्ञानिक रूपमा तयार पारी मुलुकमा एकपटक तोकिएकै मितिमा या सहमतिका आधारमा चरणवद्ध निर्वाचन सम्पन्न गर्न सकिन्छ। अन्य राजनीतिक दलहरूले पनि निर्वाचनमा जाने मनोविज्ञानको विकास गरी सोहीअनुसार सकारात्मक आचरण गर्नुपर्ने देखिन्छ।

**मधेसवादी दलहरूको भूमिका**

आफ्ना जायज मागहरू विशेषत: तराईमा दुई प्रदेश निर्माण गर्ने माग राखी उक्त माग पूरा नभई स्थानीय निर्वाचनमा नजाने विरोधका कार्यक्रम सञ्चालनमा गरिरहेका मधेसवादी दलहरूले पनि सरकारसँग वार्ता गरी शान्तिपूर्ण संवैधानिक/कानुनी मार्गद्वारा समाधान खोज्ने प्रयत्न गर्नुपर्ने देखिन्छ। मधेसवादी दलहरूले मधेसका मागहरू प्रष्ट रूपमा पहिचान गरी चरणबद्ध रूपमा मुलुकको राष्ट्रियता र स्वतन्त्रतालाई सम्मान गर्दै आफ्ना माग पूरा गराउन पहल गर्नुपर्ने देखिन्छ। सरकारसँग वार्ता गरी लोकतन्त्रको आधारका रूपमा

**संविधान संशोधनको मुद्दामा अन्य साना नौ दलको नेतृत्वसमेत लिन पुगेको प्रमुख प्रतिपक्ष दल एमाले पनि संविधानको कार्यान्वयनको क्रममा हुन लागेको स्थानीय निर्वाचनलाई सफल बनाउन ठूला भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। एमालेले निर्वाचनको सरकारी निर्णयलाई स्वागत गरेर लोकतान्त्रिक संस्कार/आचरण प्रदर्शन गरिसकेको छ।**

स्वीकारिने निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त गर्नेतर्फ पहल गर्नु अपरिहार्य देखिन्छ।

**निर्वाचनमा संलग्न सरकारी/सवैधानिक संयन्त्रको भूमिका**

निर्वाचनमा संलग्न सरकारी/संवैधानिक संयन्त्रले पनि निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउन सक्दो प्रयत्न गर्नुपर्ने हुन्छ।

**अन्य समूहको भूमिका**

यी बाहेक साना दलहरू, (संसदभित्र र बाहिर दुवैका) नागरिक समाज, वर्गीय, व्यवसायिक सङ्गठन, दबाबरहित समूह, स्वतन्त्र बुद्धिजीवी, पत्रकार, सर्वसाधारण जनता र सरोकारवाला सबैले निर्वाचनको लोकतान्त्रिक अभ्यासलाई सफल बनाउन प्रयत्नशील हुनु नागरिक कर्तव्य र दायित्वका रूपमा देखिन्छ।

**आवश्यक ऐन, नियम, कानुन तथा आचारसंहिता निर्माण**

संविधानले परिकल्पना गरेको सङ्घीय सरकार सात प्रदेश र स्थानीय निर्वाचन आदि कार्यलाई मूर्त रूप दिने र सङ्घीय संविधान कार्यान्वयन भएको अनुभूति दिन तत्कालै स्थानीय निर्वाचन गर्नुपर्ने हुन्छ। यसका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली २०५६ र अन्य विद्यमान कानुन परिमार्जन गर्नु र नयाँ कानुन निर्माण गरिनु आवश्यक छ। मुलुकमा यसका लागि करिब २ सय कानुन (संशोधन र नयाँ निर्माण दुवै गरी) निर्माण हुन आवश्यक देखिन्छ। व्यवस्थापिका संसदमार्फत यस्ता ऐन, कानुन निर्माण गर्न नसकिए अध्यादेश (कार्यपालिकाले बनाएको अस्थायी कानुन) मार्फत भए पनि यस्ता कानुन निर्माण गरी स्थानीय निर्वाचन सम्पन्न गर्नुपर्ने अनिवार्यता हुन्छ।

**छिमेकी मुलुक र अन्तर्राष्ट्रिय जगतको समर्थन**

निर्वाचन सम्पन्न गर्न छिमेकी मुलुक र अन्तर्राष्ट्रिय जगतको समर्थनसमेत प्राप्त गर्दा उनीहरूको नेपाल विरोधी स्वर मत्थर हुने हुन्छ। विशेषत: दुई छिमेकी मुलुक भारत र चीनलाई विश्वासमा लिँदा नेपाललाई फाइदा हुन्छ।

**निष्कर्ष**

मुलुकका सबै राजनीतिक शक्ति समावेश नगरी गरिएको निर्वाचनले राजनीतिक वैधानिकता र अन्तर्राष्ट्रिय र क्षेत्रीय समर्थनसमेत प्राप्त नगर्ने हुनाले सरकार र प्रमुख दलले सबै पक्षलाई निर्वाचनमा समेट्न प्रयत्न गर्नु आवश्यक देखिन्छ। विशेषत: छिमेकी मुलुकलाई विश्वासमा लिँदा नेपाललाई निर्वाचन सम्पन्न गर्न सहज हुन्छ। सरकारले असन्तुष्ट पक्षसँग वार्ता गरी उनीहरूलाई पनि निर्वाचनमा समेट्न प्रयत्न गर्नुपर्ने हुन्छ। ठूला दल, प्रतिपक्षी र साना दलहरू सरकारी संयन्त्र, नागरिक समाज, पत्रकार, बुद्धिजीवी, मानव अधिकारवादी, सर्वसाधारण जनता र सरोकारवाला सबैले यस लोकतान्त्रिक अभ्यासलाई सफल बनाउने दायित्व/कर्तव्य वहन गर्नुपर्छ। साथै जसरी भए पनि निर्वाचन सम्पन्न गराउने इच्छाशक्ति र प्रतिबद्धता जाहरे गरिनुपर्छ।

# नेपालको कानुनमा नागरिकता



- सम्झना श्रेष्ठ[1]

### १. परिचय

संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गरेसँगै नेपालको संवैधानिक इतिहासमा यो सातौँ संविधान हो। सार्वभौम नेपाली जनताका तर्फबाट जारी यस संविधानले नेपाली जनतालाई पूर्णतः अधिकार सम्पन्न गराउने अभिभारा बोकेको छ। नेपालको संविधान, २०७२ ले जनतालाई सार्वभौम बनाएको छ। नेपालको संविधान विभिन्न सामाजिक, सांस्कृतिक एवम् राजनीतिक आन्दोलन र सङ्घर्ष सँगसँगै लामो महिला आन्दोलनको पनि परिणाम हो भन्न सकिन्छ। त्यसैले संविधानले महिलाको स्वतन्त्र पहिचानलाई कसरी संरक्षण गरेको छ त भन्ने विश्लेषण गर्नु नै यो लेखको उद्देश्य रहेको छ।

संवैधानिक तथा कानुनी प्रावधानहरूलाई अन्त्य गर्न केही हदसम्म सफल भए पनि महिला र पुरुषबिचका असमानताहरू संविधान र कानुनमा नै विद्यमान छन्। अन्तर्राष्ट्रिय मानव अधिकारका मूल्य र मान्यतासित सामन्जस्य नरहेका कतिपय कानुनहरूको निरन्तरता कायम रहेको छ। सार्वजनिक तथा निजी क्षेत्रमा महिलालाई असमान व्यवहार गर्न विभेदपूर्ण संवैधानिक व्यवस्था तथा कानुनहरू यथावत नै रहेका छन्।[2]

### २. नागरिकताको हक

नागरिकताले राजनीतिक तथा नागरिक अधिकारहरूको उपभोगका लागि राज्य र उसका नागरिकबीचको राजनीतिक सम्बन्ध स्थापित गर्ने गर्दछ। नागरिकता नागरिक र राज्यबीचको अर्थपूर्ण सम्बन्ध जनाउने आधार हो। राज्यले नागरिकहरूलाई नागरिक, राजनीतिक, सामाजिक, आर्थिक लगायत सबै प्रकारका अधिकार तथा नागरिकले राज्यप्रति पूरा गर्नुपर्ने कर्तव्य सुनिश्चित गर्ने वैधानिक आधार नागरिकता हो।

**नेपाली पुरुषले विदेशी महिलासँग विवाह गर्दा उक्त महिलाले तुरुन्त आफ्नो देशको नागरिकता त्याग्ने प्रकृया शुरु गर्दा नै नेपाली अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ भने नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गर्दा सजिलै नागरिकता पाउनसक्ने व्यवस्था संविधानले गरेको छैन। अर्थात उक्त विदेशी पुरुषले अङ्गीकृत नागरिकता प्राप्त गर्न अन्य व्यक्तिहरूले अपनाउनुपर्ने व्यवस्थाहरू अपनाउनु पर्ने व्यवस्था संविधानले गरेको छ। अर्थात विदेशी पुरुषसँग विवाह गर्ने नेपाली महिलाले वैवाहिक सम्बन्धको आधारमा आफ्ने लोग्नेलाई नागरिकता दिन नसक्ने व्यवस्था गरि नेपाली महिलालाई नेपाली पुरुषको दाजोमा दोस्रो दर्जाको नागरिकको स्थान दिई संविधानले नै विभेदकारी व्यवस्था गरेको छ।**

### ३. नागरिकताको सवालमा संवैधानिक व्यवस्था

नेपालको संविधान २०१९ देखि मात्र नागरिकताको सवालमा स्पष्ट व्यवस्था भएको पाइन्छ। त्यसअधिका संविधानहरूमा अन्य समानताका र अन्य औपचारिक अधिकारको व्यवस्था गरिएको पाइन्छ। विशेषतः नागरिकतालाई वंशजको नागरिकता, अङ्गीकृत नागरिकता र सम्मानार्थ नागरिकतामा विभाजन गरिएको थियो।

#### ३.१ नेपालको संविधान २०१९

नेपालको संविधान २०१९ मा "नेपालमा स्थायी वासस्थान भएको नेपालमा जन्मेको, जसका आमाबाबुमा एक जना नेपालमा जन्मेको प्रत्येक व्यक्ति यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने[3] उल्लेख छ।

#### ३.२ नेपाल अधिराज्यको संविधान, २०४७

नागरिकताकाबारेमा संविधानको भाग २ मा उल्लेख गरिएको थियो। वंशजको नागरिकताका बारेमा धारा ९ को उपधारा (१) मा संविधान प्रारम्भ भएपछि जन्मेको

---

१. वरिष्ठ अधिकृत, इन्सेक

२. इन्दु तुलाधर, "संविधानवाद र महिला अधिकार" संवैधानिक परिवेश महिला, २०७३, पृ. ३

३. नेपालको संविधान २०१९

**वंशजको आधारमा नागरिकता उपलब्ध गराउँदा आमा वा बाबु नेपाली नागरिक भए हुने उल्लेख गरे पनि धारा ८ को उपधारा (७) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र बावुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ। त्यसैगरि, अङ्गीकृत नागरिकतामा पनि वैवाहिक सम्बन्धको आधारमा प्रदान गरिने नागरिकता बारेमा उपधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानुनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ भन्ने व्यवस्था गरिएको छ।**

कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने उल्लेख गरिएको थियो। उपधारा (२) मा नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ भनि उल्लेख गरिएको थियो।

त्यसैगरि, अङ्गीकृत नागरिकतामा पनि वैवाहिक सम्बन्धको आधारमा प्रदान गरिने नागरिकता बारेमा (५) उपधारा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाई चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ।[४]

### ३.३ नेपालको अन्तरिम संविधान २०६३[५]

संविधानको भाग २ मा नागरिकताबारे उल्लेख छ। वंशजको नागरिकता धारा ८ मा व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (२) को (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति र उपधारा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ भन्ने व्यवस्था गरिएको छ।

नागरिकताको प्रावधानमा वंशजको आधारमा नागरिकता उपलब्ध गराउँदा आमा वा बाबु नेपाली नागरिक भए हुने उल्लेख गरे पनि धारा ८ को उपधारा (७) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र बावुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ। त्यसैगरि, अङ्गीकृत नागरिकतामा पनि वैवाहिक सम्बन्धको आधारमा प्रदान गरिने नागरिकताका बारेमा उपधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानुन बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ भन्ने व्यवस्था गरिएको छ।

### ३.४ नेपालको संविधान (२०७२)[६]

धारा ११ को उपधारा (२) को (ख) मा वंशजको नागरिताबारे व्यवस्था गरिएको छ। जसअनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति, उपधारा (३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने उल्लेख छ। त्यसैगरि, उपधारा (४) मा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने उल्लेख छ। बाबुको पहिचान हुन नसकेको बारेमा उपधारा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुन बमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ भन्ने उल्लेख गरिएको छ।

उपधारा (७) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ। त्यसैगरि, अङ्गीकृत नागरिकतामा पनि वैवाहिक

४. नेपाल अधिराज्यको संविधान २०४७
५. नेपालको अन्तरिम संविधान २०६३
६. नेपालको संविधान (२०७२)

सम्बन्धको आधारमा प्रदान गरिने नागरिकता बारेमा उपधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ।

तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ।

### ३.५ नेपाल नागरिकता ऐन, २०६३[७]

दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्तिबारेमा उल्लेख गर्दै उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था उल्लेख छ।

दफा ३ को उपदफा (२) मा प्रतिबन्धात्मक वाक्य राख्दै उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छ। त्यसैगरि, उपदफा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ।

दफा ५ मा अङ्गीकृत नेपाली नागरिकता प्राप्तिसम्बन्धमा उपदफा (१) मा नेपाली नागरिकसँग वैवाहिकसम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्नेछ भन्ने उल्लेख छ।

त्यसैगरि उपदफा सोही दफाको उपदफा (२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था छ।

### ४ निष्कर्ष

संविधान र नागरिकतासम्बन्धी कानुनलाई विश्लेषण गर्दा नागरिकतासम्बन्धी व्यवस्थामा नेपाली महिला र पुरुषमा विभेदयुक्त व्यवस्था गरिएको छ। यद्यपि संविधानको मौलिक हकअर्न्तगतको समानताको हकमा लिङ्ग वा कुनै पनि आधारमा विभेद गरिने छैन भन्ने उल्लेख गरिएको छ। के नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा आफ्नो लोग्नेलाई नेपाली नागरिकता दिलाउन सक्छे ? भन्ने प्रश्नमा विश्लेषण गर्दा: संविधानले महिलाको जीवनसाथी रोज्ने अधिकारमा रोकावट ल्याउन खोजेको देखिन्छ। नेपाली पुरुषले विदेशी महिलासँग विवाह गर्दा उक्त महिलाले तुरुन्त आफ्नो देशको नागरिकता त्याग्ने प्रकृया शुरु गर्दा नै नेपाली अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरेको छ भने नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गर्दा सजिलै नागरिकता पाउनसक्ने व्यवस्था संविधानले गरेको छैन। अर्थात उक्त विदेशी पुरुषले अङ्गीकृत नागरिकता प्राप्त गर्न अन्य व्यक्तिहरूले पूरा गर्नुपर्ने कानुनी प्रावधानहरू अपनाउनु पर्ने व्यवस्था संविधानले गरेको छ। अर्थात विदेशी पुरुषसँग विवाह गर्ने नेपाली महिलाले वैवाहिक सम्बन्धको आधारमा आफ्नो लोग्नेलाई नागरिकता दिन नसक्ने व्यवस्था गरि नेपाली महिलालाई नेपाली पुरुषको दाजोमा दोस्रो दर्जाको नागरिकको स्थान दिई संविधानले नै विभेदकारी व्यवस्था गरेको छ।

त्यस्तै के नेपाली महिलाले आफूले जन्माएको सन्तानलाई स्वतन्त्ररूपले नेपाली नागरिकता दिलाउन सक्छे ? वंशजको आधारमा नागरिकता दिलाउन बाबु वा आमा नेपाली नागरिक भए हुने व्यवस्था भए पनि आमाको नामबाट नागरिकता दिलाउन बाबु पहिचान नभएको प्रमाणित गर्नुपर्ने हुन्छ। त्यसैगरि नेपाली महिलाले विदेशीसँग विवाह गरेको हकमा बालबालिका नेपालमा जन्मेको हुनुपर्ने, नेपालको स्थायी बसोवास गरेको बाबुको नागरिकताको आधारमा अन्य देशको नागरिकता नलिएको अवस्थामा मात्र आमाले आफ्नो सन्ताललाई अङ्गीकृत नागरिकतामात्र दिनसक्ने व्यवस्थाले महिलालाई स्वतन्त्ररूपमा आफ्नो सन्तानलाई नागरिकता दिलाउने अधिकारबाट बञ्चित गरेको छ।[८]

**धारा ११ को उपधारा (२) को (ख) मा वंशजको नागरिताबारे व्यवस्था गरिएको छ। जसअनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति, उपधारा (३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने उल्लेख छ। त्यसैगरि, उपधारा (४) मा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने उल्लेख छ। बाबुको पहिचान हुन नसकेको बारेमा उपधारा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुन बमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ भन्ने उल्लेख गरिएको छ।**

---

७. नेपाल नागरिकता ऐन, २०६३

८. इन्दु तुलाधर, "संविधानवाद र महिला अधिकार,२०७३"के महिलाले स्वतन्त्ररूपमा आफ्ना बालबालिकालाई नागरिकता दिलाउन सक्छन् ?, पृ. २६

# न्यायको कसीमा प्रस्तावित यातनासम्बन्धी विधेयक



अधिवक्ता, वसन्त गौतम

विरोधी तह लगाउने बहानामा होस वा अपराधमा सावित गराउन, सूचना प्राप्त गर्न होस् डरत्रास देखाएर बयान गराउन, यातनालाई नै माध्यमको रूपमा प्रयोग गर्ने परिपाटी अझै हट्न सकेको छैन। वैज्ञानिक अनुसन्धान पद्धति अपनाई मुद्दाको अनुसन्धान गर्ने भन्दा पनि यातनालाई अभियुक्त साबिती गराउने बलियो हतियारको रूपमा अपनाइने गरेका कारण यातनाका घटनाले निरन्तरता पाइरहेका छन्।

प्रहरी हिरासतहरूमा व्यापकरूपमा हुने यातनालाई नेपाल सरकारले रोक्न सकेको छैन। यातनाविरुद्धको महासन्धिको कार्यान्वयनको अवस्था अनुगमन गर्न बनेको जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय विशेषज्ञहरूको यातना विरुद्धको समितिले नेपालमा संस्थागत रूपमै यातना दिने गरिएको जनाएको थियो। ६ वर्षको अध्ययनपछि समितिले प्रतिवेदन सार्वजनिक गर्दै नेपालभर यातना सुनियोजित ढङ्गले हुने गरेको, यातनालाई निषेध गर्ने कानुन निर्माण गर्न नेपाल सरकार असफल रहेको वा जारी दण्डहीनतालाई रोक्न नसकेको बरु पीडकहरूको बचाउ गर्ने नीतिहरूलाई मौन स्वीकृति दिएको र यातनालाई निरन्तरता दिन छुट प्रदान गरेको ठहर गरिएको छ। यसले यातनाको अभ्यास नेपालमा ठूलो समस्याको रूपमा रहेको पुष्टि गरेको छ।

बयानमुखी अनुसन्धान पद्धति र देवानी प्रकृतिको फितलो कानुनी प्रणालीले यातनाका घटना हुनमा मद्धत पुर्‍याइरहेको छ। अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान २०७२ र सर्वोच्च अदालतले यातनालाई गम्भीर फौजदारी अपराध मानेको भए पनि नेपालमा बल्ल यातनालाई फौजदारी अपराधिकरण गर्ने कानुन बन्ने तयारीमा रहेको छ। हिरासतमा ठूलो सङ्ख्याका थुनुवाहरूले यातना पाएको बताएता पनि विभिन्न कारणले पीडितहरू न्यायिक उपचारमा गएको पाइँदैन। गएकाहरूले पनि सहज तरिकाले न्याय पाउन सकेको देखिँदैन।

प्रहरी नियन्त्रणमा रहेको व्यक्ति त्यसै पनि स्वतन्त्रताबाट बञ्चित र निरिह जस्तो हुन्छ। थुनुवाले गरेको भनिएको अपराधकाविरुद्ध राज्य संयन्त्र नै लागेको अवस्थामा यातना पाएर पनि ठूलो सङ्ख्याका पीडितहरूले असुरक्षा महसुस गर्दै कमैले मात्र प्रहरीविरुद्ध उजुरी गरेको पाइन्छ।

सन् २०१५ को नोभेम्बरमा स्वीजरल्याण्डको जेनेभामा भएको मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका दौरान नेपालले यातनालाई अपराधिकरण गर्ने, यातनाका घटनाहरूलाई निष्पक्ष ढङ्गले अनुसन्धान गरिने र पीडितलाई परिपूरणको अधिकार दिइने प्रतिबद्धता जनाएको भएता पनि अहिलेसम्म पनि नेपालमा यातना अपराधको रूपमा दर्ज भइसकेको छैन।

२०६४ सालमा राजेन्द घिमिरेसमेतविरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा सर्वोच्च अदालतलले सरकारले यातनाविरुद्धको महासन्धि अन्तर्गतको आफ्नो दायित्वप्रति तादात्म्यता राख्न र यातनालाई अपराधिकरण गर्ने कानुन निर्माणका लागि पहल गर्न आदेश दिएको थियो। सर्वोच्च अदालतले बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशउपर २०७० पुस १८ गते आदेश गर्दा यातनालाई अपराधिकरण गर्नुपर्ने राज्यको दायित्वमा जोड दिएको थियो। अदालतले यातनाबाट मुक्त रहन पाउने अधिकार व्यक्तिको मौलिक अधिकार भएका कुरालाई सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय कानुनअन्तर्गत यातनालगायतका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूमा माफी हुन नसक्ने भनी स्पष्ट पारेको छ।

यातनालाई अपराधिकरण गर्ने कानुनको माग भइरहेको बेला संसद्मा यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक दर्ता भए पनि अझै पारित भएको छैन। यो विधेयकमा उल्लेखित प्रवाधान हेर्दा कतिपय कुराहरू यातनाविरुद्धको महासन्धि अनुकुल देखिँदैन। विधेयकमा रहेका केही प्रावधानहरू संशोधन नभए सहजै पीडितको सत्य, न्याय र परिपुरण प्राप्त गर्ने अधिकार सुनिश्चित हुने देखिँदैन।

यातना तथा अन्य दुर्व्यवहारलाई अपराधिकण गर्न सरकारको यो पहलले नेपालको राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय कानुन र मापदण्ड अनुकूल बनाउन तथा नेपालको अन्तर्राष्ट्रिय कानुनी दायित्वका कार्यान्वयनमा महत्त्वपूर्ण कदमको प्रतिनिधित्व गर्छ। यसका साथै यो कदमले भर्खर जारी भई लागु भएको नेपालको सविधानको धारा २२ मा गरिएको संवैधानिक सुनिश्चितताामा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ। तथापि, हालको स्वरूपमा प्रस्तावित विधेयकमा रहेका प्रावधानहरू अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डसँग मेल नखाने र यस सम्बन्धमा नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्व पूरा गर्नसमेत कमजोरी रहेको छ।

नेपालको हाल विद्यमान राष्ट्रिय कानुनअन्तर्गत यातना र अन्य दुर्व्यवहारलाई

फौजदारी कसुर मानिएको छ। अन्तर्राष्ट्रिय कानुनी दायित्व अनुकूल बन्नका लागि यसले आवश्यकता अनुसार यातना तथा अन्य दुर्व्यवहारलाई रोक्न, अपराधिकण गर्न र उपचार प्रदान गर्न आवश्यक कानुनी व्यवस्थाको बन्दोवस्त गर्न पर्ने हुन्छ। अझ, यातना र अन्य दर्व्यवहारका पीडकहरूलाई जवाफदेही बनाउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको प्रभावकारी कार्यान्वयन अत्यावश्यक हुन्छ।

विधेयकका सम्बन्धमा सार्वजनिक रूपमा बृहत्तर छलफल भई सरोकारवालाहरूको सुझावसमेत समेटिन सकेको भए उपयुक्त हुने थियो। प्रस्तावित विधेयकमा यातनालाई अपराधिकण, यातनाका उजुरीउपर अनुसन्धान तथा अभियोजन गर्ने संयन्त्रको व्यवस्था र पीडितलाई पाँच लाखसम्मको क्षतिपूर्तिको व्यवस्था गरेको कुरालाई सकारात्मक मान्न सकिन्छ। यो विधेयक प्रचलित यातनासम्बन्धी कानुनको तुलनामा धेरै हदसम्म प्रगतिशील छ। यसले केही हदसम्म भए पनि दण्डहीनतालाई सम्बोधन गर्न र पीडितलाई न्याय प्रदान गर्न पर्यत्न गरेको भएता पनि अझै केही कुराहरूमा सुधार भयो भने यसले यातना न्यूनीकरण र पीडितको न्यायमा निश्चिय नै मद्धत पुऱ्याउनेछ।

तर यस विधेयकले आफ्ना उद्देश्य हासिल गर्न, सविधानद्वारा प्रदत्त अधिकारहरूको प्रवर्द्धन गर्न र नेपाल राज्यले आफ्नो सन्धिजनित दायित्व पूरा गर्नका लागि अहिले प्रस्तावित प्रावधानहरू काफी छैनन्। ऐनका उद्देश्यलाई थप प्रभावकारी ढङ्गले हासिल गर्नका लागि नीति निर्माताहरूले विधेयकमा केही महत्त्वपूर्ण प्रावधानहरू समावेश गर्नुपर्ने देखिन्छ।

**प्रस्तावित विधेयकमा समेट्नुपर्ने विषयहरू :**

मस्यौदा विधेयकमा गरिएका यातनाको परिभाषा यातना र दुर्व्यवहारका विभिन्न प्रकार र अवस्थाहरूलाई यसको दायरा भन्दा बाहिरै छाड्ने गरी अत्यन्तै साँघुरो पारिएको छ। यो परिभाषा अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरू विशेषत: यातना विरुद्धका महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसँग मेल खाँदैन।

अहिले प्रस्ताव गरिएको मस्यौदा विधेयकको परिभाषामा नेपालको संविधानको धारा २२ को जस्तै "थुनामा रहेका व्यक्ति" भन्ने सन्दर्भ राखिएको छ। दफा २ (ट) ले अन्य कुनै पनि व्यक्तिको सन्दर्भ जोडे पनि विधेयकको पछिल्ला प्रावधानहरूले थुनामा रहँदा यातना पाएको व्यक्तिलाई मात्र संरक्षण प्रदान गर्न खोजेजस्तो देखिन्छ। उदाहरणका लागि, दफा ११ ले यातना पीडितलाई अदालतसमक्ष उजुरी गर्ने अधिकार दिएको छ तथापि, उजुरीमा "थुनामा राखिएको अवधि र कारण" का विवरण प्रस्तुत गर्नुपर्ने कुरा तोकिएको छ (दफा ११.१.क)। त्यस्तै दफा १२, १३, १४, १५ र १६ का व्यवस्थाहरू दफा ११ म निर्भर रहेका छन्। तसर्थ, विधेयकमा थुनामा नरहेका कुनै व्यक्तिलाई दिइएको यातनाकाविरुद्ध जाहेर वा उजुरी गर्न संयन्त्रको स्पष्टता गरेको देखिँदैन। हिरासतमा नरहेका कुनै व्यक्तिलाई यातना दिने पीडकविरुद्ध अनुसन्धान, अभियोजन र न्यायिक निरूपणको स्पष्टता छैन। यसैगरी दफा २२ अनसार क्षतिपूर्ति प्राप्त गर्नका लागि पीडितले आफूले यातना पाएका कुरा स्थापित गर्नैपर्ने हुन्छ। तसर्थ माथि लेखिएका कारणले "थुनाभित्र" नभएको यातनालाई विधेयकका प्रावधानहरूले समेट्न कठिन देखिन्छ।

यातनाका घटनाको उजुरी हाल्ने (दफा ११) तथा अभियोग दर्ता (दफा ११) गर्ने हदम्यादलाई बढाउनुपर्छ। यस विधेयकले पनि पीडित व्यक्तिले आफूलाई यातना दिएको वा दुर्व्यवहार गरेको मितिले वा थुनाबाट मुक्त भएका मितिले ९० दिनभित्र उजुरी दिन सक्नेछ (दफा ११) भनी व्यवस्था गरेको छ। साथै अपराध भएका मितिले १ वर्ष भित्र अभियोगपत्र दर्ता गरी सक्नुपर्नेछ भनी व्यवस्था गरेको छ (दफा १७)। व्यवहारिक रूपमा हेर्दा पीडित व्यक्तिले यातना दिएको वा दुर्व्यवहार गरेको मितिले ९० दिनभित्र उजुरी दिन नसक्ने धेरै कारणहरू हुन सक्छन्। पीडित व्यक्ति दुर्व्यवहार गर्ने निकायसँग यथार्थमा डराएको हुनसक्छ। यातनाका कारण शारीरिक वा मानसिक आघातहरू भोगिरहेको हुनसक्छ, उसलाई कानुनी परामर्शसम्मका पहुँच नहुन सक्छ वा भौगोलिक सीमाका कारणले गर्दा उजुर गर्न कठिनाइ हुनसक्छ। कुनै अवस्थामा पीडित व्यक्तिले ९० दिन भित्र उजुरी दिन सफल भए पनि सरकारी वकिल कार्यालयले यातनाको अभियोगपत्र यातना भएको १ वर्ष भित्र दर्ता गरी सक्नुपर्ने प्रावधानले गर्दा दण्डहीनताले प्रश्रय पाउन सक्छ। यी दुवै प्रावधानहरूले यस कानुन कार्यान्वयनका लागि गम्भीर व्यवहारिक अडचन खडा गर्न सक्छ वा यातनाविरुद्धका महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि अर्न्तगतको राज्यको दायित्वको विपरीत पनि हुन्छ। यसो भएको हुनाले यातना पीडितले उजुरी दर्ता गर्ने समयावधि निर्धारण गर्ने प्रावधानलाई हटाउन दफा ११ र १७ संशोधन गर्न र अपराधका अभियोजन वा परिपूरणका प्रावधानमा तोकिएको हदम्याद खारेज गरिनुपर्छ। मुद्दा दायर गर्ने लामो हदम्याद राखिनुपर्छ। त्यसबाहेक पनि हदम्याद बढाउनुपर्ने पर्याप्त कारण र आधार भएमा अदालतलाई सो हदम्याद बढाउने स्वविवेकीय अधिकार दिइनु पर्छ।

अहिलेको प्रस्तावित विधेयकमा अपराधको विश्वव्यापी क्षेत्राधिकारको बारेमा मौन रहेको देखिन्छ। यातनाविरुद्धको महासन्धि अनुसार हरेक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार भित्र रहेका कुनै पनि यातनाका कार्यमा आरोपित कसुरदारलाई अनुसन्धान गर्न बाध्य हुन्छ र पर्याप्त प्रमाण भएमा उक्त व्यक्तिलाई सुपुदर्गी वा अभियोजन गर्नुपर्दछ। तसर्थ नेपाल बाहिर भएका यातनाका अपराधलाई पनि क्षेत्राधिकार प्रदान गर्न निश्चित प्रावधानहरू समावेश गरिनु पर्दछ।

प्रस्तावित विधेयकमा रहेको दण्ड सजायको प्रावधानलाई दिगो बनाउनुपर्छ (दफा २०)। यस विधेयकमा यातना दिने कार्य गर्ने वा आदेश दिने अधिकारीलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना गर्ने प्रावधान छ। यद्यपि यातनाका कारण पीडित व्यक्तिको अङ्गभङ्ग भएमा, बलात्कार वा यौन हिंसाको शिकार भएमा वा हिंसा भड्काउन अन्य सूचीकृत तत्व विद्यमान छ भने उक्त तोकिएको सजाय १० प्रतिशतले बढ्ने प्रावधान राखिएको छ (उपदफा ३)। उल्लेखित प्रावधानले यातनाका अभियुक्तलाई सजायका रूपमा जरिबाना मात्र पनि हुनसक्ने देखिन्छ। उक्त प्रावधान नेपालका महासन्धिजनित दायित्व अनुरूप देखिँदैन। यातना विरुद्धको महासन्धि अर्न्तगत

नेपाल सरकारले यातना दिने कार्यमा संलग्न व्यक्तिलाई उपयक्त दण्ड दिनुपर्ने प्रावधानले उक्त अपराधको गम्भीरतालाई दर्साउँछ (धारा ४(२)। यातना विरुद्धको समितिले सामान्यतया कैद सजाय उपयुक्त हुन्छ भनी स्पष्ट पारेको छ। यातनाका कसुरमा अन्य राष्ट्रद्वारा अवलम्बित कैद सजाय हेर्दा माल्दिभ्समा २५ वर्ष राखिएको छ। यस्तै इन्डोनेसियामा १५ वर्ष, श्रीलङ्कामा १० वर्ष, युगान्डामा १५ वर्ष, अस्ट्रेलियामा २० वर्ष, बेलायतमा जन्मकैदसम्मको सजायको व्यवस्था गरिएको छ। अत: यातना गम्भीर मानवअधिकार विरोधी फौजदारी अपराध भएकोले यो अपराधमा पर्याप्त अवधिसम्म कैद सजाय सुनिश्चित गर्ने गरी दफा २० मा भएको प्रावधानलाई संशोधन गर्न उपयुक्त हुन्छ। कैद सजायका अधिकतम अवधि पर्याप्त रूपमा बढाउनु पर्दछ।

यस्तै अहिले प्रस्तावित ऐनमा संशोधन गर्नुपर्ने विषय क्षतिपूर्ति र परिपूरण हो। विधेयकमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने प्रावधान भएता पनि क्षतिपूर्ति रकमको हद ५ लाख रुपियाँसम्म तोकेको छ (दफा २२)। यातनाविरुद्धको महासन्धिअन्तर्गत नेपाल सरकारले यातना एवम् दुर्व्यवहारका पीडितलाई अपराधको गाम्भीर्यता तथा शारीरिक तथा मानसिक आघातलाई ध्यानमा राखी पर्याप्त, प्रभावकारी र प्रतिशतका आधारमा परिपूरण दिने कुराको सुनिश्चितता कानुनमा गरिनु पर्दछ। त्यसैले यातनाका कारण ठूलो क्षति पुगेका पीडितका लागि ५ लाख रुपियाँ क्षतिपूर्ति अपर्याप्त हुन सक्छ। यस्ता किसिमका परिपूरण पीडितको चाहना, आवश्यकता र सन्तुष्टि मिल्ने खालेको हुनुपर्छ। नीति निर्माताहरूले यातना पीडितहरूका लागि अन्य प्रकारका परिपूरणहरू जस्तै पुनर्वास, पुन:स्थापना, सन्तुष्टि र घटनाको नदोहोरिने प्रत्याभूति समेत प्रदान गर्नका लागि प्रस्तावित कानुनमा अझ विस्तृत प्रावधानहरू समावेश गर्नेतर्फ ध्यान दिनुपर्दछ।

यसैगरि, प्रस्तावित ऐनमा सुधार गर्नुपर्ने अर्को कुरा गलत उजुरी हाल्नेसम्बन्धी प्रावधान (दफा ३१) पनि हो। विधेयकमा यातनासम्बन्धी गलत उजुरी हाल्ने व्यक्तिलाई जरिबानाको सजाय निधारण गर्ने प्रावधान छ (दफा ३१)। यातनाको कार्य प्राय: गोप्य रूपले सम्पन्न हुने र शक्ति सम्पन्न व्यक्तिबाट हुने हुँदा यसलाई साबित गर्न अत्यन्त गाह्रो हुन्छ। ऐनमा यस्ता प्रावधान समावेश गर्नाले यातनाका वास्तविक पीडितलाई उजुरी दर्ता गराउनबाट हतोत्साहित बनाउने खतरा रहन्छ। कुनै व्यक्तिले गलत उजुरी दर्ता गराएको भनी साबित भएमा प्रचलित अन्य कानुनमा त्यसलाई सम्बोधन गर्ने संयन्त्र छँदैछ। यसो भएको हुनाले दफा ३१ अनुसार गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवानाको सजाय निर्धारण गर्ने प्रावधान खारेज हुनपर्दछ।

यसै प्रस्तावित यातना विधेयकमा न्याय प्राप्तिका दौरानमा आउनसक्ने बाधाहरूलाई सम्बोधन गर्ने कानुनी प्रावधानहरू समेटिनु पर्दछ। यातना वा अन्य दुर्व्यवहारबाट पीडित भएका व्यक्तिले न्याय प्राप्तिका दौरान सामना गनुपर्ने बाधा अड्चनलाई सम्बोधन गर्न र कानुनी संरचनालाई थप सबल बनाउनका लागि नीति निर्माताहरूले विधेयकउपर छलफल गर्दा अन्य केही थप पहलकदमी पनि गर्न सकिन्छ भन्ने कुराको हेक्का राख्नुपर्दछ। उक्त कदमहरूमा उजुर गर्ने संयन्त्र पनि हो। विधेयकको मस्यौदामा यातनासम्बन्धी उजुरीहरू अदालतमा दायर गर्नुपर्ने प्रावधान रहेको छ (दफा ११)। तर गरिबी, अज्ञानता वा भौगोलिक विकटता जस्ता कारणले यातना पीडितहरूको अदालतसमक्ष पहुँच नपुग्न पनि सक्छ। त्यसकारण उजुरी दायर गर्न तथा हिरासतमा रहेका व्यक्तिलाई उजुर गर्न सकिने अधिकारको प्रत्याभूति गराउने संयन्त्र वा निकायहरू बनाइनु पर्दछ। यस्ता निकाय हिरासत प्रमुख, स्वतन्त्र अनुगमन गर्न पाउने अन्य निकाय, प्रहरी र राष्ट्रिय मानव अधिकार आयोग हुन सक्दछन्। तसर्थ यी निकायमा यस्ता उजुरी दायर भएपछि त्यसलाई अदालत समक्ष पेश गर्नुपर्ने दायित्व पनि निहीत गरिनु पर्दछ।

प्रस्तावित विधेयकअनुसार छानबिनको प्रक्रिया अदालतबाट परिचालित र निरीक्षित हुन्छ र प्रचलित फौजदारी न्याय प्रणालीबमोजिम सञ्चालित हुन्छ (दफा १२)। तर यातना एवम् दुर्व्यवहारसम्बन्धी अपराधमा प्रहरी र सरकारी वकिलले अनुसन्धान र अभियोजन गर्न बेवस्ता गर्ने गरेको अहिलेसम्मको अनुभवले देखाउँछ। अत: विधेयकलाई दिगो बनाउन यातना एवम् दुर्व्यवहारसमेत गम्भीर प्रकृतिका मानवअधिकार हननका उजुरी प्रहरी र सरकारी वकिल कार्यालयको समन्वयमा विज्ञता हासिल गरेका स्वतन्त्र अनुसन्धानात्मक संयन्त्र निर्माण गर्न सकेमा पीडितको न्यायमा पहुँच पुग्न सक्छ।

यातनासम्बन्धी उजुरी गर्न पीडितले आफूले उठाएका मुद्दामा अभियोजनको दौरान आफ्ना भावना प्रस्तुत गर्न निज आफैँले कानुनी प्रतिनिधि चयन गर्न पाउने व्यवस्था विधेयकले गरेको छ (दफा १९)। तर श्रोत साधनको अभावमा अधिकांश पीडितले आफ्नो कानुन व्यवसायी राख्न सक्दैनन्। आर्थिक अभावमा कानुन व्यवसायी राख्न नसक्ने यातना पीडितलाई नि:शुल्क कानुन व्यवसायी उपलब्ध गराउने व्यवस्था यस विधेयकमा पनि राख्न सकिएको खण्डमा यसले पीडितले न्याय पाउन सहज हुन सक्छ। यातनासम्बन्धी प्रस्तावित विधेयकले यातनाको उजुरी गर्न पीडितका लागि कही अधिकारहरू जस्तै: मुद्दाका अनुसन्धानको प्रगतिको विषयमा सूचना पाउने अधिकार, अनुसन्धान प्रक्रियामा सहभागी हुन पाउने अधिकार र अभियाजन गर्ने निकायहरूका निर्णयउपर पुनरावेदन गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ। विधेयकले हिरासतमा राखेपछि वा छाडिसकेपछि "सम्भव भएसम्म" शारीरिक जाँच उपलब्ध गराउनुपर्ने प्रावधान गरेको छ (दफा २४)। उक्त शारीरिक जाँच प्रणाली प्रभावकारी छ भन्ने सुनिश्चित गर्न, व्यक्ति गिरफ्तार भएपछि र हिरासतमुक्त दुवै अवस्थामा यथाशीघ्र शारीरिक जाँच गर्न बाध्यकारी बनाउनुपर्छ।

नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिलाई नेपालले २०४८ सालमै अनुमोदन गरेको थियो भने बालअधिकारसम्बन्धी महासन्धिलाई नेपालले २०४७ सालमा अनुमोदन गरेको थियो। उल्लिखित महासन्धिहरूले यातना तथा अन्य दुर्व्यवहारलाई स्पष्टत: निषेध मात्र नगरि त्यस्तो अभ्यासलाई रोक्न, अपराधिकरण गर्न र उपचार प्रदान गर्न खासखास उपायहरू अपनाउनुपर्ने दायित्व भएकोमा नेपाल

सरकारले यतिका वर्षपछि मात्र यातनालाई अपराधिकरण गर्ने गरि विधेयक संसद्मा प्रस्तुत गरेको छ। यातनाविरुद्धको महासन्धिको धारा २ (१) अनुसार हरेक पक्ष राष्ट्रले आफ्ना क्षेत्राधिकार भित्रका भूभागमा यातनाका कार्यलाई रोक्न प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अपनाउने छन्। (२) युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जुनसुकै भए पनि कुनै पनि अपमानजनक परिस्थितिलाई यातनाको पुष्ट्याँइकारूपमा याचना गर्न सकिँदैन भनेर क्याटका पक्ष राष्ट्रहरूको दायित्व हुने भएकाले हामीले यातनाविरुद्धको कानुन बनाइरहँदा निम्न कुराहरू समावेस गरि कानुन निमार्ण गर्न जरुरी छ। यसो भयो भने मात्रै यातना रोकथाममा सरकारी दायित्व निर्वाह गरेको मान्न सकिन्छ।

सार्वजनिक अधिकारीले कुनै पनि सन्दर्भमा गरेका यातनाजन्य अपराधमा अभियोजन हुनसक्ने व्यवस्था गरिनु पर्दछ। प्रस्तावित मस्यौदाको दफा २ (ञ) मा रहेको "नियन्त्रणमा लिन, गिरफ्तार गर्न, कसुरको अनुसन्धान, तहकिकात वा अभियाजन गर्न, सुरक्षा प्रदान गर्न वा सजायको कार्यान्वयन गर्न जिम्मवारी भएका" भन्ने वाक्यांशलाई हटाउन र यातनाविरुद्धको महासन्धिको धारा १ अनुरूप यसको परिभाषा गरिनु पर्दछ। सबै परिस्थितिमा हुने यातनालाई रोक्ने कर्तव्यलाई समेटेर दफा ६ को क्षेत्र विस्तृत गरिनु पर्छ। दफा ६ को उल्लङ्घन गर्ने अधिकारीलाई निजको अपराधको गम्भीरताको अनुपातमा सजाय हुने व्यवस्था हुनुपर्दछ। विधेयकको दफा २० मा गरिएको अधिकतम सजाय पुनरावलोकन गरी यातना विरुद्धको महासन्धि अनुरूप अपराधको मात्राअनुसार सजायमा वृद्धि गरिनु पर्दछ। यातना दिन आदेश दिने सार्वजनिक अधिकारीलाई थप सजायको व्यवस्था गरिनु पर्दछ। विधेयकको दफा ११ मा राखिएको हदम्यादको सीमालाई संशोधन गरि हदम्यादको खुलुको व्यवस्था गरिनु पर्दछ। यसको साटो विधेयकमा यातना वा अन्य दुर्व्यवहारका उजुरी दर्ता गर्न वा मुद्दा चलाउनमा हदम्याद नलाग्ने प्रावधान राखिनुपर्दछ।


प्रतिस्थापन, पुर्नस्थापना, सन्तुष्टि र नदोहोरिने कुराको सुनिश्चिततालगायतका सबै प्रकारका परिपूरणका स्वरूपहरूलाई समेट्ने गरि कानुनको निमार्ण गरिनु पर्दछ। यातना रोकथाम र पीडितलाई न्याय दिलाउने दायित्व पूरा गर्न आवश्यक प्रशासनिक नियमहरूको निर्माण गर्न सरकारलाई अधिकार प्रदान गरिनुपर्छ। "यस ऐनअनुसार कसैलाई यातना दिएको वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार भएको प्रमाणित भएमा" भन्ने पदावलीलाई दफा २२ बाट हटाई न्यायिक प्रक्रियाको अस्तित्व वा प्रतिफलबाट स्वतन्त्र रूपमा नै यातना वा दुर्व्यवहार भएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा परिपूरण प्राप्त गर्ने पीडितको अधिकारलाई सुनिश्चित गरिनु पर्दछ। साथै, परिपूरण प्रदान गर्ने प्राथमिक दायित्व राज्यमा नै निहित रहनुपर्दछ, पीडकमा मात्र राखिनु हुँदैन। झुटा उजुर गर्नेलाई सजाय हुने सम्बन्धमा विधेयकका दफा ३१ मा रहेका व्यवस्थालाई हटाउनुपर्छ। यातनाको रोकथाममूलक कार्यक्रम लागु गर्न र त्यसको कार्यान्वयनको अनुगमन गर्न राज्यका निर्दिष्ट निकायलाई जिम्मवारी दिने व्यवस्था विधेयकमा गरिनु पर्दछ। यातनाका आरोपित सबै व्यक्तिहरूलाई निजको राष्ट्रियता जेसुकै भए पनि र अपराध जहाँसुकै घटित भएको भए पनि ती व्यक्तिहरूलाई अभियोजन गर्नसक्ने गरी नपाली अधिकारीलाई सक्षम बनाउने व्यवस्था विधेयकमा उल्लेख गरिनु पर्दछ। यातना वा अन्य दुर्व्यवहार गरिएका व्यक्तिले दिएको बयानलाई प्रमाणमा गहण नगर्ने र अन्य दुर्व्यवहारका घटनामा पनि त्यस्तो बयानलाई प्रमाणमा गहण नगर्ने व्यवस्था स्पष्टरूपले समेट्ने गरी विधेयकको दफा २८ (१) लाई संशोधन गरिनु पर्दछ। कुनै व्यक्ति यातना वा दुर्व्यवहारको सिकार हुनसक्ने खतरामा पर्न सक्ने कुरा विश्वास गर्नुपर्ने मनासिव आधार भएमा सम्बन्धित राज्यमा मानवअधिकारको उल्लङ्घनका स्थिर प्रवृत्तिलगायत सबै सान्दर्भिक कुराउपर विचार गरी त्यसका व्यापक आधारमा त्यसको निधारण निर्भर हुने गरी अप्रत्यार्पणको अन्तर्राष्ट्रिय सिद्धान्तसँग पूरापुर मेल खाने कुरालाई सुनिश्चित गर्न यातनाविरुद्धको महासन्धिको धारा ३ अनुकूल त्यस्ता व्यक्तिको सुपुदर्गी, फिर्ता, निष्कासन वा हटाउने कुरामा स्पष्टरूपले बाध्यात्मक र निरपेक्ष निषेध राखेर विधेयकका दफा ३३ लाई संशोधन गर्न आवश्यक छ।

हालका दिनहरूमा पनि यातना दिने कार्यले निरन्तरता पाइरहेको अवस्थामा थुनुवाहरू माथि बढ्दो दुर्व्यवहार र यातना रोकथाम गर्न नेपालको यातनासम्बन्धी कानुन र अनुसन्धान पद्धतिमा आमूल परिवर्तनको आवश्यकता छ। यसका लागि यातनाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि र सर्वोच्च अदालतले यातनालाई अपराधिकरण गर्ने सम्बन्धमा दिएको आदेशसमेतलाई मध्यनजर राख्दै यातनालाई अपराधिकण गर्ने खालको कानुनको निमार्ण गरि उक्त कानुनको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्दछ। अपराध अनुसन्धानमा प्रमाणमुखी र वैज्ञानिक अनुसन्धान पद्धतिको विकाश गरी पीडकलाई फौजदारी दायित्व बहन गराउनु पर्दछ। धाकधम्की र यातना दिएर नभई वैज्ञानिक अनुसन्धान पद्धति र प्रमाणका आधारमा दोषी र निर्दोषी छुट्याउने परिपाटीको विकाश गरिनुपर्दछ। साथै यातना अपराधजन्य कुरा हो, गम्भीर मानव अधिकार उल्लङ्घनको घटना हो भन्ने कुराको व्यापक प्रचार प्रसार हुन पनि उत्तिकै जरुरी छ।

यातनाको घटनाको अनुसन्धान, तहकिकात गर्न एउटा छुट्टै स्वतन्त्र संयन्त्र बनाई सो संयन्त्रमार्फत मात्र अनुसन्धान, तहकिकात गर्ने गराउने व्यवस्था मिलाइनु पर्दछ। पीडितको स्वास्थ्य परीक्षण अनिवार्य, गोप्य तथा इस्तानबुल प्रोटोकलसम्बन्धी कार्यविधिअन्तर्गत सरकारी तथा निजी चिकित्सकबाट गर्ने गराउने व्यवस्था गर्नु र स्वास्थ्य उपचार नि:शुल्क रूपमा गर्ने व्यवस्था मिलाइनुपर्छ। मुद्दा विचाराधीन रहेको अवस्थामा यातना पीडित र यातना पीडितका साक्षीहरूको सुरक्षाको प्रत्याभूतिको व्यवस्था मिलाउनुपर्छ। पीडितलाई समाजमा सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनाउनु र मनोसामाजिक मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्छ। उल्लिखित कुराहरूको सुनिश्चितताका लागि अहिले प्रस्तावित गरिएको यातनासम्बन्धी विधेयकलाई आवश्यक परिमार्जजनसहित संशोधन गरेर विधेयकलाई शीघ्र पारित गरि कार्यान्वयनमा ल्याइनुपर्छ। यसो हुनसक्यो भने मात्र यातनाको रोकथाम र न्यायमा सघाउ पुग्न सक्छ।




संविधानसभा निर्वाचन अनुगमनका लागि इन्सेकको संयोजकत्व स्थापित www.cleanelection.org को सार्वजनिकीकरणको कार्यक्रम




फोरम एशिया र इन्सेकद्वारा आयोजित मानव अधिकार र निर्वाचनसम्बन्धी एक कार्यक्रमा आफ्नो मन्तव्य राख्नु हुँदै तत्कालीन प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती




संविधानसभा निर्वाचन सन्दर्भमा बारेमा देशभरका विभिन्न एफ. एम. रेडियोमा कार्यरत पत्रकारहरूलाई मतदाता शिक्षा बारेमा तालिम दिनुहुँदै इन्सेकका कार्यकारी सदस्य कुन्दन अर्याल



संविधानसभा निर्वाचनको अभिलेखीकरणमा इन्सेकका कर्मचारीहरू





संविधानसभा निर्वाचन अवसरमा कलंकी, काठमाडौं मतदान केन्द्रमा अनुगमन गर्नुहुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल

# निर्वाचन, लोकतन्त्र र मानव अधिकार

मानव अधिकार लोकतन्त्रको जगमा अडिएको हुन्छ भने लोकतन्त्र निर्वाचनको जगमा। प्रजातन्त्र बहालीका लागि निर्वाचन निष्पक्ष र स्वतन्त्र हुनु पर्दछ। अनि मात्र जनताले मानव अधिकारको उपभोग गर्न पाउँदछन्। निर्वाचनमा गाउँ घरका जनतादेखि सबैलाई सक्रिय र आत्मसम्मानका साथ सहभागी हुने वातावरणको सिर्जना गर्नुको साथै सम्बन्धित निकायलाई जिम्मेवार पनि बनाउनु पर्दछ। यसका लागि इन्सेकले २०४८ सालमा सम्पन्न संसदीय निर्वाचनदेखि नै देशमा भएका निर्वाचनहरूमा विशेष अभियानहरू मार्फत सक्रिय रहँदै आएको छ। विभिन्न देशमा हुने निर्वाचनहरूमा समेत इन्सेकलाई अनुगमनका लागि निमन्त्रणा गर्ने गरिएको छ।


**– विमलचन्द्र शर्मा**




संसदीय निर्वाचन २०४८ मा मतदाता शिक्षाका लागि इन्सेकद्वारा प्रकाशित मैथली भाषाको सूचना र पुस्तिका




आम निर्वाचन २०५६ मा मतदाता शिक्षाका लागि इन्सेकद्वारा प्रकाशित पुस्तिका




इन्सेकद्वारा प्रकाशित संविधानसभा निर्वाचन २०७० को प्रतिवेदन




इन्सेकको संयोजकत्वमा गठित 'स्वच्छ निर्बाचनको लागि नागरिक अभियान २०७० ले कन्हानप' को महेन्द्रनगरमा आयोजना गरेको नागरिक सभालाई सम्बोधन गर्नुहुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



बङ्गलादेशमा सन् २००८ मा भएको निर्वाचनको अनुगमन गर्नुहुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



संविधानसभा निर्वाचनको प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरूबारे प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतिलाई ज्ञापनपत्र बुझाउनु हुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



संविधानसभा निर्वाचन अनुगमनको क्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम, ओएचसीएचआर प्रमुख इयान मार्टिनसँग ललितपुरको मङ्गलबजार मतदान केन्द्रमा

# घरेलु हिंसासम्बन्धी संशोधित र थप कानुनी व्यवस्था



विन्दु महत*

**विषय प्रवेश**

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ३८ ले महिलाहरूको अधिकार सुनिश्चित गरेको पाइन्छ। धारा ८४ उपधारा ८ ले महिलाहरूको लागि ३३ प्रतिशत सहभागिता सुनिश्चित गरेको छ। त्यसैगरी, राज्यद्वारा गठित आयोग, विकास समिति, उपभोक्ता समितिलगायत, समानुपातिक प्रतिनिधित्वका आधारमा एक तिहाई महिला उम्मेदवारी र सहभागिता सुनिश्चित गर्ने जस्ता प्रावधान राखिएको छ। राज्य संयन्त्रका हरेक निकायमा महिलाको सहभागिता सुनिश्चित गरेको छ भने हाल राष्ट्राध्यक्ष, सभामुख, प्रधानन्यायाधीश जस्ता पदमा महिला आसिन हुनुले अन्तर्राष्ट्रिय स्तरमै नेपालको गरिमा उच्च भएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ घोषणा भएपछि मात्र संविधानको धारा ८३ को उपधारा १ बमोजिम संविधान सभाले घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ जारी भई लागू भएको हो। घरेलु हिंसा नियन्त्रणका लागि सरकारी तथा गैरसरकारी प्रयासका बावजुद नेपाल जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षणअनुसार हरेक पाँच महिलामा एक भन्दा बढी महिलाले उनको जीवनकालमा मानसिक, शारीरिक वा अन्य किसिमको हिंसाको अनुभव गरेको पाइयो। नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयकाअनुसार आर्थिक वर्ष २०७२/०७३ मा घरेलु हिंसाका ५ हजार ३ सय ८७ उजुरी परेका छन्। यो सङ्ख्याका आधारमा प्रत्येक दिन १४ वटा घरेलु हिंसाका उजुरी दर्ता हुने गरेको देखिन्छ।

सामान्यतया घरभित्रको कुनै सदस्य वा परिवारको कुनै सदस्यबाट अन्य सदस्यमाथि हुने हिंसालाई घरेलु हिंसा भनिन्छ। प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ र घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ ले नियमित गरेको छ। घरेलु हिंसाभित्र मानसिक, शारीरिक, आर्थिक वा यौनजन्य यातनाहरू पर्दछन्। घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकैले प्रहरी, राष्ट्रिय महिला आयोग र स्थानीय निकायसमक्ष लिखित वा मौखिक उजुरी दिनसक्ने ऐनमा स्पष्ट छ।

कुनै पनि समाजलाई विकासोन्मुख बनाउन त्यस समाजको अवस्थालाई बुझेर कानुन बनाउनु आवश्यक देखिन्छ। धेरै पहिलादेखि अवलम्बन हुँदै आएका विकृतिहरूलाई सहजै उन्मूलन गर्न त्यति सजिलो छैन। यसर्थ, कानुन एक यस्तो संयन्त्र हो जसले समाजलाई विकासको बाटोतर्फ डोहोऱ्याउन सक्छ तथा समाज सुधारका लागि सघाउन सक्छ। यसरी हेर्दा हाम्रो देशको घरेलु हिंसासम्बन्धी कानुन निकै नै फितलो भएकोमा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन-२०७२ ले गरेको संशोधन र परिमार्जन यसप्रकार रहेको छ।

**संशोधन पूर्व ऐनमा रहेको परिभाषा :**

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूकाबिचमा भएको सम्बन्ध सम्झनु पर्छ।

(ग) "शारीरिक यातना" भन्नाले प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।

(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने/गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

* लेखक इन्सेकमा कार्यरत हुनुहन्छ ।

**संशोधनपछि ऐनमा रहेको परिभाषा :**

२ (क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बिचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्द ले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्धलाई समेत जनाउँछ।

(ग) "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाब वा त्यस्तै प्रकारका अन्य पदार्थ छर्की वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने वा यस्तै कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।

(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा भेदभाव गर्ने, रूप, रङ्ग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कराणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ।

(थप नयाँ व्यवस्था )

ट (१) "उजुरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजुरी सम्झनु पर्छ र सो शब्दले दफा ५(क) बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ।

**संशोधन पूर्वको ४(७) उपदफा (१) को उजुरीसम्बन्धी व्यवस्था**

(७) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

**संशोधनपछिको ४(७) उपदफा (१) को व्यवस्था**

(७) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(थप नयाँ व्यवस्था) तर दफा ५ (क) बमोजिम परेको जाहेरीको सूचना प्रचलित कानुन बमोजिम हुनेछ।

**जाहेरी दिन सक्ने थप नयाँ व्यवस्था**

५(क) (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्गभङ्ग गरेको वा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातनासम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानुन बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्नेछ।

५(क)(२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कार्यालयले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्नेसम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

६(क) कानुन व्यवसायी राख्नसक्ने यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाही सिलसिलामा पीडितले चाहेमा अन्य कानुन व्यवसायी राख्न सक्नेछ।

**संशोधन पूर्व दफा ९ को व्यवस्था**

९(१) उपचारको रकम पीडकले व्यहोर्ने : घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएका कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ।

**संशोधनपछिको दफा ९ को व्यवस्था**

९(१).उपचारको रकम पीडकले व्यहोर्ने : घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले त्यस्तो खर्च तत्काल उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असुल गर्नु वा गराउनु पर्नेछ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा असक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धी त महिला तथा बालबालिका कार्यालय वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम सो कार्यलयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ।

**थप नयाँ व्यवस्था**

१२(क) संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्ने

(१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न नेपाल सरकारले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षण अधिकृत नियुक्ति नभएसम्म उपलब्धताको आधारमा नेपाल सरकारको कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रूपमा काम गर्ने गरी तोक्नेछ।

(३) संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२ (ख). नि:शुल्क कानुनी सहायता उपलब्ध गराउने: नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानुनी सहायता उपलब्ध गराउने छ।

१२ (ग) नेपाल सरकारवादी हुने दफा ५ (क) मा उल्लेखित मुद्दा नेपाल सरकारवादी भइ चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) समावेश भएको मानिनेछ।

**संशोधन पूर्व सजायको व्यवस्था**

१३. सजाय: (१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई ३ हजार रूपियाँदेखि २५ हजार रूपियाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(४) सार्वजनिक जवाफदेही पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुनेछ।

**संशोधनपछिको सजाय व्यवस्था**

दफा १३ (१) कसैले अङ्गभङ्ग गरेको वा तेजाब वा त्यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातनासम्बन्धी घरेलु हिंसाको कसुर गरेमा त्यस्तो व्यक्तिलाई १ लाख रूपियाँदेखि ३ लाख रूपियाँसम्म जरिबाना र १ वर्षदेखि ८ वर्षसम्म कैद हुनेछ।

१(क) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई ३ हजार रूपियाँदेखि २५ हजार रूपियाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(४ ) सार्वजनिक जवाफदेही पदमा वहाल रहेका कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिलाविरूद्ध यस ऐन बमोजिम कसुर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुनेछ।

**विश्लेषण**

(Dobash and Dobash, 1979; Yllo, 1984) नारीवादीहरूले शक्ति साझेदारी र लैङ्गिक असमानता घरेलु हिंसाको मूलकारण हो भनेर जोड दिएता पनि, अन्य व्यक्तिहरूले, "पितृसतात्मक समाज" घरेलु हिंसाको जटिल नक्षत्र भित्रको धेरै कारक मध्येको एक कारण हो भनी तर्क गर्ने गरेका छन् (Anderson, 1997)। यसैगरी लैङ्गिक हिंसाका विभिन्न प्रकारहरू मध्ये विशेष प्रकृतिका लैङ्गिक हिंसालाई सम्बोधन गर्न छुट्टै कानुनको आवश्यकता भएअनुरूप नेपालमा विभिन्न समयमा कानुनहरू निर्माण भएका छन्। विधिको शासनले एउटा सभ्यतामूलक समाजको परिभाषा गर्दछ, जसका लागि कानुन र समाजबिचको सम्बन्ध सकारात्मक हुन जरुरी छ। त्यसो भएको अवस्थामा मात्रै समाज र कानुन एक अर्काका सच्चा परिपूरक हुन सक्छन्। समाजमा आएको परिवर्तनसँगै घटनाको प्रकृतिहरूमा पनि परिवर्तन आउन थालेको छ। पुरुषहरू पनि घरेलु हिंसाबाट पीडित भई अदालत धाउनु परेको छ। यस्तो अवस्थामा घरेलु हिंसा भनेर महिलाहरूको बारेमा मात्र कुरा गरिराख्दा उचित नहोला। पुरुषहरूलाई पनि पत्नीद्वारा घरेलु हिंसा भएको उजुरीहरू पर्न थालेका छन्।

हाल परिमार्जित र थप गरिएको घरेलु हिंसाको कानुन पहिलेको भन्दा प्रगतिशील मान्न सकिन्छ। आरोपितले क्षतिपूर्ति तिर्न असमर्थ भएको अवस्थामा के कसो हुन्छ भनी पहिला उल्लेख नभएकोमा सो कुराको हल खोजी परिमार्जन गरिएको छ। यद्यपि कानुनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन बिना हिंसाको रोकथाम र हिंसाबाट पीडितलाई न्यायको सुनिश्चितता गर्न सकिँदैन। यसर्थ घरेलु हिंसाविरुद्धको कानुनी व्यवस्थाहरूको कार्यान्वयन प्रक्रिया तथा न्यायमा पहुँच निर्धारण गर्नका लागि कार्य विधिगत कानुनी व्यवस्थाहरू गरिएको हुन्छ। (जस्तै: मुलुकी ऐन २०२०, सरकारी मुद्दासम्बन्धी ऐन २०४९, जिल्ला अदालत नियमावली २०५२, पुनरावेदन अदालत नियमावली २०४८, सर्वोच्च अदालत नियमावली २०४९, विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका २०६४ आदि।)

**निष्कर्ष**

एकातर्फ तिहार आए दिदीबहिनी चाहियो, छोरो ठूलो भए बुहारी चाहियो, त्यही बुहारीले वंश धान्ने वंशज दिलाई दिनु पर्‍यो भन्दै सृष्टि गरिदिनु पर्‍यो भन्ने अर्कोतर्फ दाइजो नपुगेको भनी पत्नीको हत्या, घर परिवारको सदस्यबाट बलात्कार, छोरो पाउन नसकेको भनी बहुविवाह, कथित बोक्सीको आरोप लगाई घरबाट निकाला आदि समाचार काल्पनिक नभई वास्ताविक रहेका छन्। महिला हिंसाविरुद्धका कानुनले महिलाको मर्यादित जीवनको सुनिश्चित गराउन प्रयास गरेता पनि सो कानुनी प्रावधानहरूको प्रचारप्रसार गर्नुपर्ने अवस्था यथावत नै रहेको छ। विशेषत: देशका ग्रामीण र तराई भेगका महिलाहरूमा घरेलु हिंसासम्बन्धी कानुनको ज्ञान नभएका कारण आफ्नो हक अधिकारको लागि लडेर न्याय पाउन सकिरहेको अवस्था छैन।

घरेलु हिंसा संवेदनशील विषय हो। जसले एक महिलालाई मात्र नभएर समग्र समाजलाई असर पार्छ। ग्रामीण भेगमा कानुनी, मानसिक र सामाजिक परामर्शका लागि सहयोग गर्ने सङ्घसंस्थाहरू निकै कम रहेका छन्। समस्याको दीर्घकालीन समाधानका लागि ग्रामीण भेगमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। सकारात्मक सामाजिक जीवनका लागि दिगो परिवर्तन नीतिबाट नभई व्यवहारबाट मात्र ल्याउन सकिन्छ। कानुनको प्रभावकारी कार्यान्वयन गरी व्यवहारमा उतार्न निकै आवश्यक छ।

**सन्दर्भ सामग्री**

नेपालको संविधान
घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७
मानव अधिकार अवस्था (मासिक विश्लेषण- जनवरी २०१७), इन्सेक

# स्थानीय तहको निर्वाचन र मानव अधिकार



सूर्य देउजा*

१. **पृष्ठभूमि**

नेपालको संविधान जारी गर्ने सन्दर्भमा प्रदेशहरूको सीमाङ्कन, समानुपातिक समावेशी सहभागिता, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र तथा नागरिकतालगायतका विषयमा दलहरूबीच सहमति कायम हुन नसके पनि नेपालका प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा (एमाले), एकीकृत नेकपा माओवादी केन्द्र र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) बिच संविधानसभाबाट संविधान जारी गर्न १६ बुँदे सहमति भएको थियो। नेपालको संविधान अत्यधिक बहुमतबाट जारी भई संविधान कार्यान्वयनका प्रारम्भिक कदमका रूपमा नयाँ सरकारको गठन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न भइसकेको छ। गत २०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी भएपछि नेपाल सङ्घीय प्रणालीमा प्रवेश गरेको छ। नयाँ संविधानअनुसार देशमा तीन तहको सरकारको परिकल्पना गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह। संविधानले स्थानीय सरकारलाई संवैधानिक संरक्षण प्रदान गरेको छ। मधेसकेन्द्रित दलले संविधान स्वीकारेका छैनन्, उनीहरूले पनि संविधान स्वीकार्न सक्ने अवस्था बनाउन प्रमुख राजनीतिक दल र सरकारले विशेष चासो दिनुपर्छ। यसो भनेर उनीहरूले भनेअनुसार मात्र गर्ने भन्ने अवस्था अब हुन सक्दैन। सबैलाई मनाएर निर्वाचन गर्ने भन्ने अवस्थाबाट हामी निकै

**नागरिक तथा राजनीतिक अधिकारमा तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र शान्ति सरुक्षाको सवालमा राज्यले आफ्नो दायित्व निर्वाहमा समेत स्थानीय निकाय जनप्रतिनिधिको आवश्यकता देखिएको छ। सङ्क्रमणकालको समाधान नेतृत्वको विवेक र राजनीतिक शक्तिको व्यवहारमा भर पर्छ। दल र नागरिकको राष्ट्रप्रतिको प्रेम बोलीमा होइन, हृदयमा र व्यवहारमा हुनुपर्छ। अन्यथा संविधान रक्षाकबच बन्न सक्दैन। संविधानको परिपालनमा चुकेपछि राज्य कमजोर हुन्छ। विदेशीले खेल्ने अवसर पाउँछन्। त्यसैले जनताको सम्मान, विकासप्रतिको चाहना र समयअनुकूल विश्वमा स्थापित आधारभूत मानवअधिकारको सम्मानका लागि पनि निर्वाचन तोकिएको समयमा गर्नु/गराउनु उत्तम हुन्छ।**

पर गइसकेका छौँ। जनताका आधारभूत आवश्यकताको परिपूर्तिका लागि पनि यतिबेला स्थानीय सरकारको अभाव खड्किएको छ। राजनीतिक दल विशेष गरी संसद्मा प्रतिनिधित्व गर्ने दलबीच सामान्य सहमति गरेर पनि जतिसक्दो छिटो स्थानीय निकाय निर्वाचनको वातावरण बनाउनु अहिलेको आवश्यकता हो।

सबै सरकारहरूले आफ्नो घोषणापत्रमा एक वर्षभित्र स्थानीय निकाय निर्वाचन गर्ने उद्घोष गरेका थिए, तर निर्वाचन हुन सकेन। भूकम्पमा भएको धनजनको नोक्सान र नाकाबन्दीबाट उत्पन्न समस्या समाधानमा सरकार प्रभावकारी नदेखिएपछि स्थानीय निकायको अभाव सबै राजनीतिक दललाई खड्किएको थियो। जनताले समयमा राहत पाउन सकेनन्। कानुनको कमजोर कार्यान्वयन, महिलामाथि हुने हिंसा रोक्न बाधक हुने गरेको तथ्य सबैका सामु छर्लङ्ग हुँदाहुँदै पनि कानुनको प्रभावकारी कार्यान्वयन र समयानुकूल कानुन परिमार्जन गने तर्फ ध्यान दिइएको पाइएन। शिक्षा, स्वास्थ्य र खाद्यअधिकारको अवस्थामा यो वर्ष पनि सुधार हनु सकेन। स्वास्थ्य संस्थामा आवश्यक औषधी उपलब्ध नहुनुका साथै रहको दरबन्दी अनसुारका स्वास्थ्यकर्मी उपलब्ध भएनन्। स्थानीय सरकार भइदिएको भए ती निकायबाट पीडित जनताले समयमा सेवा पाउन सक्थे। शासन प्रक्रियामा नागरिकको अधिकतम सहभागिताको थलो भनेको स्थानीय निकाय नै हो। विस्तृत शान्ति

* लेखक : राष्ट्रिय मानव अधिकार आयोग पोखरा क्षेत्रीय कार्यालयका प्रमुख हुन् ।

सम्झौता भएको धेरै समय भइसक्दा पनि स्थानीय स्तरमा लोकतन्त्र बहाल हुन नसक्नु, स्थानीय निकाय सधैं कर्मचारीतन्त्रको कब्जामा रहनुले एउटा जिम्मेवार नागरिकलाई चिन्तित बनाएको छ।

## २. स्थानीय निकाय निर्वाचन र मानव अधिकार

संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्याख्या गरी धारा १६ देखि ४७ सम्मको ३२ वटा मौलिक हकको व्यवस्था गरिनुका साथै धारा ४८ मा नागरिकको मौलिक कर्तव्यको समेत व्यवस्था गरेको छ। मौलिक हकअन्तर्गत मर्यादित जीवनको हक, स्वतन्त्रतासम्बन्धी हक, समानता, अभिवेद, यातना विरुद्धको हक, फौजदारी न्यायको हक, न्यायिक उपचारको हक जस्ता नागरिक तथा राजनीतिक अधिकार एवम् अपराध पीडितको हक, छुवाछुत भेद्‌भावविरुद्धको हक, भाषा तथा संस्कृतिको हक, रोजगारी तथा श्रमको हक, आवासको हक जस्ता सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारको हकको व्यवस्था गरिएको छ। त्यसै गरी संविधानमा सामाजिक न्याय तथा सुरक्षाको हक, उपभोक्ताको हक, ज्येष्ठ नागरिकको हक जस्ता अधिकारलाई समेत मौलिक हकका रूपमा समावेश गरिएको छ।

संविधानको भाग ३ मा मौलिक हकसहितको संविधानको कार्यान्वयनको सिलसिलामा स्थानीय निकायको निर्वाचन गर्ने अभिव्यक्ति राजनीतिक वृत्तबाट सार्वजनिक भए पनि स्थानीय निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्ने कार्यमा सरकारको तदारुकता भने देखिएन। संविधान कार्यान्वयनको महत्वपूर्ण कडीको रूपमा रहेको नयाँ संविधानले व्यवस्था गरेअनुरूप नयाँ स्थानीय निकायको निर्वाचनका लागि ठोस कदम अगाडि बढ्न सकेको छैन। आफ्ना निर्वाचित प्रतिनिधिद्वारा सेवा, सुविधा र हक प्रत्याभूति गर्ने नागरिकको अधिकार कुन्ठित हुनुका साथै सुशासनको अभावमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोगमा बाधा परेको छ।

## ३. स्थानीय निकाय निर्वाचन अवसर र चुनौती

सरकारद्वारा संविधान संशोधनको प्रस्ताव सार्वजनिक भएपछि अर्घाखाँची, पाल्पा, गुल्मी लगायतका जिल्लाहरूमा सीमाङ्कनप्रति असन्तुष्टि पोख्दै आन्दोलनहरू भए। त्यसको विरोधमा पाँच नम्बर प्रदेश तथा केही अन्य स्थानमा आवाजहरू उठे। आन्दोलनकारीहरूले संविधानमा पहाडी प्रदेशलाई बुटवलसँग छुट्याउने गरी जनभावना विपरीत संशोधन प्रस्ताव आएको भन्दै आन्दोलनलाई निरन्तरता दिएका थिए।

जनताको अधिकारको कुरा उठाउने तर कर्तव्य बिर्सने नेतृत्वकै कारण हामी निकै पछाडि परेका छौँ। अब जतिसक्दो चाँडो स्थानीय निकाय निर्वाचन गर्दा जनता, राजनीतिक दल र लोकतन्त्रको भविष्यका लागि पनि उत्तम हुनेछ। निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो। लोकतन्त्र स्थापित गर्ने सशक्त र सार्थक अभ्यास पनि हो। परिवर्तन संस्थागत गर्ने माध्यम पनि हो निर्वाचन, किनकि यसबाट जनभावना प्रतिबिम्बित हुन्छ। जनताले चाहेको प्रतिनिधि निर्वाचित गरी उत्तरदायी र स्थायी सरकार गठन गर्न पनि आवधिक तथा स्थानीय निकाय निर्वाचनको प्रावधान राखिएको हो। निर्वाचनबाट आउने परिणाममा जनताको विवेक प्रयोग भएको हुन्छ। जनताको विवेकलाई सम्मान गर्न सकिएन भने त्यस्तो निर्वाचनको औचित्य पुष्टि हुन सक्दैन, परिवर्तन संस्थागत पनि हुन सक्दैन। स्थानीय स्तरमा लोकतान्त्रिक र जनउत्तरदायी संस्थाको अभावले साधनस्रोतको व्यापक दुरूपयोग भएको छ। विकास बजेटको ठूलो हिस्सा दुरूपयोग भइरहेको छ। राजनीतिक इच्छाशक्ति देखाएर स्थानीय निर्वाचन गर्न सके लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्छ,सर्वसाधारण नागरिकले सुशासनको अनुभूति गर्न पाउनेछन्।

## ४. निष्कर्ष

स्थानीय निकाय निर्वाचनवाट मानव अधिकारको रक्षा र सम्बर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सहयोग हुनका साथै सकेको जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्न स्वास्थ्य, शिक्षा लगागतका अधिकारका सवालमा समेत स्थानीय निकाय जनप्रतिनिधिको ठूलो भूमिका रहन्छ। स्थानीय निकाय जनप्रतिनिधि विहीन भएको १९ वर्ष भन्दा बढी समय भइसक्दा २०७४ वैशाख ११ गते हुने गरी तोकिएको स्थानीय निकायको निर्वाचन गर्ने तर्फ सरकार , राजनीतिक दल, नागरीक समाज, सञ्चारमाध्यम लगागत सबैको तदारुकता आवश्यक रहेको छ। साथै जनताको नागरिक तथा राजनीतिक अधिकारमा तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र शान्ति सरुक्षाको सवालमा राज्यले आफ्नो दायित्व निर्वाहमा समेत स्थानीय निकाय जनप्रतिनिधिको आवश्यकता देखिएको छ। सङ्क्रमणकालको समाधान नेतृत्वको विवेक र राजनीतिक शक्तिको व्यवहारमा भर पर्छ। दल र नागरिकको राष्ट्रप्रतिको प्रेम बोलीमा होइन, हृदयमा र व्यवहारमा हुनुपर्छ। अन्यथा संविधान रक्षाकबच बन्न सक्दैन। संविधानको परिपालनमा चुकेपछि राज्य कमजोर हुन्छ। विदेशीले खेल्ने अवसर पाउँछन्। त्यसैले जनताको सम्मान, विकासप्रतिको चाहना र समयअनुकूल विश्वमा स्थापित आधारभूत मानवअधिकारको सम्मानका लागि पनि निर्वाचन तोकिएको समयमा गर्नु/गराउनु उत्तम हुन्छ।

लोकतन्त्रको रक्षाका लागि पनि स्थानीय निर्वाचन हुनुपर्छ। असन्तोष, विग्रह, असुरक्षालाई शान्तिमा रूपान्तरण गर्ने माध्यम पनि हो निर्वाचन। निर्वाचन भयो भने जनतामा संविधानप्रति अपनत्व महसुस भई समृद्धिको यात्रामा अघि बढ्ने दलहरूको उद्देश्यमा बल पुग्नेछ। संविधानसभापछि पनि सरकारको स्थायित्व नहुनु, सहमतिको राजनीति व्यवहारमा कार्यान्वयन नहुन दुःखद् पक्ष हो। कतिपय दलहरू क्षेत्रीय र जातीय राजनीतिको पक्षमा वकालत गरिरहेका छन्। जनताको अधिकारका लागि लड्नु राम्रो भएता पनि क्षेत्रीय, जातीय र व्यक्तिगत हितका एजेन्डा स्थापित गर्न लाग्नु भन्दा समानुपातिक र समावेशी विकासको अवधारणालाई आधार बनाएर अघि बढ्ने हो भने सबैको हित हुन्छ।

**सरकारले २०७४ वैशाख ३१ गतेको लागि स्थानीय तहको निर्वाचन घोषणा गरेको छ । तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले आवश्यक तयारी सुरु गरिसकेको छ । यसै सन्दर्भमा स्थानीय तहको निर्वाचनको आवश्यकता र यस सन्दर्भमा स्थानीय अगुवाहरू के भन्छन् ।**

## संविधान कार्यान्वयको महसुस भएको छ



**– मोहन सिंह थेवे**
अध्यक्ष, मानव अधिकार मञ्च नेपाल,
इलाम

संविधान कार्यान्वयनसम्बन्धी चलाएका बहस र स्थानीय निकायको निर्वाचन गराउनुपर्ने मागले अहिले साकार रूप पाएकोमा खुशी छु।

पुर्नसंरचनाको विषयमा सर्वसाधारणमा अन्योल कायम छ। साविकको गाविस कहाँ पर्छ ? आफू गाउँपालिका वा नगरपालिकाको कुन वडामा परिन्छ भन्ने अन्योलले केही समस्या देखिन्छ। तर, निर्वाचन आयोगले चाँडै पुर्नसंरचना र मतदाता शिक्षासम्बन्धी अभियान चलाउन आवश्यक ठानेको छु। संविधानमा व्यवस्था भएअनुसार महिला, दलित, सिमान्तकृत, लोपोन्मुख सबै वर्ग र समुदायको स्पष्ट सहभागिता हुने यो सुनौलो अवसरलाई लक्षित वर्ग तथा समुदायले त्यही ढङ्गले लिन सक्नुपर्छ।

स्थानीय तहलाई २२ वटा कानून निर्माण गर्ने अधिकार छ। स्थानीय तहको कार्य सञ्चालन तथा सम्पादन, स्रोत व्यवस्थापन, प्रशासनिक सञ्चालन आदि विषयमा कानून निर्माणको अवसर छ। यसलाई भरपुर सदुपयोग गर्न सक्नुपर्छ। त्यसैअनुसार विवेकशील ढंगले सक्षम नेतृत्व चयन गर्नु मतदाताको पनि दायित्व हो।

## मुलुक निमार्णमा महिलाले गरेको योगदानको कदर हुनेछ



**– कोपिल शंकर**
अध्यक्ष, पारालिगल सहयोग समिति,
धनकुटा

विगत लामो समयदेखि स्थानीय निकायको निर्वाचन हुन सकेको छैन। देश सङ्क्रमणकालिन अवस्थामा गुज्रिनुका साथै यो लामो समय राजनीतिक अन्यौलतामै बितेको छ। यसै परिप्रेक्षमा स्थानीय तहको निर्वाचनको मिति तोकिएको छ, यो राम्रो पक्ष हो। इतिहासलाई हेर्ने हो भने यो समाज र राष्ट्रका निम्ति ठूला-ठूला आन्दोलनहरू भए। जसमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उत्तिकै भूमिका र महत्व रहेको छ। लोकतन्त्र र गणतन्त्रलाई संस्थागत गरेर लैजानु आजको आवश्यकता हो।

## मधेसको मुद्दालाई वेवास्ता गरिएको छ

**– जयराम यादव**
केन्द्रीय सदस्य
सङ्घीय समाजवादी फोरम नेपाल



सरकारले मधेसका मुद्दालाई बेवास्ता गरेर अगाडि बढेको छ। मधेसको चुरो कुरो र समस्या समाधान नगरी स्थानीय निर्वाचनको घोषणा गरेको छ। हामी निर्वाचनको विरोधी होइनौं। हामीले पनि निर्वाचन चाहेका छौं। तर संविधान संशोधन मार्फत मधेसको मुद्दा सम्बोधन नगरी निर्वाचन गराउँछु भन्नु बेमौसमी बाजा जस्तो हो। स्थानीय निर्वाचन भनको प्रदेश सरकारले गराउने हो। तर अहिले केन्द्र सरकारले गराउँदैछ, यसले प्रदेश सरकारको अधिकार खोसिएको छ। यसबाट सङ्घीयता संरक्षण हुने सक्दैन। सङ्घीयतालाई असफल गराउने खेलको रूपमा स्थानीय चुनाव घोषणा गरिएको हामीले बुझेका छौं।

## सहमतिमा मात्र स्थानीय निकायको चुनाव गराउनु उपयुक्त हुन्छ

**– डा. महादेव साह**
प्रिन्सिपल, सफ्टेक कलेज
लहान, सिरहा



निर्वाचन भनेको प्रजातान्त्रिक व्यवस्थाको लागि आवश्यक माध्यम र मापदण्ड हो। त्यसैले चुनावमा जानु सकारात्मक पक्ष हो। चुनाव बिना प्रजातन्त्र दिगो हुन सक्दैन। तर चुनावी वातावरण सकारात्मक नबनाइकन परिणाम सकारात्मक हुन सक्दैन। त्यसैले मेरो विचारमा सहमतिमा मात्र स्थानीय निकायको चुनाव गराउनु पर्छ। चुनाव पहिले माथिल्लो तहबाट अर्थात संसदबाट हुनुपर्छ।

संविधान जारी भएको पनि धेरै भइसक्यो। केही भूमि, केही क्षेत्र र केही समुदायलाई लिएर राष्ट्रलाई विवादमा घचेट्नु हुँदैन। सरकारको जिम्मेवार पदमा बसेर राष्ट्रलाई निरन्तर विवादमा धकेल्ने काम गर्नु हुदैन। असन्तुष्ट पक्षलाई वा समुदाय वा क्षेत्रलाई खाए खा नखाए घिच भन्ने उखान जस्तो चुनावमा भाग लिए लि नलिए न लि भन्ने शैली सकारात्मक हुन सक्दैन।

## संविधान कार्यान्वयनका लागि निर्वाचन अपरिहार्य



**– बैजनाथ चौधरी**
अध्यक्ष, आरवाइसी, महोत्तरी

सरकारले स्थानीय निर्वाचनको मिति घोषणा गर्नु स्वागतयोग्य भए पनि घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण छ। चुनावमा निर्धक्कसँग भाग लिने अवस्था बनाउने काममा सरकार लाग्नुपर्छ र त्यसलाई अन्य दलले सहयोग गर्नु पर्दछ। निर्वाचनका पक्षमा जनता भए पनि सरकारले त्यस्तो वातावरण बनाउन नसक्दा जनतामा निराशा छाएको थियो। तर, निर्वाचनको मिति घोषणाले जनतामा उत्साह थपेको छ। स्थानीय निकायको चुनाव २०५४ पछि बल्ल लगभग २० वर्षपछि हुनु अति नै खुशीको कुरा भए पनि चुनावको लागि राजनीतिक दलहरूबीच मतमतान्तर हुनु दुःखद कुरा हो। त्यस्तै स्थानीय निकायको पूर्ण संरचनाको काम अधुरै रहनु अर्को दुःखद कुरा हो।

निर्वाचनको मिति घोषणासँगै मधेसी दल आन्दोलित भएकाले सरकारले घोषित मितिमा चुनाव गराउन सक्छ कि सक्दैन भनि शङ्का पनि छ।

## मतदाता मतपत्रमा आफ्नो भावना पोख्ने प्रतीक्षामा छन्




**राकेशप्रसाद चौधरी**
संयोजक, नागरिक समाज सञ्जाल, महोत्तरी

स्थानीय तहको निर्वाचन सम्पन्न गर्न तराई मधेसमा सहज अवस्था छैन तथापि असम्भव भने छैन। चुनाव अहिलेको आवश्यकता हो। मधेसवादी दलहरू केही संवैधानिक सहजकताका लागि गरिरहेको प्रयासमा सत्ता र विपक्षले दिएको आश्वासन भन्दा थोरै भएपनि काम अगाडि बढाइएको खण्डमा चुनाव धेरै सहज हुने देखिन्छ।

तराई मधेसमा बसोबास गर्नेहरूको चाहना निर्वाचनमा जानु होइन भनेर मत अवमूल्यन गर्नु हो। मतपत्रमा आफ्नो भावना पोख्ने प्रतीक्षामा मतदाता छन्।

स्थानीय तहको आवश्यकता रहेको विषयलाई गाउँघरमा स-साना समूहहरूमा वा भनौं चिया र पान पसलको सेरोफेरोमा मन्थन भएकै पाइन्छ। यस्ता मन्थनमा अहिले खुलेरै आफ्नो तर्क प्रस्तुत गर्न सर्वसाधारण लागि परेका छन्। अहिले स्थानीय तहको काम गर्न समूह-समूह र राजनीतिक दलका प्रतिनिधिसँग बसेर छलफल गर्ने र कुनै पनि कामका लागि सहमति जुटाउन सरकारको प्रतिनिधिलाई समेत समस्या उत्पन्न हुने गरेको छ। यी सम्पूर्ण बाधा र समस्या समाधानका लागि निर्वाचन हुनु उत्तम हो।

## निर्वाचनका लागि राजनीतिक माहोल तयार गर्नुपर्छ



**मिश्रीलाल महात्मान**
नागरिक समाज प्रतिनिधि, महोत्तरी

लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाले प्रभावकारी कार्य सम्पादन गर्न नसकिएको अवस्थामा स्थानीय जनताको समृद्धिका लागि निर्वाचन अपरिहार्य रहेको छ। स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा कार्यालयको काम लथालिङ्ग अवस्थामाझैं छ। जागिरे मनोवृत्तिका कर्मचारीले जोखिम लिन चाहँदैनन् र जनताको अपेक्षाअनुसार सेवा पाउन सकेका छैनन्। निर्वाचनपछि स्थानीय तहको नेतृत्व आफूले छानेका प्रतिनिधिहरूले गर्ने र नयाँ संविधानले प्रत्याभूत गरेको हक, अधिकार तथा सेवा सुविधा एवम् विकास निर्माण कार्यमासमेत प्रभावकारिता आउने छ। तर, मधेसवादी दलको निर्वाचन बिथोल्ने धम्कीका कारण चुनाव हुने नहुनेमा शङ्का कायम छ।

तराई मधेसको असन्तुष्टिलाई राजनीतिक सम्बादमार्फत संविधान संशोधन गरी स्थानीय तहको निर्वाचनको लागि राजनीतिक माहोल तयारी गर्नुपर्ने आवश्यकता छ।

## निर्वाचन सफल बनाउन क्रियाशील हुनुपर्छ



**भवानी कोइराला**
पदम भुवनेश्वरी नमुना वृद्धा सेवाश्रम, सर्लाही

सरकारले स्थानीय तहको निर्वाचनको घोषणा गरेको छ, हुन्छ भन्न सकिने अवस्था छैन। तर, हामी सबै निर्वाचन सफल बनाउन क्रियाशील हुनुपर्छ। शङ्का उपशङ्का छ तर पनि चुनावमा लाग्नु पर्ने अवस्था आएको छ। चुनाव नहुँदा देशले गति पाएको छैन। देश तरल अवस्थामा छ। स्थानीय निकायको चुनाव नहुँदा दण्डहीनता बढेको छ। भ्रष्टचार बढेको छ।

स्थानीय निकायको चुनाव लामो समयदेखि नहुँदा युवा पिँढीले त स्थानीय निकाय के हो बुझ्नै सकेको छैन। जनप्रतिनिधिको काम र नयाँ नेतृत्वका लागि पनि स्थानीय निकायको चुनाव आवश्यक छ। नयाँ नेपाल बनाउन नयाँ अनुहार ल्याउन स्थानीय चुनाव अहिलोको माग हो। स्थानीय निकाय जनप्रतिनिधि बिहीन बन्दा विकासको काममा विवाद हुन थालेको छ। नेताहरू पार्टीबाट उठेर चुनाव सफल गराउन लाग्नुपर्छ।

## सहमतिविनाको निर्वाचन सफल हुँदैन



**राजेन्द्र महतो**
नागरिक समाज, धनुषा

लोकतन्त्र र आवधिक निर्वाचन एक आपसको परिपूरक माध्यम हुन्। निर्वाचन बिनाको लोकतन्त्र कल्पना पनि गर्न सकिँदैन। निर्वाचन आफैमा साध्य होइन, त्यो एउटा साधन हो। सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता मूल्य र मान्यता स्थापित गर्ने उद्देश्यले नेपालको संविधान २०७२ लागु भइसकेको सर्वविदितै छ। ०७४ को माघ ७ गते भित्र स्थानीय, सङ्घीय र संसदीय निर्वाचन सम्पन्न गराउनुपर्ने संवैधानिक बाध्यता पनि छ। अन्यथा, संविधान कार्यान्वयन हुन नसक्ने प्रतिकुलता उत्पन्न हुने र अन्ततः संविधानको अवसान हुने चर्को खतरा रहेको छ। संविधान कार्यान्वयनमा जाने वा मृत्युवरण गर्ने कुरा ०७४ माघ ७ गते भित्रको तीन ओटै तहको निर्वाचनको सफलता या विफलतामाथि निर्भर रहेको छ। अतः निर्वाचन अपरिहार्य रहेको छ।

तर, प्राविधिक रूपमा सशक्त संविधान र उक्त संविधान अर्न्तगत गरिने निर्वाचनको मान्यता राजनीतिक सहमतिमा निर्भर गर्दछ। राजनीतिक सहमति र अन्तर्राष्ट्रिय समुदायको भावना विपरीत गरेको निर्वाचन समाधानको साधन नभएर द्वन्द्वको विजारोपण हुने देखिन्छ। राजनीतिक माग सम्बोधन नगरिकन निर्वाचन गराउनु राष्ट्रलाई दीर्घकालीन द्वन्द्वको दुष्चक्रमा पार्नु मात्र हुनेछ।

## जनताको अधिकार प्रत्यायोजनका लागि निर्वाचनमा भाग लिनुपर्छ



**बिनोद परियार**
सदस्य, नेपाल पत्रकार महासङ्घ, पर्सा शाखा

स्थानीय तहको निर्वाचनको मिति घोषणा स्वागत योग्य छ। लोकतन्त्रमा विश्वास गर्ने पार्टी र नेताहरूले चुनावदेखि कहिले भाग्नु हुँदैन। १८ वर्षदेखि देशमा स्थानीय निकायको निर्वाचन हुन सकेको छैन। निर्वाचन नहुँदा लोकतान्त्रिक मुलुकमा कर्मचारीतन्त्र हाबी भएको छ। लोकतन्त्र कमजोर हुनुको पछाडि स्थानीय निकायको निर्वाचन नहुनु पनि कारण हो। घोषित निर्वाचनले लोकतन्त्र सुरक्षित हुँदै जानेछ। राजनीति बिमति पार्टी-पार्टीबीच र नेता-नेताबीच होला। तर, त्यो विमति कस्का लागि ? आफ्नो लागि हो भने त्याग्नुस्। जनताको लागि हो भने जनताको अधिकार प्रत्योजनको लागि चुनावमा भाग लिनुपर्छ। यो सुनौलो अवसरलाइ खेर नफालौं। नेपाली जनतालाई स्थानीय चुनावको माध्यमले निकास देऊ।

## निर्वाचन गराउने वातावरण बनाउनु जरुरी

**रामदयाल ठाकुर**
मानव अधिकारकर्मी, तौलिहवा, कपिलवस्तु



१८ वर्षपछि जनताले आफ्ना प्रतिनिधि आफै छनोट गर्न पाउनु नेपाली जनताका लागि अत्यन्तै गौरवको कुरा हो। लामो समयदेखि जनप्रतिनिधि विहीन हुँदा स्थानीय निकाय अस्तब्यस्त बनेको छ। कर्मचारीको मनपरीतन्त्रबाट जनता वाक्क भएका छन्। जनप्रतिनिधि नहुँदा विकास निर्माणदेखि जनताका समस्या समाधान गर्ने काममा समस्या हुँदै आएको छ।

सरकारले स्थानीय निकायको निर्वाचन घोषणा गरेपछि मधेसका जनताहरू खुशी त भएका छन् तर संविधानमा मधेसी जनताहरूका हक अधिकार नसमेटिएको भन्दै मधेसवादी दलहरू विगतदेखि आन्दोलनमा रहेका छन्।

स्थानीय निकायको निर्वाचन मधेसमा बढी आवश्यक छ। धेरै समयपछि हुन लागेको निर्वाचनले कुन दलहरूको हैसियत कति छ भन्ने देखाउनेछ भने स्थानीय जनताले आफ्ना जनप्रतिनिधि पाउने छन्। यस निर्वाचनमा महिलाहरूको सहभागिता बढ्नुको साथै गाउँपालिका तथा नगरपालिकाको प्रमुख वा उपप्रमुखमा अनिवार्य महिला निर्वाचित हुने व्यवस्था छ। अहिलेको निर्वाचन सम्बन्धी कानुनले सबैको पहुँचमा बृद्धि गर्नेछ।

## स्थानीय तहको चुनाव आवश्यक छ



**चमेली खाती (दर्जी)**
दलित महिला सङ्घ ( FEDO)
कास्की

नेपालको संविधान २०७२ को कार्यान्वयन गर्न स्थानीय तहको निर्वाचन हुनुपर्छ। स्थानीय तहमा जनप्रतिनिधिविहीनताको फाइदा उठाइरहेका सबैखाले बेथितिको अन्त्य स्थानीय निर्वाचनले गर्नेछ। चौतर्फी विकासको श्रोत र साधन जनताको घर दैलोमा पुऱ्याउन र लक्षित समुदायको पहुँच र नियन्त्रणका लागि पनि स्थानीय चुनाव हुनुपर्छ। दिगो शान्ति, दिगो विकास र जनअधिकारको प्रत्याभूत गराउन पनि स्थानीय चुनाव हुनु आवश्यक छ।

# जनमत

## हामी उत्साहित छौँ



**गनिसरा सूर्यवंशी मगर**
चापपानी ८, ऐरमडाँडा, पाल्पा

सरकारले वैशाख ३१ गतेका लागि स्थानीय निकाय निर्वाचन गर्ने घोषणा गरेकोमा म धेरै खुशी छु। निर्वाचन हुने खबरले हाम्रो समुदायसमेत उत्साहित भएको छ। लामो समयसम्म स्थानीय निकाय बिहीन हुँदा हाम्रा विकास निर्माणदेखि हरेक जसो कार्यमा अप्ठेरो भएको थियो। गाविस एउटा सचिवको भरमा चलेको थियो। जिविस र नगरपालिका पनि स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतले चलाएको अवस्था छ।

जनताले जनताको लागि प्रतिनिधि चुन्ने यो एउटा राम्रो अवसर हो। यसरी चुनिएका व्यक्तिहरूले मात्रै जनताको भावना बुझ्न सक्छन् र विकास निर्माणको कामले समेत गति पाउन सक्छ। गाउँमा बाटो, खानेपानी, शिक्षा, सञ्चारको विकासका कामहरूको आवश्यकता छ तर जनप्रतिनिधि नहुँदा यसको खासै सम्बोधन हुन सकेको छैन।

म स्वयम् महिला भएकोले पनि अब स्थानीय निकायमा महिला उम्मेद्वारहरू बढी हुने मात्रै नभएर बिजेता पनि महिलाहरू बढी हुनेछन् भन्ने मैले आश गरेकी छु।

## स्थानीय तहमा लोपोन्मुख समुदायको पनि अस्तित्व संरक्षण हुने



**दीर्घबहादुर दरै**
अध्यक्ष, नेपाल आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद्, तनहुँ

सरकारले आगामी वैशाख ३१ गते स्थानीय तहको निर्वाचन घोषणा गरेको छ। सरकारले घोषणा गरेको यो निर्वाचन सफल पार्ने दायित्व सबै नागरिकको हो। २०५९ सालमा स्थानीय निकाय जनप्रतिनिधि विहीन भएपछि पहिलो पटक नयाँ संविधान अनुसार स्थानीय तहको निर्वाचन हुन गइरहेको छ।

निर्वाचनपछि गठन हुने स्थानीय तहले आदिवासी जनजाति र लोपोन्मुख समुदायको पनि अस्तित्व स्वीकारेको छ। संविधानले स्थानीय तहमा दलित, अल्पसंख्यक र लोपोन्मुख समुदायको प्रतिनिधित्व पनि अनिवार्य बनाएको छ। यो अत्यन्तै सकारात्मक कुरा हो। यो समुदायको प्रतिनिधित्व क्रमश: बढाउँदै लैजानु पर्छ। त्यस्तै संविधानले गरेको समावेशी व्यवस्था अनुरूप स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य छ। गाउँ वा नगर पालिकाको प्रमुख वा उपप्रमुख मध्ये एक महिला उम्मेदवार अनिवार्य बनाइएको छ। यो प्रावधानले पनि महिला, दलित, जनजाति र लोपोन्मुख समुदायलाई राज्यको मुलधारमा ल्याउन सहयोग पुग्छ।

## स्थानीय तहको निर्वाचनको आवश्यक छ



**मनमाया गुरुङ**, जोमसोम-मुस्ताङ

संविधान कार्यान्वयन गर्न पूर्व सरकारद्वारा गठित स्थानीय निकाय पुनसंरचना आयोगले आफ्नो विस्तृत प्रतिवेदन समयमै सरकार समक्ष प्रस्तुत गरिसकेको छ।

संविधान सभाद्वारा जारी भएको संविधानमा राज्यको पूर्व संरचनामा आमूल हेरफेर गरिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहलाई १२ कक्षासम्मको शिक्षा, रेडियो एफ.एम. स्थापना, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र सञ्चालन, जग्गा धनी पुर्जा वितरणलगायत घर सम्पत्ति करदेखि सवारी साधन कर समेत उठाउने र उपयोग गर्ने अधिकार समेत प्रदान गरिएको छ। यस्तै आधारभूत स्वास्थ्य, कृषि, सिंचाई, खानेपानी, ढल निकास, लघुजलविद्युत, स्थानीय सडक, पुल, पर्यटन, उद्योग आदिसँग सम्बन्धित सबै कार्यहरूका योजना निर्माण, बजेट बाँडफाँड, कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारीसमेत स्थानीय तहमा समावेश छन्। अब स्थानीय तहका पदाधिकारीहरू पहिलेका भन्दा बढी अधिकार सम्पन्न, जिम्मेवारीपूर्ण तथा शक्तिशाली जनप्रतिनिधिका रूपमा देखिनेछन्। यो निर्वाचनमा स्वत: स्फुर्तरूपमा होमिएनौं र जनप्रतिनिधि छान्न सकेनौं भने यो देशमा झन ठूलो राजनीतिक रिक्तता सृजना हुनेछ। संविधान र परिवर्तनका उपलब्धता गुम्नेछ।

## लोकतान्त्रिक पद्धतिको अभ्यासका लागि स्थानीय निकायको निर्वाचन

**– बिना बस्नेत**
मालिकाठाटा गाविस-२ जुम्ला



दुई दशकपछि स्थानीय निर्वाचन घोषणा भएको छ। स्थानीय तहको निर्वाचन स्वच्छ निष्पक्ष र भयरहित वातावरणमा तोकिएकै मितिमा सम्पन्न गर्नुपर्छ। लामो समयसम्म स्थानीय निकायका पदाधिकारी बिहीन हुँदा विकासका कार्यक्रमहरू गतिविधिमा कर्मचारीहरूले लापरबाही गर्ने, गुणस्तरहीन काम गर्ने गरेकाले स्थानीय निर्वाचन गरि जनप्रतिनिधि चुन्नु पर्दछ। स्थानीय निकायको निर्वाचनको आवश्यकता र यसको महत्वलाई ध्यानमा राखेर सरकारले निर्वाचन सम्पन्न गर्नु पर्दछ। स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिको अभाव र त्यसप्रति सरकारको बेवास्ताका कारणले समयको माग अनुरूपको अपेक्षित विकास हुन सकेको छैन। आमजनताहरूको बुझाइ र अपेक्षालाई मध्यजनर गर्ने हो भने दिगो विकास, विधिको शासन र लोकतान्त्रिक पद्धतिको अभ्यासका लागि पनि स्थानीय निकायको निर्वाचन जरुरी छ।

# जनमत

## सविधान कार्यान्यवनको लागि निर्वाचन



अधिवक्ता, **विश्वजित तिवारी**
अध्यक्ष सूचना र
मानवअधिकार अनुसन्धान केन्द्र,
नेपालगञ्ज

दुई दशकपछि स्थानीय तहको निर्वाचनको घोषणा भएको छ। यो अति नै महत्वपूर्ण कुरा हो। जनताको सार्वभौमसत्ताको अधिकार सुरक्षित गर्नको लागि स्थानीय तहको निर्वाचन आवश्यक हुन्छ। राष्ट्रिय विकासको लागि प्रजातन्त्र गणतन्त्र लागि स्थानीय तहको निर्वाचन अति नै आवश्यक छ। बिना निर्वाचन स्थानीय तहमा प्रजातन्त्र मजबुत हुन सक्दैन। निर्वाचनले प्रजातन्त्र ,विकास,र सुशासन समेत लाई मजबुत बनाउछ भन्ने कुरा को आम नागरिकलाई सन्देश दिनु पर्छ। सरकारले सबैलाई समावेश हुने गरी कानुन र निर्वाचनको माहोल बनाउनु जरुरी छ। सविधान कार्यान्यवनको लागि निर्वाचन अतिनै आवश्यक छ। सामाजिक न्याय र बिकासकालागि स्थानीय निर्वाचन आवश्यक छ।

## समावेशी प्रतिनिधित्व व्यवस्थाले लक्षित वर्ग बढी उत्साहित



**पार्वती बिशुन्के**
संयोजक, स्थानीय शान्ति
समिति, दैलेख

दुई दशक लामो समयको अन्तरालपछि स्थानीय निर्वाचन हुन लागेकोमा ग्रामीण क्षेत्रमा खुशी छाएको छ। २०५४ मा भएको गाविस, नगरपालिका र जिविस समेतको स्थानीय निकाय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुले त्यतिबेला माओवादी सशस्त्र द्वन्द्वको कारण राम्ररी काम गर्न नपाई २०५९ असारमा पदावधि सकियो। सरकारले वैशाख ३१ गते देशभर एकै साथ स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरेको छ, यो स्वागत योग्य कुरा हो।

संविधानसभाबाट घोषित 'नेपालको संविधान'ले पहिलेको स्थानीय निकायको ठाउँमा स्थानीय तह नामाकरण गरेको छ, पुनसंरचना आयोगले संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहको सीमाना तथा क्षेत्रको निर्धारण गरी सरकारलाई प्रतिवेदन बुझाइसकेको छ। केही प्रक्रियागत काम र केही प्राविधिक व्यवस्थापन समेतलाई छिटो छरितो गर्न सकिएमा जनस्तरमा हौसला थपेको स्थानीय तहको निर्वाचनले अबको दुई महिनामा जनप्रतिनिधि पाउनेछन्। यस पटक हुन गइरहेको स्थानीय तहको निर्वाचनबाट कम्तीमा ४० प्रतिशत महिला, उपलब्ध भएसम्म दलित, जनजाति समेतको समावेशी प्रतिनिधित्व गराउने संवैधानिक प्रावधानले निर्वाचनप्रति लक्षित वर्गहरुलाई अझ बढी उत्साहित गराएको मैले महसुस गरेको छु।

## विकासकालागि स्थानीय निर्वाचन आवश्यक

**भगिराम चौधरी**, बर्दिया



संविधानले वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, भाषिक, धार्मिक विभेदको अन्त्य गर्ने घोषणा गर्दै पहिचान र समावेशी सिद्धान्तलाई स्थापित गर्नुका साथै राज्यमा समान पहुँचको व्यवस्था गरेको छ। हिजोको केन्द्रिकृत राज्यसत्ताको साटो राज्यसत्तामा जनताको सहज पहुँचका लागि विकेन्द्रित एवम् सङ्घीय व्यवस्थाले जनतालाई आफ्नै घर आँगनमा राज्यसत्ताको अनुभूति गराउने व्यवस्था संविधानले स्पष्ट गरिसकेको छ। जसको कार्यान्वयनका लागि सरकारले २०७४ वैशाख ३१ गतेका लागि स्थानीय निर्वाचनको घोषणा गरेको छ। जुन स्वागत योग्य छ। निर्वाचनद्वारा गठित स्थानीय सरकारले नागरिकलाई थप अधिकारको अनुभूति गराउने छ।

प्राप्त उपलब्धिहरूको रक्षा र संविधानको कार्यान्वयनका थालनी गर्न आवश्यक छ। जसले सङ्क्रममणकालको अन्त्य गर्न सघाउ पुग्ने छ। सङ्क्रमणकाल जतिबेलासम्म कायम रहन्छ तबसम्म नागरिकले समुचितरूपमा राज्यद्वारा प्रदत्त अधिकारको उपभोग गर्न सक्दैनन्। विगतको भन्दा फरक शक्तिशाली अधिकार सम्पन्न स्थानीय तह हुने भएकोले नागरिकलाई अधिकार दिने अन्तिम उपाय स्थानीय तहको निर्वाचन नै हो।

## संविधान कार्यान्वयनका लागि स्थानीय तहको निर्वाचन



अधिवक्ता **पुनमसिंह चन्द**
**कञ्चपुर**

लगभग २० वर्षसम्म सम्पन्न हुन नसेकेको स्थानीय तहको निर्वाचनको मिति घोषणा हुनु एकदमै सकारात्मक तथा स्वागतयोग्य कुरा हो। निर्वाचन घोषणाले नेपाली जनतामा उत्साह जगाएको छ। जनप्रतिनिधिविहीन भई सञ्चालन हुँदै आएको स्थानीय तहमा जनताका प्रतिनिधि छनौट गरि स्थानीय तहको विकासका लागि आफना प्रतिनिधिहरू छनौट गर्न जनता आतुर रहेका छन्। नेपालको संविधान बमोजिम २०७४ साल माघ ७ गते भित्र स्थानीय, प्रादेशिक तथा केन्द्रीय तहको निर्वाचन हुन आवश्यक छ। सबै दलहरूले आ-आफ्नो दलगत स्वार्थ छाडी जनताद्वारा अनुमोदित संस्था निर्माण गर्न एक आपसमा मिलेर अगाडि बढ्न आवश्यक छ।

## स्थानीय तहको निर्वाचनले संविधानको कार्यान्वयन गर्छ



**बिन्दु रावल**
अधिकारकर्मी, अछाम

निर्वाचनले हरेक देशका नागरिकको बालिक मताधिकारलाई सुरक्षित गर्दछ। स्थानीय सरकारले जनताका आवाजहरूलाई नजिकबाट सुन्न सक्ने, समस्याहरूलाई नजिकबाट बुझ्न सक्ने हुँदा यसलाई लोकतन्त्रको आधारशीलाको रूपमा पनि लिने गरिन्छ। स्थानीय निकायको निर्वाचन हुन नसक्दा जनताले चाहेको विकास हुन सकिरहेको छैन। महिला तथा पछाडि पारिएका वर्गको नेतृत्व विकास र क्षमता अभिवृद्धिका कार्यक्रम र खर्च लक्षित वर्गसम्मै पुग्नेछ। जनताको चुन्न पाउने र चुनिन पाउने अधिकारलाई सुरक्षित गरी भागबण्डाको राजनीतिको अन्त्य हुनेछ।

स्थानीय तहको निर्वाचनले संविधानको कार्यान्वयन, विभिन्न कानुन निर्माण र कार्यान्वयन, जनमुखी विकासमा तीव्रता, राजनीतिक स्थायित्व, महिला तथा पछाडि परेका वर्गको उत्थानमा महत्वपूर्ण कोशेढुङ्गा हुनेछ। यस्तै सामान्य नागरिकले घर नजिकै राज्यका सेवा सुविधालाई अझै सरल र सहज रूपमा बिना झन्झट पाउने संयन्त्र स्थापना हुनेछ। स्थानीय तहको निर्वाचनमा महिलाहरूको सहभागिता भएमा आफूले स्थानीयस्तरमा बसेर अर्थपूर्णरूपमा सहभागी भएर काम गर्ने अवस्था सिर्जना हुनेछ।

## अधुरो संविधान कार्यान्वयनका नाममा हुने निर्वाचनको औचित्य छैन



**ठाकुरप्रसाद करियाप्रधान**
थारु युवा अगुवा, कैलाली

नेपालका जनता २ सय ४० वर्षदेखि राज्यबाट दमन, अत्याचार र विभेदमा रहेका छन्। थारु, मधेसी, आदिवासी, दलित, महिला, अल्पसङ्ख्यक भएकैले सदियौँदेखि हालसम्म राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक रूपले राज्यबाट विभेद, दासत्वबाट पीडित छन्। त्यसैले ती समुदाय आफ्नो अस्तित्व, पहिचान, स्वायत्त प्रदेशको संवैधानिक सुनिश्चितता, पहुँच, पूर्ण सामनुपातिक प्रतिनिधित्व र अधिकारका लागि एक दशकदेखि आन्दोलनरत छन्। नेपाल सरकारले फागुन ९ गते घोषणा गरेको निर्वाचनले मुलुकमा फेरि द्वन्द्व, अशान्ति र भिडन्त निम्त्याउने निश्चित छ। विगत लामो समय देखि स्थानीय तहको चुनाव नहुँदा स्थानीय तह प्रतिनिधिविहीन रहेको छ। त्यसैले स्थानीय निकायमा भ्रष्टाचार मौलाएको र उचित विकास हुन नसकेको अवस्था छ। निर्वाचनले नयाँ नेतृत्व विकास र अवसरको सृजना पनि गर्छ। तर निर्वाचनका नाममा यथास्थितिवादलाई बढवा दिने अधुरो अपूरो संविधानलाई कार्यान्वयन गर्नको लागि निर्वाचन हो भने यसको कुनै औचित्य रहँदैन।

## स्थानीय तहको निर्वाचन र दलित समुदाय



**सरस्वती नेपाली**
बैतडी

नेपालको संविधानअनुसार गाउँपालिकामा रहने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र प्रत्येक वडाका ४ जना वडा सदस्य रहन्छन्। त्यसैगरी दिनानुदिन कार्यकारी रहने गाउँकार्यपालिका समितिमा अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरू र गाउँसभाले निर्वाचित गरेका ४ जना महिला सदस्यहरू र सोही सभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यकबाट दुई जना सदस्य रहन्छन् भने नगरपालिकामा रहने नगरसभमा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाका ४ जना वडा सदस्य रहन्छन्। यी सबै पदाधिकारी र सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन्। यसैगरी, दिनानुदिन कार्यकारी रहने नगरपालिका समितिमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, नगरसभाले निर्वाचित गरेका ५ जना महिला सदस्यहरू र सोही सभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यकबाट ३ जना सदस्य रहने छन्।

यसप्रकार गाउँपालिका र नगरपालिकाको कार्यकारी समितिमा एक वा दुई जना दलित प्रतिनीधि अनिवार्य रूपमा पुग्ने व्यवस्था बाहेक स्थानीय तहका अन्य संरचनाहरूमा दलितको प्रतिनीधित्व सुनिश्चित हुने व्यवस्था रहेको छैन। दलित समुदायको पहिचान (जातीय राज्य होइन) अधिकार, विकास, एकता र स्वायत्ततालाई एकीकृत रूपमा सम्बोधन हुनुपर्छ। अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता राज्य शक्ति संरचना तथा दलित समुदायबीचको सम्बन्धले सुनिश्चित गर्दछ।

**मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार–प्रहरी–कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# बालविवाहका कारण विद्यालय जाने धोको अधुरै !

भिरालो बारी। कलिला किशोरीहरू। घाँस बोक्ने डोको बिसाएर गफिँदै। एक आपसमा सुख-दुःख साटिरहेका छन् उनीहरू। झट्ट हेर्दा ५/६ कक्षाका विद्यार्थी। विद्यालय विदाको दिन घरपरिवारलाई सघाउन लागेका जस्तै देखिने उनीहरू। कसैका पत्नी त कसैका बुहारी भइसकेका छन्। उमेर हेर्दा पत्यार लाग्दैन। तर, सिउँदो रङ्गिएको देख्दा पत्याउन करै लाग्छ। कोही भुईंमा थ्याच्चै बसिरहेका छन् भने कोही चप्पल ओछ्याएर बसेका छन्। साथीसँग खेल्दा ठूला सपना देखेर कुनै समय भविष्यको बारेमा गफ गर्ने सित्तड-५ की लक्ष्मी सार्की पारिवारिक जिम्मेवारीका बारेमा दुःखसुख साट्दैछिन्।

सार्की अहिले १७ वर्ष लागिन। तीन भाइ र दुई बहिनीमध्ये उनी जेठी हुन्। गाउँकै विद्यालयमा ८ कक्षा पढ्दै गरेकी लक्ष्मीको १४ वर्षको उमेरमा विवाह भयो। विद्यालय पढ्दापढ्दै घरपरिवारले विवाह गरेपछि उनलाई पढाइको चिन्ता लागेको छ। विवाहपछि घरव्यवहारमा व्यस्त हुनुपर्दा विद्यालय छोड्नुपर्ने बाध्यता आयो। डोल गाउँमा २१ परिवार सार्की समुदाय बस्छन्। उनको मात्रै होइन लक्ष्मीको हाराहारी उमेरका १२/१३ जना दौंतरीको विवाह भइसकेको छ। गाउँमा लक्ष्मी मात्रै होइन ६ कक्षामा पढ्दा पढ्दै १३ वर्षको उमेरमा हजारी सार्की, १५ वर्षको उमेरमा कलावती सार्कीको समेत विवाह भइसकेको छ। ज्याला मजदुरी र सामान्य कृषि पेसाबाट जीवन निर्वाह गर्दै आएका यी परिवारमा वयस्क जति प्रायः सबै निरक्षर छन्। कम उमेरमै विवाह भएपछि उनीहरूले विद्यालय छाड्ने गरेका छन्। 'सानै उमेरमा विवाह गर्ने परम्परा नै बनेको छ डोलको सार्की बस्तीमा'। स्थानीय कमला सार्कीले भनिन- 'सानैमा विवाह गर्ने चलनले विद्यालय छाड्न बाध्य हुन्छन्।' कलिलै उमेरमा विवाह गर्नेमध्ये डोल गाउँका धेरै छन्।

डोल गाँउका लक्ष्मी, कलावती र हजारीजस्ता अरूलाई पढ्न निकै रहर छ। किशोरावस्थामै पारिवारिक बोझले उनीहरूको बाल अधिकार कुण्ठित भएको अधिकारकर्मीहरूले बताएका छन्।

**खेतीयोग्य जमिनको अभाव र छालाका सामग्री बनाउने परम्परागत पेसाले खर्च धान्न नसक्दा सार्की समुदायमा विदेशिने क्रम बढ्न थालेको हो। निगालो र छाला पाउन मुस्किल भएपछि उनीहरू वैकल्पिक पेसाका रूपमा खर्च जुटाउन भारत जान थालेका हुन्। आधा घण्टाको दूरीमा उच्च मावि भए पनि डोल गाउँमा प्राथमिक तह पार गर्नेको सङ्ख्या थोरै छ। विद्यालय छोड्ने क्रम जारी रहेको छ। जिल्ला विकास समिति बैतडीको तथ्याङ्कअनुसार अहिले बैतडीमा ५९ प्रतिशत विवाह सानै उमेरमा हुने गरेका छन्। जिल्ला विकास समिति, महिला बालबालिका कार्यालय र विभिन्न सङ्घसंस्थाहरूले सचेतनामूलक कार्यक्रम गरेर बालविवाह कम गरेको दावी गर्छन् तर बालिका भने अझै बुहारी हुन बाध्य छन्।**

---

इन्सेककर्मी सहितको टोली डोलगाउँमा पुग्दा टाउको मात्रै घुमाएर क्यामेरातर्फ हेरेका उनीहरू फेरि आफ्नै गफमा व्यस्त भए। उनीहरूको गफ ठूलो सपनाको थिएन। कसैले आज बेलुकी के खाने भनिरहेका थिए भने कसैले जङ्गलमा घाँस नै छैन कसरी डोको भर्ने ? घरमा जाँदा सासुले बढी घाँस किन नल्याएको भनि सोध्दा के भन्ने ? लगायतका गफ गरिरहेका थिए।

कोही 'सानैमा विवाह गरिदिए पालन पोषणको जिम्मेवारी घट्छ भने बुहारी भित्रिएपछि घरायसी काममा सजिलो हुन्छ।' बृद्ध लालुले भने- 'आर्थिक अवस्था कमजोर भएका कारण पनि चाँडै विवाह गरेर जिम्मेवारी कम गर्न चाहन्छन्।' विवाहपछि थोरैले मात्र पढाइलाई निरन्तरता दिन्छन्। पारिवारिक जिम्मेवारी बढ्न थालेपछि कामको खोजीमा युवाहरू भारत जाने गरेको गोमती सार्कीले भनिन। विवाहपछि युवाहरू भारत पलायन हुँदै आएका छन्। महिलाले घरधन्दा सम्हाल्छन्। बाबुबाजेको पालामा डोकाडालो र छालाका सामान बनाएर गुजारा गर्दै आए पनि अहिले यो पेसाले धान्न सक्ने अवस्था नभएपछि विदेशिने बाध्यता आएको स्थानीय सुनाउँछन्। खेतीयोग्य जमीनको अभाव र छालाका सामग्री बनाउने परम्परागत पेसाले खर्च धान्न नसक्दा सार्की समुदायमा विदेशिने क्रम बढ्न थालेको हो। निगालो र छाला पाउन मुस्किल भएपछि उनीहरू वैकल्पिक पेसाका रूपमा खर्च जुटाउन भारत जान थालेका हुन्। आधा घण्टाको दूरीमा उच्च मावि भए पनि डोल गाउँमा प्राथमिक तह पार गर्नेको सङ्ख्या थोरै छ। विद्यालय छोड्ने क्रम जारी रहेको छ। जिल्ला विकास समिति बैतडीको तथ्याङ्कअनुसार अहिले बैतडीमा ५९ प्रतिशत विवाह सानै उमेरमा हुने गरेका छन्। जिल्ला विकास समिति, महिला बालबालिका कार्यालय र विभिन्न सङ्घसंस्थाहरूले सचेतनामूलक कार्यक्रम गरेर बालविवाह कम गरेको दावी गर्छन् तर बालिका भने अझै बुहारी हुन बाध्य छन्।

सामूहिक रूपमा घाँस काट्न जाँदा भन्दा एक्लै गएपनि छिटो घाँसले डोको भरिन्छ। तर, सुख-दुःखका कुरा गर्न र घरसारका दुःखसुख साट्न किशोरी बुहारीहरू दौंतरीसँगै डोको नाम्लो बोकेर घाँस काट्न जान्छन्। भिरालो जमीनको जोखिम मोलेर काटेको घाँस घरमा पुग्दा उनीहरूले कुनै न कुनै निहुँमा सासू र अन्य परिवारका सदस्यहरूबाट गाली खानुपर्छ। कहिले घाँस कम काटेको भनेर त कहिले घाँस राम्रो आएन भैंसीले खाएन भनेर मानसिक यातना भोग्छन्। बिहानको झिसमिसेमा सबै काम सकेर डोको पिठ्यूँमा हाली जङ्गल चाहार्ने यहाँका किशोरी बुहारीहरूलाई आनन्दका साथ जीवन बिताउने इच्छा पुरा हुने आशै छैन।

– **नरीदत्त बडु**, बैतडी



# कारखाना बन्दै कारागार, कैद भोग्दै सीप सिक्दै

हातमा बाँसका कप्टेरा र खुकुरी। कहिले बाँसका सुइरा खुर्किरहेका हुन्छन् त कहिले मुढा बुन्दै र साथीहरूलाई सिकाउँदै हुन्छन् उनी। जिल्ला कारागार गुल्मीमा हाडहाडे-४ का बासु खत्री जहिले पनि उत्साहित मुद्रामा काम गरिरहेको भेटिन्छन्। सजाय भोग्न कारागार आएका उनी सीपयुक्त भएर घर फर्कदैँछन्। उनी भन्छन्- 'म आउँदा कारागार खोर जस्तै थियो। अहिले उद्योग भयो।' उनी अहिले मुढा बुन्न खप्पिस छन्। परिवार भेट्न आउनेलाई उनी खाली हात फर्काउँदैनन्। बलात्कारसम्बन्धी मुद्दामा ०६५ सालमा जिल्ला कारागार आएका उनले मासिक ५ देखि ७ हजार आम्दानी गर्ने गरेको बताए। कारागारका कैदीबन्दीहरू मध्ये उनले मुढा बुनेर सबैभन्दा बढी आम्दानी गर्छन्। यसका साथसाथै उनले ढाका उद्योगमा सल पनि बुन्दै आएका छन्। उनले कैद भुक्तानसँगसँग परिवारको गुजारा पनि कारागारबाट गर्दै आएका छन्। खत्रीले कैद भुक्तान गरेपछि पनि मुढा बुन्ने उद्योग खोलेर अगामी दिनहरू बिताउने योजना सुनाए।

'घ' श्रेणीको जिल्ला कारगार गुल्मीमा ६५ जना कैदीबन्दीहरू रहेका छन्। ती मध्ये ४३ जना कैदी र १२ जना थुनुवा गरी ५५ जना पुरुष रहेका छन्। ६ जना कैदी र दुई जना थुनुवा गरी आठ जना महिला रहेका छन्। दुई जना नाबालक समेत जेलमा रहेका छन्। जीर्ण अवस्थामा रहेको यो कारागारमा रहेका ६५ जना कैदीबन्दी मध्ये धेरैले कुनै न कुनै सीपमूलक काम गरेर आय आर्जन गरिरहेका छन्। पछिल्लो समय कैदी बन्दीहरूको मेहेनत र कार्यालयको प्रशासनको व्यावस्थापनको कारण घरेलु उद्योगका सामान तथा तालिम र आर्थिक सहयोग पनि विभिन्न संस्थाहरूले गरिरहेका छन्। धेरै जनाले सहजरूपमा अनुमान गर्छन्, कारागार नराम्रो गर्नेहरू सुधार्ने वा बस्ने थलो हो। हो, यहाँको कारागारमा त्यही भएको छ। कारागारमा आएका कैदीबन्दीले केही न केही गरिरहेका छन्।

कारगार खत्रीको लागि मात्रै होइन जिल्लाकै हाडहाडे र नेटा गाविसका नारायण मरासिनी र बासु चन्दलाई पनि जीवन भोगाइसँगै जीवन सुधार्ने राम्रो माध्यम बनेको छ। 'पहिले भित्र समय बिताउन मुस्किल हुन्थ्यो।' कृषि र मुढा बुन्ने काम गर्दै आएका बासु चन्दले भने- 'अहिले दिन काट्न धेरै सजिलो भएको छ।' उनीहरूले अहिले कृषि तथा अन्य उद्योगमा काम गरेर मासिक ४ हजारभन्दा बढी आम्दानी गर्ने गरेका छन्। उनीहरूको सोचाइ छ, कैद मुक्त भएपछि उद्योग खोल्ने र जिविकोपार्जन गर्ने। त्यस्तै कारागारभित्रै बाँसको मुढा बनाउने कञ्चनपुरका उत्तम राना अहिले सबैभन्दा धेरै मुढा बुन्नेमा चिनिन्छन्। उनले मासिक ७ हजार भन्दा बढी कमाउने गरेको बताए। 'कमाइसँगै मानसिक तनाव पनि कम भएको छ' उनले भने।

कोही मुढा बुनिरहेका, केही ढाकाको सल बुन्दैमा मस्त, महिला कैदी बन्दीहरू हस्तकलाका सामग्रीहरू बनाउँदै गरेको जिल्ला कारागारको यो मनमोहक दृश्य निकै रोचक लाग्छ। कैदलाई मेहनतसँग साटेका उनीहरूलाई भेट्न आएका आफन्तलाई समय दिने फुर्सदसमेत छैन। जिल्ला कारगार गुल्मी भित्र बुनेका मुढा तथा ढाकाका सल जिल्लामै सबैभन्दा राम्रो र बलियो मानिन्छ। उत्पादित मुढा तथा ढाकाका सलहरू जिल्लाको सदरमुकाम तम्घास लगायत जिल्लामा मात्र प्रयोग नभएर बाहिरसमेत जाने गरेको जिल्ला कारगार गुल्मीका प्रमुख गोपाल पाण्डेले जानकारी दिए। कैदीबन्दीहरूले आफै लगानी गरेर उद्योग सञ्चालन गरेकाले राज्यले नै उद्योग खोलेर काममा लगाउन सके खेर गइरहेको श्रमबाट लाखौं रुपियाँ आम्दानी गर्न सक्ने पाण्डेको भनाइ छ।

***– टोपलाल अर्याल, गुल्मी***

## पुस्तक समीक्षा




प्रस्तुत पुस्तक वीरगन्जः मेरो शहरको कथामा लेखक गिरीश गिरीले वीरगन्ज शहरको विभिन्न समयमा भएका घटना तथा प्रतिघटनाका प्रसङ्गहरूलाई उठाएका छन् । वीरगन्ज शहर तेस्रो मधेस आन्दोलनका कारण अशान्त र त्योभन्दा धेरै चर्चामा रह्यो । वैदेशिक व्यापारको करिब ७० प्रतिशत आयात गरिने यो शहरको भन्सार नेपालको लाइफ लाइन रहेको कुरा पछिल्लो मधेस आन्दोलनका कारण सबैकाबीच अफ परिचित भएको छ। सो शहरलाई आधार मानी पाँच महिना भन्दा बढी समय भारत सरकारले गरेको नाकाबन्दीले देशकै अवस्था दयनीय बनाएको थियो र त्यसका असर अझै कति समयसम्म बाँकी नै रहने छन्।

पुस्तकमा वीरगन्जको नामाकरण कसरी भयो भन्नेदेखि शिक्षण, व्यापार व्यवसायका लागि त्यस शहरका मानिसले गरेका प्रयास, मधेस आन्दोलन, मधेस केन्द्रित राजनीतिक दल, ती दलले आफ्नो स्वार्थका लागि गरेका गतिविधि पाँच महिना भन्दा बढी समय कायम रहेको नाकाबन्दी, आन्दोलन नियन्त्रण गर्ने नाममा सुरक्षाकर्मीबाट भएको अत्यधिक बल प्रयोगजसता विषय प्राथमिकताका साथ उठाइएका छन्। यसैगरी, नेपाल भारत सीमाक्षेत्रमा भएका कारण वीरगन्जका बासिन्दामात्र होइन त्यो बाटो भएर भित्रिने दैनिक उपभोग्य वस्तु तथा पेट्रोलियम पदार्थ उपभोग गर्ने देशका जनता र दिनभर मजदुर गरेर आफ्नो परिवार पाल्दै आएकाहरूले भोग्नु परेको दुःख पीडाले निम्त्याएको भोक र आर्थिक सङ्कटलाई बडो मार्मिक ढङ्गबाट पुस्तकमा विश्लेषण गरिएको छ।

२९ भागमा विभाजित पुस्तकमा मधेस आन्दोलन सुरुदेखि अन्त्यसम्मको विषयवस्तुलाई मिहीन रूपमा प्रस्तुत गरिएको छ। जसको अध्ययनले मधेस आन्दोलनका साथै नेपालको राजनीतिक, आर्थिक, शैक्षिकलगायतका विकासक्रममा वीरगन्जको योगदानका बारेमा जानकारी पाउन सकिन्छ।

पुस्तकमा मधेस आन्दोलनको साथसाथै त्यस ठाउँमा हुने गरेका विभिन्न विकृति र ठगी बढ्नुमा संरक्षण गर्ने निकायका व्यक्ति नै संलग्न हुनु जस्ता विषय जानकारीमूलक छन्।

पुस्तकमा गिरीशका परिवारको कथा पनि छ जसमा उनको परिवारले वीरगन्जको महत्वपूर्ण घटनाक्रमसँग साक्षात्कार गरेको छ । मेयरसम्म भएका उनका पिता लोकप्रिय नेता मात्र नभएर स्थापित पत्रकार पनि थिए । उनको हत्या माओवादी कार्यकर्ताले गरेको विषयलाई पुस्तकमा मार्मिक ढङ्गले उठाइएको छ। सशस्त्र द्वन्द्वका क्रममा कसरी बिनाकारण मानिसहरू मारिन्थे भन्ने गतिलो उदाहरण उनको हत्या भएको घटना अध्ययन गर्दा थाहा हुन्छ।

ठूलो सङ्ख्यामा मानिसहरू बसाइँ सरेर आएपछि मात्र शहर वा बस्तीको विकास वा विस्तार हुन्छ। त्यहाँ विद्यालय खुल्छन्, क्याम्पस खुल्छन्, अस्पताल सञ्चालित हुन्छन् कारखानादेखि चलचित्र हलसम्म बन्छन् । मानिसको जीवनीसँग गाँसिएका अनेक उपक्रमहरू त्यो शहरसँग जोडिन्छन् । वीरगन्जसँग जोडिएका यस्तै विभिन्न विषयले पुस्तकमा स-सम्मान स्थान पाएका छन्।

वीरगन्जमा अवस्थित भारतीय महावाणिज्य दूतावासले गरेका क्रियालापदेखि आन्दोलनका क्रममा ७४ वटा सीसी क्यामेरा फोड्ने आन्दोलनकारीको कुकृत्यसम्मको वर्णन पुस्तकमा मिहीन ढङ्गले गरिएको छ। धार्मिक कारणले नेपाली टोपी लगाउन इन्कार गर्दा नागरिकताबाट बञ्चित शिख समुदायदेखि नेपाली नागरिकताका लागि मरिहत्ते गर्ने विपन्न वर्गका भारतीय आप्रवासीहरू र सजिलै नेपाली नागरिकता हात पार्न सक्षम मारवाडी समुदायका कथा तराईका प्रत्येक जिल्ला र नेपालको अङ्गीकृत नागरिकताको अन्तरवस्तु हो । यस्ता विषयलाई बडो मिहिनेतपूर्वक उठान गरिएको छ । यो पुस्तकको शुभारम्भ आन्दोलनबाट गरिएको छ र अन्त्य नाटकीय ढङ्गबाट भएको नाकाबन्दीको अन्त्यसँगै समापन गरिएको छ। पुस्तकमा नाकाबन्दैको चर्चा गर्दै भनिएको छ वीरगन्जकै अग्रसरतामा झण्डै ६ महिना चलेको मधेस आन्दोलनको पटाक्षेप माघ २२ गते नाटकीय ढङ्गबाट भयो । थुप्रै आन्दोलनकारीको मृत्यु र नाकाबन्दीले सारा मुलुक तहसनहस पारेको त्यो आन्दोलनको अन्तिम र सबैभन्दा प्रभावशाली त्यान्द्रो अर्थात् नेपाल-भारत सिमानामा चल्दै आएको धर्ना यसरी तोडियो, मानौँ त्यहाँ यत्रो दिनसम्म केटाकेटीको खेल मञ्चन भइरहेको थियो । पछिल्लो समयसम्म आइपुग्दा वीरगन्जको बेहाल देख्दै आएकाहरूले यो धर्नाले अब धेरै समय थेग्न सक्दैन भन्ने त बुझेकै थिए । तर, यसको अन्त्य यस किसिमबाट हुन्छ भन्ने कसैको अन्दाज थिएन।

प्रधानमन्त्री, उपप्रधानमन्त्रीले काठमाडौँबाट भन्दै आएको र कसैले नपत्याएको भनाइजस्तै गरेर यो आन्दोलन तुहियो। उनीहरूले भनेका थिए, यो जसरी नाटकीय ढङ्गबाट सुरु भएको थियो, त्यसैगरी अन्त्य हुनेछ।' यो नाटकका पात्र को को थिए र के के भयो भनेर थाहा पाउन समयलाई पर्खनबाहेक कुनै उपाय छैन।'

**पुस्तकः** वीरगन्ज मेरो शहरको कथा
**लेखकः** गिरीश गिरी
**प्रकाशकः** नेपालय
**पृष्ठ** : ३००
**मूल्यः** ४२५ रुपियाँ

**प्रस्तुति : गीता माली**

लघु कथा

# भिखारी



श्याम कार्की

उमेरले युवक नै भए पनि सबैले उसलाई मानसिक अपाङ्गता भएको भिखारी भन्छन्। वास्तवमा न मानसिक अपाङ्गता भएको मानिस हो न त भिखारी नै। के कुरा चाहिँ पक्का हो भने, उसका क्रियाकलापहरू चाहिँ अनौठा हुन्छन्। जस्तो कि, ऊ माग्दैन, दियो भने त्यति नै लिन्छ जति उसलाई आवश्यक छ। जसले सोधे पनि उसको जबाफ एउटै हुन्छ। म मानव धर्ममा जन्मेको हुँ। उसको जबाफ सुनेर हिन्दुहरूले खिल्ली उडाए भने ऊ भन्छ। मोहम्मद कसम तिमीहरूले गल्ती गर्दैछौ। मुसलमानहरूले धम्क्याए भने अब उसको जबाफ हिन्दुतर्फ फर्किन्छ। राम कसम तिमीहरूले गल्ती गर्दैछौ। एउटै प्रश्नमा उसको तीनवटा जबाफ उनीहरूलाई अमुर्त लाग्छ। एकदिन हुल्याहा हिन्दुहरूमध्ये एउटाले उसको हात नराम्रोसँग बटारिदियो। यो उसको मुर्त जबाफ माग्ने ढङ्ग थियो। ऊ झन् के कम। मोहम्मद कसम। भाँच्ने हो भने यो हात भाँचिन्छ। उसले हाँस्दै अमुर्ततामा अर्को पहेली जोडी दियो। त्यही रातदेखि यो चौतारो छोडेर उसले सहरको एउटा पार्कलाई आफ्नो वासस्थान बनाउँदै आएको थियो। यो बसाइँ सराइको अर्को दिन रक्सीले धुत्त भएर आएका अर्का मुसलमान हुल्याहाहरूले तँ हिन्दु होस् भन्दै उसको टाउको फुटाइदिए। रगत तपतप भूइँमा झर्‍यो। उसले भूइँतिर हेरेर लम्किँदै भन्यो। राम कसम रगत सबैको रातो हुन्छ। पर पुगेर ऊ एउटा चौरमा बस्यो। रगत अझै बगिरहेकै थियो र हावामा हात हल्लाउँदै ऊ के के भन्दै थियो। बाटोमा हिँडिरहेको एकजना मान्छेलाई देखेर ऊ फिस्स हाँस्यो। डरलाग्दो र एउटा अनौठो हुलिया। के भएर तिम्रो टाउको फुट्यो ? किन नधोएको ? जिज्ञासावस पथिकले नजिकै गएर सोध्यो। यो धर्मभिरुहरूको ममाथिको कृपा हो उसले अगाडि भन्यो। तपाईं पढेलेखेजस्तो देखिनुहुन्छ, के पढ्नुहुन्छ ? म सुन्दर र शिष्ट शब्दहरू तथा कुरूप र भद्दा शब्दहरूको अणुरचनाबारे अनुसन्धान गरिरहेको एक प्रोफेसर हूँ। प्रोफेसरले यसो भनिरहँदा भिखारीको ध्यान अन्तै गएजस्तो थियो र उसैगरी उसका हातहरू हल्लिरहेको थियो। के सोचिरहेको ? यी हातहरू किन हल्लाएको ? प्रोफेसर। मैले तपाईंको जबाफ र प्रश्न सुनुँ, के तपाईं शब्दहरूको रचना र कार्यप्रक्रियाभन्दा अझै गहिराइमा जान चाहनुहुन्छ ? भिखारीको यस्तो अप्रत्याशित प्रश्नले स्तब्ध भएको प्रोफेसरलाई ठूलठूला आँखाले हेर्दै उसले अगाडि थप्यो। म एउटा यस्तो कार्य गर्दैछु कि संसारको ठूला धर्महरूको मन्दिरहरू भएको एउटा विशाल महातीर्थ र महामन्दिर हुनेछ र ती सबैको एउटै छानो हुनेछ। असम्भव। तिमी आफै भिखारी छौ, कसरी त्यस्तो मन्दिर बनाउछौं। के तपाईंले देख्नुभएन, यो विचारको आकाशबाट अवतरण भइसकेको छ ? अब म यसलाई संसारको कुनै धनी मानिसको मस्तिष्कमा पठाउँछु र उसले यस्तै महामन्दिर बनाउने छ। यो त काम लाग्ने मानिस होइन रहेछ। प्रोफेसर झन्किँदै हिँड्यो। प्रोफेसर महोदय। मेरा लागि ती हुल्याहा केटाहरू र तिमी बराबर भयौ। आँखाभरि आँसु पार्दै उसले आकाशतिर हेरेर शान्त स्वरमा भन्यो, यिनीहरू के ठान्छन् भने, मेरो स्वतन्त्रता र अधिकार यिनीहरूको मुट्ठीमा छ ?


**मानव अधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

**मानवअधिकार शिक्षा कार्यक्रम**

रेडियो नेपालको मिडियम वेभ प्रशारण र रेडियो नेपालका आफ्नै एफएम स्टेशनहरू ९८, १०० र १०३ मेगाहर्ज (२१ ओटा) बाट आइतबार बिहान ८:१५ बजे प्रशारण हुन्छ ।

त्यसैगरी यो कार्यक्रम कार्यक्रम प्रशारणकै समयमा रेडियो नेपालको वेभसाइट www.radionepal.gov.np बाट र आफूले चाहेका बेला www.insec.org.np, www.inseconline.org, www.nepalmediaonline.com लग अन गरी सुन्न र डाउनलोड गर्न सक्नुहुन्छ।

# राष्ट्र निर्वाचनतर्फ अगाडि बढिसकेको छ, पछाडि फर्कने कुरै छैन



**डा. अयोधीप्रसाद यादव प्रमुख निर्वाचन आयुक्त हुनुहुन्छ। सरकारले २०७४ वैशाख ३१ गतेका लागि स्थानीय तहको निर्वाचन घोषणा गरेसँगै निर्वाचन आयोग समयमै निर्वाचन सम्पन्न गर्नेतर्फ क्रियाशील भएको छ। निर्वाचन आयोगको तयारी तथा चुनौतीका बारेमा रमेशप्रसाद तिमिल्सिनाले श्री यादवसँग गर्नुभएको कुराकानी।**

**घोषित मितिमा निर्वाचन सम्पन्न गर्न आयोगले कस्तो तयारी गर्दैछ ?**

गत वर्षदेखि नै स्थानीय तहको निर्वाचनको तयारीमा हामी व्यापक रूपमा जुटेका छौँ। तत्कालै गर्नुपर्ने कामहरू र दीर्घकालीन रूपमा गर्नुपर्ने काम हुन्छ। हामीले निर्वाचन पूर्व गर्नुपर्ने काम पूरा गरेका छौँ। निर्वाचनको दिन आवश्यक पर्ने सामग्रीको व्यवस्थापनमा हामी लागि परेका छौँ। निर्वाचनको दिन चाहिने मतपत्रको व्यवस्थापन, मतदाता सूची प्रिन्ट गरेर मतदान अधिकृतसम्म पुऱ्याउने, जनशक्तिको खटनपटन, मतदाता परिचयपत्र जस्ता आधारभुत काम जुन छ, मतदानसँग जोडिएको विषय हो। अहिले हामी यिनै काममा केन्द्रित छौँ। अरू कामहरू हामीले निर्वाचनको मिति घोषणा नहुँदैदेखि गरिरहेका छौँ। समग्रमा निर्वाचन गराउने काममा निर्वाचन आयोग पूरै तयारीमा छ। हामी बाँकी रहेका सबै काम समयमा नै सक्ने गरी आफ्नो तयारीमा जुटेका छौँ।

**निर्वाचन गराउने विषय राजनीतिक इच्छाशक्तिले प्रभाव पार्छ कि कानुनको अभावले ?**

हैन, कसैको इच्छाशक्तिले काम गर्दैन। निर्वाचनको इच्छाशक्तिले काम गर्छ। यसका लागि केही न केही सरकारले व्यवस्था गर्ने जनशक्तिमा चाहिँ भर पर्छ। निर्वाचनका लागि जनशक्ति कति चाहिन्छ त्यसको हामी अनुमान गर्छौँ। निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा कति कर्मचारी आवश्यक पर्छ ? जिल्ला जिल्लामा हाम्रा जिल्ला कार्यालय छन्। ७५ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृत जिल्ला न्यायाधीशको नियुक्ति भएपछि त्यहाँ पनि कर्मचारी चाहिन्छ। गाउँपालिका, नगरपालिकामा पनि निर्वाचन अधिकृत आवश्यक पर्छ। त्यहाँ पनि कर्मचारी चाहिन्छ। यी सबै जनशक्तिको लागि हामीले अनुमान गरिराखेका छौँ। यसको अन्तिम सूची बनाइराखेका छौँ। यसमा कुनै राजनीतिक दल वा निर्वाचन कानुन भन्दा पनि निर्वाचनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, कानुनले दिएको अधिकार प्रयोग गरेर निर्वाचन आयोगले काम गरिराखेको छ।

**अहिले नयाँ खालको संरचना बनेको छ। पुरानै संरचनाको तयारी प्रभावकारी हुन्छ र ?**

हाम्रो भूगोलमा परिवर्तन भएको छैन। सानो भूगोललाई ठूलो बनाइएको मात्रै हो। गाउँपालिकामा गाउँ विकास समितिहरू मिसाएर ठूलो बनाइएको छ। नगरपालिका पनि विस्तार गरिएको हो। मतदाताको सङ्ख्यामा परिवर्तन भएको छैन। यी आधारमा हामीले गर्नुपर्ने केही महत्वपूर्ण काम छन्। पहिलो, मतदानस्थलको पुनरावलोकन गर्नुपर्छ। कूल मतदानस्थलको सङ्ख्या केही बढ्ने अवस्था छ। घट्ने सम्भावना छैन। २०७० सालमा संविधान सभाको निर्वाचन गरेकाले निकटकै पूर्वाभ्यास पनि छ। अर्को चाहिँ गाउँपालिका र नगरपालिकाको वडाका आधारमा मतदाताहरूको सूची तयार गर्नु आवश्यक छ। साथै कर्मचारीको व्यवस्थापन अझै महत्वपूर्ण काम हो भन्ने ठान्दछु। यो काम नेपाल सरकारले बेलैमा

पूरा गरिदिनु पर्छ। हामीले यी विषयमा नेपाल सरकारलाई अनुरोध गरेका छौँ। अहिले हामी सकारात्मक जबाफको प्रतिक्षामा छौँ।

**आयोग त तीब्र तयारीमा छ। तर, सरकारले सहयोग गरिरहेको जस्तो देखिँदैन नि !**

आयोगको तयारीलाई सकारात्मक रूपमा लिनुभएकोमा तपाईमार्फत सबैलाई धन्यवाद दिँदै आभार व्यक्त गर्दछु। नेपाल सरकारमा केही अलमल देखिएको अवश्य हो। आधारभूत विषयमा नेपाल सरकार अप्ठेरोमा पनि छ। तर, सरकारले समयमा नै हामीलाई रकम उपलब्ध गराएको छ। राजनीतिक दल दर्तासम्बन्धी विधेयकबाहेक अन्य कानुन ढिलै भएपनि आइसकेको छ। वास्तवमा सरकार निर्वाचनप्रति पूर्ण प्रतिवद्ध भएर सहयोगमा जुटेको छ। राजनीतिक जटिलताले गर्दा केही खासखास निर्णय गरेर सरकारले निर्वाचन आयोगलाई औपचारिक जानकारी दिएको छैन। यसले गर्दा सरकार अलमलमा परेको आभास हुन्छ।

**आचारसंहिता लागु भयो भन्नुहुन्छ। सरकारी काम (सरुवा बढुवालगायत) फटाफट भइरहेका छन्।**

पहिल्यै निर्णय भएर अहिले त्यस्ता काम भएका हुन् भने अन्यथा मान्न हुँदैन। हामीलाई त चाहियो सुरक्षा। सुरक्षाको प्रत्याभूति दिलाउने गृहमन्त्रालयको जिम्मेवारी हुन्छ। गृहमन्त्रालयले केही खास ठाउँमा पदपूर्ति गर्न सक्छ। तर, त्यसका लागि आयोगसँग सहमति लिनु आवश्यक छ। सामान्य फेरबदलका कुरा स्वभाविक हो। पहिलाको निर्णयबाट सरूवाबढुवा हुन सक्छ। आचारसंहिता लागु भएपछि भने त्यसो गर्नु हुँदैन।

**एकातिर देश निर्वाचनमा होमिएको भान हुन्छ। अर्कातिर कुनै हालतमा निर्वाचन हुन नदिने मधेसी मोर्चाको अडान छ। निर्वाचनका चुनौती केके छन् ?**

दलीय असहमति नै प्रमुख चुनौती हो। अहिलेको स्थानीय तहको कानुनमा दलीय व्यवस्था गरिएको छ। दलीय व्यवस्था गरेको हुनाले निर्वाचनमा सबै दलले भाग लिनुपर्छ। तर, गठन भएका वा दर्ता भएका जति सबै दल चुनावमै जानुपर्छ भन्ने जरूरी पनि छैन। सहमति, सहयोग र सद्भाव भने आवश्यक हुन्छ। मधेसकेन्द्रित दलको असहमति देखिँदै सुनिँदै आएको छ। हामीले सरकारलाई सहमतिको वातावरण बनाउनुहोस् भनेर बारम्बार भन्दै आएका छौँ। पहिला तपाईंहरू मुद्दामा सहमत हुनुहोस् अनि गरिएको चुनाव फलदायी हुन्छ भनेका छौँ। मधेसका मतदाता निर्वाचनमा सहभागी हुन आतुर छन्। मधेसी मतदाता वा दलहरूले निर्वाचन नचाहेको भन्ने पनि होइन। उनीहरू पनि प्रचारप्रसार र राजनीतिक अभियानमा केन्द्रित भएका छन्। त्यसकारण राजनीतिक मुद्दा जुन छ त्यसलाई समाधान गर्नुपर्छ। बालिग मताधिकार प्रयोग गर्न पाउने नैसर्गिक अधिकार मधेसवादी दल, नेपाल सरकार र राजनीतिक दलले दिनुपर्छ। सकारात्मक वातावरण बन्ने हामीले अपेक्षा राखेका छौँ। राष्ट्र अब निर्वाचनतर्फ अघि बढिसकेको छ। हामीले धेरै साधनस्रोत लगानी गरिसकेका छौँ। यस्तो अवस्थामा पछाडि फर्कने कुरै छैन।

**निर्वाचन आयोगमा दर्ता नभएको दलले भाग लिन्न भन्नु तर्कसङ्गत हुन्छ ?**

दुनियामा जहाँ प्रजातन्त्र छ त्यहाँ निर्वाचनमा दलले भाग लिन्छन्। दलले भाग लिनका लागि संवैधानिक र कानूनी प्रक्रिया पूरा गर्नैपर्छ। हाम्रो देशको संविधानमा पनि सो व्यवस्था छ। धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता र सञ्चालनसम्बन्धी व्यवस्था छ। दल दर्ता गर्ने र निर्वाचनमा भाग लिने अलगअलग पक्ष हुन्। राजनीतिक पार्टी खुल्दैमा सबै निर्वाचनमा भाग लिन्छ नै भन्ने छैन। धारा २७१ मा राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्ने भन्ने व्यवस्था छ। यसले के प्रष्ट पार्छ भने दलले मान्यता पाउनका लागि भने निर्वाचन आयोगमा अनिवार्य रूपमा दर्ता गर्नुपर्छ। जुन दल आयोगमा दर्ता हुन आउँछ त्यसका लागि धारा २६९ अनुसारको दल हुनु आवश्यक छ। धारा २७१ अनुसार दल दर्ता गर्ने समय पनि सकिइसकेको छ। जति दल दर्ता भएका छन् तिनीहरूलाई समेटेर निर्वाचन गर्न मतपत्र र अन्य व्यवस्थापनका काममा जुटिरहेका छौँ।

**गत निर्वाचनमा पर्यवेक्षण गर्ने संस्थाको भूमिकामा नै प्रश्न चिन्ह आएको थियो। त्यसलाई व्यवस्थित बनाउन के गर्दै हुनुहुन्छ ?**

पर्यवेक्षण गर्ने संस्था र त्यसमा आबद्ध संस्थाले इमान्दारिता देखाएन भने के नै गर्न सकिन्छ र ! हामीलाई थाहा भएपछि त त्यो संस्थालाई पर्यवेक्षण गर्न रोक लगाएका छौँ। कालोसूचीमा राखेका छौँ। उहाँहरूको कार्ड खोसेका छौँ। पर्यवेक्षणसम्बन्धी अन्तरराष्ट्रिय मान्यता नै पर्यवेक्षण गर्ने संस्था र व्यक्ति ज्यादै इमान्दार हुनुपर्छ भन्ने हो। तटस्थ हुनुपर्छ भन्ने हो। कुनै दलको झण्डा बोकेर पर्यवेक्षणमा गयो भने त त्यो कारबाहीको भागीदार हुन्छ नि ! विगतमा हामीले संस्थालाई पनि र व्यक्तिलाई पनि कारबाही गरेका छौँ। पर्यवेक्षण गर्ने संस्थाहरू दलीय भावनाबाट मुक्त हुनैपर्छ। स्वतन्त्र र निस्पक्ष पर्यवेक्षण नगर्ने हो भने पर्यवेक्षण गर्ने अधिकार कसैलाई पनि हुँदैन। अहिले स्थानीय तहको निर्वाचनमा चाहिँ हामीले अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि आमन्त्रण गर्ने कुनै योजना बनाएका छैनौँ। हामीले देश भित्रै क्रियाशील संस्थालाई मात्रै पर्यवेक्षणको अनुमति दिने योजना बनाएका छौँ। तर, परिस्थितिले हामीलाई कता लैजान्छ त्यो भने भोलि नै थाहा हुन्छ। सकेसम्म स्वदेशी पर्यवेक्षकलाई मात्रै पर्यवेक्षणको अनुमति दिन्छौँ।

**आमनागरिकले आगामी वैशाख ३१ गते नै स्थानीय तहको निर्वाचन हुन्छ भनेर पत्याउने आधार केके छन् ?**

सबैभन्दा ठूलो आधार भनेकै हाम्रो तयारी हो। हामी विश्वास दिलाउन चाहन्छौँ कि हामी निश्चित कार्ययोजनाका साथ अघि बढिरहेका छौँ। केही दलहरूबाहेक धेरै राजनीतिक दलहरू पनि निर्वाचनका लागि केन्द्रित भएर अभियानमा जुटेका छन्। सरकार पनि लागीपरेको छ। अर्को कुरा भनेको लामो समयपछि नयाँनौलो ढाँचामा गाउँमै सरकार गठन हुँदैछ भने आमनागरिकले सङ्गठित दबाव पनि दिनुपर्छ। आम मतदाताको दबावलाई लत्याउन सक्ने तागत कसैको हुँदैन।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal